सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

१६ पुस २०८२, बुधबार (31 Dec 2025, Wednesday) ■ नेपाल संवत् ११४६ ■ वर्ष १९ ■ अंक २५१ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

निजामती किताबखानाले थाल्यो 'फेसलेस' सेवा



पेन्सनपट्टालगायतका लागि व्यक्ति स्वयं विभाग आइरहनुपर्ने

विस्तृत पृष्ठ ३

युवाको बलिदान र सत्ता पुनर्संरचनाको अवसर



अग्रलेख

● विवेक शर्मा

अब पनि ७६ सहिदको सपना अनुत्तरित रह्यो भने भोलिका दिनमा उठ्ने आन्दोलन नाराबाट होइन, निष्कर्षबाट सुरु हुनेछ

पृष्ठ ४

जियाको निधन : बंगलादेशको राजनीतिमा एक युगको अवसान



खालिदा जियाका लागि लोकतन्त्र केवल एक राजनीतिक नारा मात्र नभएर व्यक्तिगत विश्वास र नैतिकता थियो भन्ने व्यवहारले पुष्टि गर्छ

विस्तृत पृष्ठ ५

अमेरिकाले नेपाललाई दिएको व्यापार सुविधाको म्याद आज सकिँदै



विशेष व्यापार ग्राह्यता सुविधाबाट नेपालले अपेक्षित लाभ लिन सकेन, अमेरिकाले आश्वासन दियो, तर कार्यक्रम नवीकरण गरेन

विस्तृत पृष्ठ ६

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

■ समानुपातिकमा ६४ दलका ३,४२४ उम्मेदवार

वर्तमान र पूर्वराष्ट्रपतिका छोराछोरी, नेताका श्रीमतीदेखि युवा उद्यमीसम्म बन्दसूचीमा

नेकपामा सबै नयाँ अनुहार, यसअघि सांसद भइसकेकालाई रास्वपाले दोहोऱ्याएन, कांग्रेस र एमालेमा पनि अधिकांश नयाँ अनुहार

कमलराज भट्ट, शुरोजंग पाण्डे, प्रेम गौतम

२१ फागुनमा हुने प्रतिनिधिसभा निर्वाचनको समानुपातिकतर्फका ११० सिटका लागि ६४ दलले उम्मेदवारको बन्दसूची निर्वाचन आयोगमा बुझाएका छन् । १३ र १४ पुसमा बन्दसूची पेस गर्ने निर्वाचन कार्यतालिका थियो । समानुपातिक निर्वाचनमा भाग लिन आयोगमा दर्ता भएका दलहरूको संख्या भने सय छ ।

आयोगका प्रवक्ता नारायण भट्टराईका अनुसार ६४ दलले ५८ चुनाव चिह्नमा समानुपातिक निर्वाचन प्रणालीतर्फको उम्मेदवारको बन्दसूची पेस गरेका छन् । उनका अनुसार ६४ मध्ये ५४ दलले आ-आफ्नो निर्वाचन चिह्न र १० दलले चारवटा एकल चिह्नमा भाग लिने गरी बन्दसूची पेस गरेका छन् ।

निर्वाचन आयोगले १३ र १४ पुसमा उम्मेदवारको बन्दसूची बुझाउन दलहरूलाई आह्वान गरेको थियो । समानुपातिक निर्वाचनमा भाग लिन दर्ता भएका सय दलहरूले मंगलबार बिहानैसम्म बुझाएको बन्दसूचीलाई आयोगले दर्ता गरेको छ । कांग्रेसको बन्दसूची बिहान ११:५० मा दर्ता भएको थियो ।

प्रमुख तीन दल कांग्रेस, एमाले र नेकपाले आगामी निर्वाचनका लागि समानुपातिकतर्फ सकेसम्म धेरै नयाँ अनुहार उम्मेदवार बनाएका छन् । नयाँ वैकल्पिक शक्तिका रूपमा अगाडि बढिरहेको रास्वपामा भने उम्मेदवार छनोटमा भौगोलिक असन्तुलन देखिएको छ ।

नेकपाले ११० जनाकै सूचीमा सांसदसमेत नभएका सबै नयाँ अनुहार राखेको छ । कांग्रेसले केही नामबाहेक ०६४ पछि सांसद नबनेकालाई प्राथमिकता

» पृष्ठ २ मा क्रमशः

कांग्रेसको बन्दसूची

राष्ट्रपतिकी छोरी र पूर्वराष्ट्रपतिका छोरा, विमलेन्द्रकी भान्जी, बलबहादुरकी श्रीमती र बहिनी पनि अटाए



संज्ञा पोखरेल पौडेल | डा. चन्द्रमोहन यादव | निनु कर्ण | रिना उप्रेती | गोमा केसी

बन्दसूचीमा राष्ट्रपति रामचन्द्र पौडेलकी छोरी संज्ञा पौडेल पोखरेल र पूर्वराष्ट्रपति रामवरण यादवका छोरा डा. चन्द्रमोहन यादवलाई पनि अटाएका छन् । त्यस्तै, नेता विमलेन्द्र निधिकी भान्जी निनु कर्ण तथा बलबहादुर केसीकै पत्नी रिना उप्रेती र बहिनी गोमा केसीलाई पनि बन्दसूचीमा समावेश गरेको छ । गोमा ओखलढुंगा कांग्रेसकी पूर्वसभापति हुन् । त्यस्तै, यादव पूर्वसांसद हुन् ।

बन्दसूचीमा एक पदाधिकारी, पार्टी निर्णयविपरीत तीन नेता सिफारिस

कांग्रेसले विगतमा अवसर नपाएकालाई मात्र समानुपातिकमा उम्मेदवार बनाउने निर्णय गरेको थियो । तर, त्यसविपरीत



केसी | प्रधान | गौचन

पूर्वसांसदहरू अर्जुननरसिंह केसी, भीमसेनदास प्रधान र रोमी गौचन थकाली बन्दसूचीमा अटाएका छन् ।

सहमहामन्त्री भीष्म आङ्देम्बे समानुपातिक उम्मेदवार बनेका कांग्रेसका एक मात्र पदाधिकारी हुन् । उनी गत निर्वाचनमा पाँचथरबाट भिनो मतान्तरले पराजित भएका थिए । त्यस्तै, ११ केन्द्रीय सदस्य पनि बन्दसूचीमा अटाएका छन् ।

■ जेन-जी सहिदका बुबा पनि समेटिए

दुई पदाधिकारी सूचीमा, ईश्वर अटाएनन्, उनको खेमा पनि परेन प्राथमिकतामा

एमालेले १० पूर्वसांसदलाई समानुपातिक सूचीमा राखेको छ । जसमा उपाध्यक्ष रामबहादुर थापा बादल र सचिव पद्मा अर्याल पनि छन् । महाधिवेशनमा केपी ओलीसँग अध्यक्ष प्रतिस्पर्धा गरेका ईश्वर पोखरेललाई बन्दसूचीमा राख्न उनको खेमाले प्रस्ताव गरे पनि नाम राखिएन । उनको खेमालाई पनि प्राथमिकता नदिइएको स्रोतको भनाइ छ । अर्कोतिर काशीनाथ अधिकारी, श्याम बस्नेत, पदम जोशी, लालबहादुर ओली र सरस्वती चौधरीले नाम नराख्न आग्रह गरेपछि अन्तिम समयमा सूचीबाट हटाइएको छ ।



ईश्वर पोखरेल

एमालेको बन्दसूची

विवाद हुने आशंकामा एमालेले गरेन सूची सार्वजनिक

कांग्रेस, नेकपा, रास्वपासहितका दलले आफ्नो बन्दसूची सार्वजनिक गरे पनि एमालेले भने गोप्य राखेको छ । निर्वाचन आयोगमा बुझाइएको सूचीमा नाम, थर वा क्लस्टरभित्र कतै त्रुटि फेला परेमा सच्याउने समय बाँकी नै रहेकाले सार्वजनिक नगरिएको एमालेको भनाइ छ । निर्वाचन आयोगमा पार्टीका तर्फबाट समन्वय गरिरहेका केन्द्रीय सदस्य नीरज आचार्यले भने बन्दसूचीमा प्राविधिक त्रुटि भेटिए सच्चाएर मात्रै दुई दिनपछि सार्वजनिक गरिने बताए । तर, अहिले नै सूची सार्वजनिक गर्दा पार्टीभित्र असन्तुष्टि र विवाद देखिन सक्ने आशंकाले बाहिर नल्याइएको स्रोतको दाबी छ ।

■ दलितभित्र पनि विपन्नलाई प्राथमिकता

■ तीनपुस्ते संयोजन, ४० मुनि उमेरका जेन-जीसहित २० युवा

रास्वपामा पुराना दोहोरिएनन्

कलाकार, युवा उद्यमीदेखि पूर्वक्रिकेट कप्तानसम्म बन्दसूचीमा



प्रकाश सपुत | अनुष्का श्रेष्ठ | विदुषी राणा | सचिन ढकाल | ज्ञानेन्द्र मल्ल

रास्वपाले युवा व्यवसायी, कलाकार, मिस नेपालदेखि खेलाडीसम्मलाई बन्दसूचीमा राखेको छ । युवा उद्यमी सचिन ढकाल, गोल्डस्टारकी सञ्चालिका विदुषी राणा, पूर्वक्रिकेट कप्तान ज्ञानेन्द्र मल्ल, पूर्वमिसनेपाल अनुष्का श्रेष्ठसम्म समेटिएका छन् । त्यस्तै, चर्चित गायक तथा अभिनेता प्रकाश सपुत, गायिका त्रिशला गुरुङ, सत्यकला राई, कलाकार तथा प्रस्तोता रिमा विश्वकर्मा, निर्देशक आसिफ शाहलगायत पनि बन्दसूचीमा छन् ।

बन्दसूचीको क्रमसंख्या नमिलाएको भन्दै पार्टीभित्र असन्तुष्टि

उम्मेदवार छान्न गरिएको आन्तरिक निर्वाचनमा लोकप्रिय मत ल्याउने केही उम्मेदवार बन्दसूचीमा पछाडि पारिएको र केहीको नाम नै नअटाएको भन्दै पार्टीभित्र असन्तुष्टि पनि देखिएको छ । खस-आर्य पुरुषतर्फ सबैभन्दा धेरै मत पाएका रमेश प्रसाईं बन्दसूचीमा पाँचौं नम्बरमा र महिलातर्फ धेरै मत ल्याउने रञ्जु दर्शना दसौं नम्बरमा छिन् । आन्तरिक मतदानमा चुनिएका केही व्यक्ति मतदानमा छुटेका छन् । त्यस्तै, कुलमान घिसिङले नाता पर्नेलाई पनि बन्दसूचीमा अटाएको भन्दै असन्तुष्टि देखिएको छ । रास्वपाले भने बन्दसूचीको क्रमसंख्या सच्याउने समय बाँकी रहेकाले अन्तिम सूचीमा मिलाइने जनाएको छ । त्यस्तै, पार्टी एकताका कारण केही उम्मेदवारको नाम बन्दसूचीमा नआएको बताएको छ ।

सहिद परिवार, जेन-जी अगुवादेखि अधिकारकर्मीसम्म अटाए बन्दसूचीमा

■ घोडा वर्गको स्वागत



तस्बिर : **अमुल थापा**/नयाँ पत्रिका

काठमाडौंको टुँडिखेलमा तमू अर्थात् गुरुङ समुदायको नयाँ वर्ष 'तमू ल्होसार'को उमंग । गुरुङ समुदायको धार्मिक र सांस्कृतिक मान्यताअनुसार मंगलबार उनीहरूले 'सप्रि ल्हो' (सर्प वर्ग)लाई बिदाइ गरेर 'त ल्हो' (घोडा वर्ग)लाई स्वागत गरेका छन् । 'तमू' भनेको गुरुङ र 'ल्होसार' भनेको नयाँ वर्ष हो । गुरुङ समुदायले तमु ल्होसार महोत्सवकै रूपमा मनायो । जहाँ कला, संस्कृति र वेशभूषादेखि गुरुङ समुदायको जीवनशैलीसमेत प्रदर्शन गरिएको थियो । गुरुङ महिलाहरू शिरबन्दी, मखमली चोली, घलेक, पटुकी, छिटको गुन्यु र मजेत्रो लगाएर सजिएका थिए भने पुरुषहरू टोपी, भोटो, भाङ्ग्रो र कछाडमा सजिएका थिए ।

लैंगिक अल्पसंख्यकको सवालमा सर्वोच्चका फरक-फरक व्याख्या

अब पूर्ण इजलासबाट टुंग्याउन आदेश, त्यतिन्जेलसम्म यससम्बन्धी मुद्दा शून्यमै रहने

शिल्पा कर्ण/नयाँ पत्रिका

सर्वोच्च अदालतबाटै यौनिक तथा लैंगिक अल्पसंख्यकको अधिकारलगायतका विविध विषयमा फरक-फरक व्याख्या भएको भन्दै यो विषय अब पूर्ण इजलासबाट टुंग्याउने आदेश भएको छ । यस्तो आदेशसँगै अब पूर्ण इजलासबाट किनारा नलागेसम्म यससम्बन्धी मुद्दा र विगतका आदेशसमेत शून्यतामा पुगेका छन् ।

६ महिनाअधि सर्वोच्चको संयुक्त इजलासले गरेको फैसलाको हालै सार्वजनिक पूर्णपाठमा यसअघिका फैसला र संवैधानिक अधिकार तथा कानुनबिच स्पष्टता ल्याउनुपर्ने आवश्यकता देखिएको उल्लेख छ । न्यायाधीशहरू सपना प्रधान मल्ल र सुनीलकुमार पोखरेलको इजलासले २ असारमा दिएको यस्तो आदेशको पूर्णपाठ हालै सार्वजनिक भएको हो ।

'यसमा नेपालको संविधान र यस अदालतबाट समलिंगीको विषयमा भएका विभिन्न आदेशहरू

» पृष्ठ २ मा क्रमशः

न्यायाधीशद्वय सपना प्रधान मल्ल र सुनीलकुमार पोखरेलको संयुक्त इजलासले गरेको आदेशको पूर्णपाठमा भनिएको छ–



यसमा नेपालको संविधान र यस अदालतबाट समलिंगीको विषयमा भएका विभिन्न आदेशहरू र कानुनहरूको बिचमा नै स्पष्टता नभएको सन्दर्भमा माथि उल्लिखित जटिल कानुनको व्याख्याको प्रश्न समाहित भएको देखिँदा सो व्याख्यात्मक प्रश्नमा पूर्ण इजलासबाट निर्णय हुन उपयुक्त देखिएकाले प्रस्तुत रिट निवेदनको संयुक्त इजलासको लगत कट्टा गरी सर्वोच्च अदालत नियमावली, २०७४ को नियम २३ (२) (ग) (च) बमोजिम पूर्ण इजलासमा पेस गर्न पेसी व्यवस्थापन निर्देशन समितिसमक्ष पेस गर्नुहोला ।

■ अधिकारकर्मी तथा कानुनविद् सुजन पन्त भन्छन्-

सर्वोच्चको आदेशले संविधानलाई नै च्यालेन्ज गऱ्यो

सर्वोच्चले ०६४ देखि यौनिक तथा लैंगिक सवालमा एकदम राम्रो व्याख्या गर्दै आएको थियो । तर, पूर्णमा पठाउने गरी भएको यो आदेशले संविधानलाई नै च्यालेन्ज गरेको छ । अब जो निवेदन लिएर आए पनि अदालतमा अड्किन्छ । हालै एक विदेशीले भिसा माग्न आएको मुद्दामा पनि सर्वोच्चले यो फैसला साथै राखेर पेस गर्न आदेश गऱ्यो । यसरी अग्राधिकार दिए पनि पेसी नचढ्नु अचम्म हो । यो रिटमा व्याख्या नहुँदासम्म लैंगिक अल्पसंख्यकको अधिकार शून्य हुने देखियो । अब संविधानमै लेखे पनि पूर्णबाट व्याख्या नभएसम्म कुनै अधिकार पाउने अवस्था रहेन ।

कार्यकाल सकिए पनि सभामुख घिमिरेले छाडेनन् पद

संविधान र ऐनमै सभामुख र उपसभामुखको कार्यकाल प्रतिनिधिसभा निर्वाचनका लागि उम्मेदवारी मनोनयनको अघिल्लो दिनसम्म मात्र रहने व्यवस्था, तर समानुपातिकको मनोनयन सुरु भएको तीन दिनसम्म घिमिरे पदमै

कमलराज भट्ट/नयाँ पत्रिका

जेन-जी आन्दोलनपछि विघटित प्रतिनिधिसभाका सभामुख देवराज घिमिरे कार्यकाल सकिएको तीन दिन भइसक्दा पनि सरकारी गाडीमा झन्डा हल्लाउँदै हिँडिरहेका छन् । संविधान र कानुनले नै नयाँ प्रतिनिधिसभा निर्वाचनका लागि उम्मेदवारी मनोनयनको अघिल्लो दिनसम्म मात्रै सभामुख र उपसभामुखको कार्यकाल रहने स्पष्ट रूपमै भनेको छ । तर, सभामुख घिमिरेले संविधान र कानुनकै उपहास गरेका छन् । उपसभामुख इन्दिरा राना भने सबै सरकारी सेवा-सुविधा बुझाएर बिदा भइसकेकी छिन् ।

निर्वाचन आयोगले २१ फागुनमा हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि १३ पुसबाट उम्मेदवारको मनोनयन सुरु गरेको समानुपातिक निर्वाचन प्रणालीतर्फ ११० सिटका लागि दलहरूसँग १४ पुसम्म बन्दसूची लिएर मनोनयनको प्रक्रिया अघि बढाइसकेको छ । उम्मेदवारको मनोनयन प्रक्रिया सुरु हुनुअघि १२ पुसमै सभामुख र उपसभामुखको पदावधि सकिएको थियो । उपसभामुख रानाले १२ पुसमै सेवा-सुविधा जिम्मा लगाएर पदत्याग

» पृष्ठ २ मा क्रमशः



सभामुख घिमिरेको सचिवालयले विगतको अभ्यास प्रत्यक्षतर्फको उम्मेदवारी मनोनयनको अघिल्लो दिनसम्म कार्यकाल रहेको भन्ने सुझाव आएकाले सोहीअनुसार हुने जनाएको छ । 'संसद् सचिवालयले हामीलाई प्रत्यक्षको मनोनयनको अघिल्लो दिनसम्म कार्यकाल हो भनेको छ । हाम्रो बुझाइ पनि त्यही हो । त्यहीअनुसार ५ माघमा नै छोड्ने हो । अहिले राजीनामा दिएर जाने कुरा भएन,' सभामुखका स्वकीय सचिव तेजप्रकाश भट्टराईले भने ।



● **डा. भीमार्जुन आचार्य**, संविधानविद्

संविधानमा द्विविधा छैन । उम्मेदवारी दाखिला हुने अघिल्लो दिनसम्म कार्यकाल रहने भनेको छ । त्यो भनेको प्रत्यक्ष वा समानुपातिक जसको उम्मेदवारी मनोनयन पहिला हुन्छ त्यसको अघिल्लो दिनसम्म भनेको हो । त्योभन्दा पछि बसेको वैध मानिँदैन । संविधानमा लेखेको त अक्षरशः लागू गर्नुपर्छ । झन् कानुन बनाउने थलो भएकाले अझ संवेदनशील हुनुपर्ने हो । अब दुई-चार दिन त छ । तैपनि पद नछोड्ने दरिद्र सोच छ हाम्रो राजनीतिमा । यो सच्चिनुपर्छ ।



● **चन्द्रकान्त ज्ञवाली**, संविधानविद्

संविधानले प्रतिनिधिसभा सदस्यका लागि उम्मेदवारी मनोनयनको अघिल्लो दिनसम्म सभामुख र उपसभामुखको कार्यकाल रहने भन्छ । प्रतिनिधिसभा सदस्य निर्वाचन ऐनले समानुपातिक बन्दसूची आयोगमा पेस गरेपछि उम्मेदवारको मनोनयन गरेको मानिने भनेको छ । त्यसभन्दा पछि बहाल रहने हो भने संविधान र कानुनले उहाँको कार्यकाल चिन्न सक्दैन ।

■ उपसभामुख राना भने सेवा-सुविधा बुझाएर भइन् बिदा

उपसभामुख इन्दिरा राना भने कार्यकालको अन्तिम दिन १२ पुसमै सेवा-सुविधा बुझाएर बिदा भएकी छिन् । राना आफू चढ्दै आएको दुइटा गाडी र सचिवालयले उपलब्ध गराएका अन्य सुविधा बरबुझारथ गर्दै ट्याक्सी चढेर सिंहदरबारबाट बाहिरिएकी थिइन् । सेवा-सुविधा बुझाउँदा रानाले आफूहरूको कार्यकालको प्रश्न उठिरहेको, समानुपातिकतर्फ उम्मेदवारी मनोनयन सुरु भइसकेको र निर्वाचन घोषणापछि खासै काम पनि नभएकाले सेवा-सुविधा संसद् सचिवालयलाई बुझाएको बताइन् ।



'सभामुख र उपसभामुखको कार्यकालबारे प्रश्न उठिरहेको छ । यसको निरूपण सम्बन्धित सरोकारवालाले गर्नुहुनेछ । तर, मैले यो विवादमा किन पर्ने भनेर र निर्वाचन घोषणापछि खासै कामहरू पनि नभएकाले स्वेच्छाले सेवा-सुविधा संसद् सचिवालयलाई बुझबुझारथ गरेकी हुँ,' उनले भनिन्, 'कार्यकालको कानुनी निरूपण हुँदै गर्ला । सोबमोजिम अगाडि बढ्ने नै छु ।'

सिन्धुलीकी टंकमायाको अवस्था एक सातादेखि अज्ञात

अनुसन्धानमा कुकुर परिचालन

सिन्धुलीमा **विदुर पौडेल**

घरबाटै एक हप्ताअघि बेपत्ता सिन्धुलीको तीनपाटन गाउँपालिका- ३, राम्चेकी ५३ वर्षीया टंकमाया बुढाथोकीको अवस्था अज्ञात छ । ८ पुस रातिदेखि बेपत्ता भएकी टंकमायाको अवस्था पत्ता लाग्न नसक्दा अनुसन्धानमा कुकुरसमेत परिचालन गरिएको सिन्धुली प्रहरी प्रमुख एसपी लालध्वज सुवेदीले बताए ।



'घटनास्थलको अवस्था हेर्दा कर्तव्य भएको हुन सक्ने अनुमान छ । टंकमाया सुतेको ओछ्यानमा केही दिसा, रगत लागेको देखिन्छ । घरबाट करिब २०० मिटरपर सुनचाँदी राख्ने पर्सजस्तो सानो झोलामा औंठी फेला परेको छ,' उनले भने, 'कुनै पनि मानिसले दिसा निकाल्नु भनेको सामान्य अवस्था होइन ।' तर, घरमा कुनै लुटपाट भएको नदेखिएको र मोबाइलसहितका सरसामान पनि घरमै फेला परेको उनले बताए ।

घरबाट हराएको टर्च भने छिमेकीको घरनजिकै

» पृष्ठ २ मा क्रमशः

उच्च अदालतको इजलाससमेत छैन सुदूरपश्चिम प्रदेश राजधानीमा

सर्वसाधारणलाई खर्चिलो बन्दै कानुनी उपचार, उच्चमा पुनरावेदनका आधाभन्दा बढी मुद्दा कैलालीबाट

धनगढीमा **तेजराज भट्ट**

संविधानमा सातवटै प्रदेशका राजधानीमा उच्च अदालत रहने व्यवस्था उल्लेख छ। तर, सुदूरपश्चिम प्रदेशको राजधानी रहेको जिल्ला कैलालीमा भने उच्च अदालतको इजलाससमेत छैन। कैलाली जिल्ला अदालतबाट भएका फैसलाविरुद्ध पुनरावेदन गर्नुपरे सेवाग्राहीले डोटीको दिपायलस्थित उच्च अदालत पुग्नुपर्छ। जबकि उच्च अदालत दिपायलमा हरेक वर्ष पर्ने मुद्दामध्ये आधाभन्दा बढी मुद्दा कैलाली हुन्छन्।

सुदूरपश्चिम प्रदेश सभाले प्रदेशको स्थायी राजधानी कैलालीको गोदावरी तोकेको छ। यो निर्णय कार्यान्वयन हुन नसक्दा अहिले अस्थायी राजधानी धनगढीबाट प्रदेश सरकार र सभा सञ्चालनमा छ। सुदूरपश्चिममै सबैभन्दा बढी पुनरावेदनका मुद्दा हुने कैलालीमा उच्च अदालतको उपस्थिति नहुँदा सेवाग्राहीले समस्या भोल्नुपरिरहेको छ भने अर्कोतिर कानुनी उपचार खर्चिलो हुने गरेको छ। कैलालीका सेवाग्राहीले जिल्ला अदालतको फैसला चित्त नबुझेर आफैँ पुनरावेदन गर्नुपरे, बहस वा मुद्दाको अवस्थाबारे जानकारी लिन चाहे करिब दुई सय किलोमिटर दूरीमा रहेको उच्च अदालत दिपायल पुग्नुपर्छ। धनगढीदेखि करिब ६० किलोमिटरको दूरीमा रहेको कञ्चनपुरको महेन्द्रनगरमा उच्च अदालत दिपायलको इजलास छ। तर, महेन्द्रनगर इजलासले तत्कालीन महाकाली अञ्चलका चार जिल्ला कञ्चनपुर, डडेल्धुरा, बैतडी र दार्चुलाका मुद्दा मात्र हेर्ने गर्छ।

कैलाली जिल्ला बार इकाइका अध्यक्ष नाथुराम महतोले कैलालीका सेवाग्राहीले भौगोलिक रूपमा टाढा दिपायल गएर मुद्दाको पुनरावेदन गर्दा व्ययभार खेप्नुपरिरहेको बताए। 'तथ्यांक हेर्दा उच्चमा पुनरावेदनका लागि दर्ता हुनेमध्ये ७०-७५ प्रतिशत मुद्दा कैलालीका हुन्छन्,' उनले भने, 'तर, यति धेरै मुद्दा भएको जिल्लामा उच्च अदालतको उपस्थिति नहुँदा सेवाग्राहीलाई समस्या छ र मुद्दा लड्दा थप आर्थिक भार व्यहोर्नुपरिरहेको छ।'

दिपायल गएर मुद्दा पुनरावेदन गर्न भौगोलिक दूरीका कारण आर्थिक भार पनि थपिने भएकाले कतिपय विपन्न नागरिकले पुनरावेदन गर्न नसक्दा न्यायको अनुभूति गर्न नपाएको उनी बताउँछन्। प्रदेश राजधानीमा उच्च अदालत रहने व्यवस्था संविधान र न्याय प्रशासन ऐनमा स्पष्ट रूपमा उल्लेख भए पनि दशकसम्म कार्यान्वयनमा नआउनु सरकार र न्याय क्षेत्रको उदासीनता भएको उनले बताए।

उच्च अदालत दिपायलको तथ्यांकअनुसार गत आर्थिक वर्षमा परेका ७५५ वटा पुनरावेदनका मुद्दामध्ये ५५८ वटा कैलाली जिल्ला अदालतका छन्। बाँकी १९७ वटा मुद्दा डोटी, अछाम, बाजुरा र बझाङ जिल्लाबाट परेका उच्च अदालत दिपायलका सूचना अधिकारी नरबहादुर नेगीले जानकारी दिए। दिपायलले सुदूरपश्चिमका पाँच जिल्ला हेर्ने भए पनि हरेक वर्ष पुनरावेदनका लागि आउनेमध्ये आधाभन्दा बढी मुद्दा कैलालीका हुने गरेको उनले बताए।

पुनरावेदनका लागि जानुपरे पनि मुद्दाको बहस भने करिब तीन वर्षयता धनगढीस्थित कैलाली बारको कार्यालयमा अनलाइन प्रविधिमार्फत 'भर्चुअल' गर्न सक्ने सुविधा थियो। तर, गत २४ भदौमा जेन-जी आन्दोलनका वेला बारको कार्यालयमा आगजनी गरिँदा भर्चुअल बहसका लागि राखिए मनिटर, माइकलगायत सबै उपकरण जलेर नष्ट भएकाले त्यहाँबाट भर्चुअल बहस बन्द छ।

कानुन व्यवसायीका अनुसार भर्चुअल बहसको व्यवस्थाले कानुन व्यवसायी र सेवाग्राहीलाई केही सहज त थियो, तर भरपर्दो छैन। अधिवक्ता सिद्धराज ओझाले भर्चुअल बहस गर्दागर्दै इन्टरनेट जाने, सिस्टम बिग्रने, आवाज नसुनिनेजस्ता समस्या देखिँदा कहिलेकाहीँ मुद्दाको पेसी र बहस स्थगित हुने गरेको थियो। भर्चुअल बहसमा प्रमाण देखाउन पनि समस्या हुने गरेको उनले बताए। सेवाग्राही सकेसम्म भौतिक उपस्थितिमा बहस चाहने गरेका कानुन व्यवसायीहरू बताउँछन्।

बार एसोसिएसनका केन्द्रीय उपाध्यक्षसमेत ओझाले ठुलो संख्यामा मुद्दा पर्ने जिल्लामा उच्च अदालतको उपस्थिति नहुँदा सर्वसाधारणका लागि कानुनी उपचार महँगो भइरहेको बताए। 'भर्चुअल र प्रत्यक्ष उपस्थित भएर बहस गर्नुमा फरक परिहाल्छ,' उनले भने, 'भौगोलिक रूपमा टाढा भएकाले उच्च अदालतमै कानुन व्यवसायी लगेर बहस गराउँदा सेवाग्राहीलाई मुद्दा लड्ने विषय निकै खर्चिलो छ।' सरकारवादी मुद्दा पुनरावलोकन सरकारी निकायले नै गर्ने भए पनि अन्य मुद्दा सेवाग्राही आफैँले वा वारेसनामामार्फत गर्ने गरेका उनको भनाइ छ।

दिपायलमा इजलास राखेर उच्च अदालत कैलालीमा स्थापना गर्नुपर्ने माग कानुन व्यवसायीले सरकार र सरोकारवाला निकायसमक्ष गर्दै आएका छन्। यो संघीयता कार्यान्वयनसँग पनि जोडिएको विषय भएको उनीहरूको भनाइ छ। कैलाली बारका अध्यक्ष महतो नागरिकले छिटो, सजिलो र सर्वसुलभ न्याय पाउनुपर्छ भन्ने मान्यताका आधारमा पनि कैलालीमा उच्च अदालत आवश्यक रहेको तर्क गर्छन्।

'संविधानमै राजधानीमा उच्च अदालत रहने भनिएको छ। जनसंख्या र मुद्दा संख्याका आधारमा पनि कैलालीमा उच्च अदालत हुनुपर्ने हो, तर राज्य नै संविधान, कानुन कार्यान्वयन गर्दैन भने के गर्ने,' उपाध्यक्ष ओझाले भने, 'बारको बैठकमा न्यायपरिषद्का सदस्यलाई पनि यो विषयमा ध्यानाकर्षण गराएको थिएँ।' उनका अनुसार यहाँका कानुन व्यवसायीको टोलीले विगतमा पटक-पटक प्रधानमन्त्री, प्रधानन्यायाधिश र कानुन मन्त्रीलाई भेटेरै उच्च अदालत स्थापनाको माग गरेका थिए।

सुदूरपश्चिम सरकारका मुख्य न्यायाधिवक्ता कुलानन्द उपाध्यायले कैलालीमा उच्च अदालत स्थापनाको माग गर्दै त्यतिवेला संघीय सरकारलाई पत्र पठाए पनि सुनुवाइ नभएको बताए। त्यसवेला मुख्यमन्त्रीको निर्देशनमा प्रधानमन्त्री, कानुनमन्त्रीलाई भेटेरसमेत यो विषयमा कुरा राखेको, तर प्रदेशको पत्र न्यायपरिषद्मा गएर थन्किएको उनको भनाइ छ। प्रदेश सरकारका मुख्य न्यायाधिवक्ता ठेकेन्द्रराज जोशीले स्थायी राजधानी निर्माणको विषय टुंगो लाग्न नसकेकाले अहिलेको सरकारको पालामा उच्च अदालतको माग गर्दै संघीय सरकारलाई पत्र नपठाइएको बताए। सरकारले उच्च अदालतका लागि दिपायलमा ५९ करोड ३३ लाख रुपैयाँको लागतमा चारतले भवन निर्माण गरिरहेको छ।

वर्तमान...

पृष्ठ १ बाट क्रमशः

दिएर सूचीमा नयाँ अनुहार ल्याएको छ। एमालेले पनि दुई पदाधिकारी र केही पूर्वसांसदबाहेक ९० प्रतिशत नयाँ अनुहारलाई समानुपातिकको उम्मेदवार बनाएको छ।

नयाँ वैकल्पिक शक्तिका रूपमा अगाडि बढिरहेको रास्वपामा भने उम्मेदवार छनोटको सन्तुलनमा प्रश्न उठेका छन्। अध्यक्ष रवि लामिछानेको गृहजिल्ला चितवनबाट २१ र मोरङबाट १५ सहित एकतिहाइ उम्मेदवार दुई जिल्लाबाट समावेश गर्दा सुदूरपश्चिमबाट सबैभन्दा कम उम्मेदवार समेटिएको छ।

यसका साथै प्राइमरी इलेक्सनमा सर्वाधिक लोकप्रिय मत ल्याउनेहरूलाई छानी-छानी पछाडि पारिएको भन्दै रास्वपामा असन्तुष्टि देखिएको छ। ठुला पुराना पार्टीले व्यावसायिक पृष्ठभूमिका मान्छेलाई नसमेटे पनि रास्वपाले केही उद्योगी, व्यवसायी, केही सेलेब्रिटी, कलाकार र सामाजिक इनफ्ल्युन्सरहरूलाई सूचीमा स्थान दिएको छ।

■ कांग्रेसको बन्दसूची

राष्ट्रपतिकी छोरी र पूर्वराष्ट्रपतिका छोरा, विमलेन्द्रकी भान्जी, बलबहादुरकी श्रीमती र बहिनी पनि समेटिए

समानुपातिक निर्वाचन प्रणालीतर्फको उम्मेदवारको बन्दसूचीमा कांग्रेसले राष्ट्रपति रामचन्द्र पौडेलकी छोरी र पूर्वराष्ट्रपति रामवरण यादवका छोराको नाम पनि समेटेको छ। राष्ट्रपति रामचन्द्र पौडेलकी छोरी संज्ञा पोखरेल पौडेल र पूर्वराष्ट्रपति रामवरण यादवका छोरा डा. चन्द्रमोहन यादव पनि समानुपातिकमा परेका छन्। संज्ञाको नाम ६२ नम्बरमा छ भने चन्द्रमोहनको नाम भने ३१ र ७८ नम्बरमा छ। यस्तै, समानुपातिक सूचीमा विमलेन्द्र निधिकी भान्जी निनु कर्ण तथा बलबहादुर केसीकी श्रीमती रिना उप्रेती र बहिनी गोमा केसी पनि परेका छन्। यद्यपि, कांग्रेस प्रचार विभाग प्रमुख मीन विश्वकर्माले सूचीमा अधिकांश नयाँलाई स्थान दिएको बताएका छन्।

पदाधिकारीका एक्ला उम्मेदवार

१४ सदस्यीय पदाधिकारीमध्ये सहमहामन्त्री भीष्मराज आङ्देम्बे मात्र समानुपातिक सूचीमा छन्। उनी आदिवासी जनजातितर्फ पहिलो नम्बरमा छन्। यसअघि गत ०७९ मा उनी प्रत्यक्षमा पराजित भएका थिए।

११ केन्द्रीय सदस्य समानुपातिकमा

पूर्वसहमहामन्त्री अर्जुननरसिंह केसीसहित ११ जना केन्द्रीय सदस्य समानुपातिक सूचीमा छन्। जसमा डा. चन्द्रमोहन यादव, विद्यादेवी तिमिल्सिना, मानबहादुर नेपाली, गंगा शाही, हरिशरण नेपाली, सीता थपलिया (उर्मिला), सीतादेवी देवकोटा, रुक्मिणी कोइराला, सुशीला ढकाल आचार्य, गोमाकुमारी भट्टराई छन्। यसअघि समानुपातिक र प्रत्यक्षबाट सांसद भएकालाई यसपटक समानुपातिकमा नसमेट्ने निर्णय भए पनि केसी परेका हुन्।

■ एमालेको बन्दसूची

दश पूर्वसांसद समानुपातिक सूचीमा

एमालेले निर्वाचन आयोगमा बुझाएको समानुपातिक निर्वाचन प्रणालीतर्फको सूचीमा कम्तीमा दश पूर्व वा निवर्तमान सांसद परेका छन्। एमालेको दोस्रो वरीयताका उपाध्यक्ष रामबहादुर थापा आदिवासी/जनजाति 'क्लस्टर'बाट पहिलो नम्बरमा परेका छन्। त्यस्तै, खस-आर्यबाट गुरु बराल, केन्द्रीय लेखा आयोगका अध्यक्ष डा. पुष्प कँडेललगायत नेताको नाम समावेश गरिएको छ। महिला 'क्लस्टर'बाट एक नम्बरमा सचिव पद्मा अर्यालको नाम परेको छ। महिला संघ अध्यक्ष टुका हमाल, युवा संघका पूर्वअध्यक्ष निरुदेवी पाल, गायिकासमेत रहेकी कोमल वली, पूर्वसचेतक शान्ता चौधरी र संस्कृतिकर्मी भूमिका सुब्बालगायतको नाम समेटिएको छ।

ईश्वर पोखरेललाई पारिएन, पाँचजनाले उम्मेदवार बन्न अस्वीकार गरे

११औँ महाधिवेशनमा केपी ओलीसँग अध्यक्षमा प्रतिस्पर्धा गरेका पूर्ववरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेललाई समानुपातिक उम्मेदवारको सूचीमा पारिएको छैन। पोखरेललाई सूचीमा समेट्न उनको प्यानलबाट जितेका उपाध्यक्ष गोकर्ण विष्ट र उपमहासचिव योगेश भट्टराईले केन्द्रीय सचिवालय बैठकमा प्रस्ताव गरे पनि ओलीले अस्वीकार गरेका छन्। ०७४ मा समानुपातिकबाटै अवसर पाएका रामबहादुर थापा बादललाई जस्तै पोखरेललाई पनि सूचीमा राख्दा दिन सकिने पार्टी एकताको सन्देशको अवसरबाट ओली चुकेको इतर पक्षको मूल्यांकन छ। तर, विष्ट र भट्टराईले सार्वजनिक रूपमा भने केही बताएका छैनन्।

अर्कोतिर समानुपातिक सूचीमा राखिएका पाँच नेताको नाम भने हटाइएको छ। उनीहरूले उम्मेदवार बन्न अस्वीकार गर्दै अरूलाई अवसर दिन आग्रह गरेका थिए। पार्टीको सक्रिय राजनीतिबाट बिदा लिएका संगठन विभागका पूर्वप्रमुख काशीनाथ अधिकारीले आफू दुईपटक सांसद भइसकेकाले नयाँलाई अवसर दिन भन्दै हटाइदिन आग्रह गरेका थिए। त्यस्तै, दोलखाका श्याम बस्नेत, डडेल्धुराका पदम जोशी, बाजुराका लालबहादुर ओली र कैलालीकी सरस्वती चौधरीले पनि नाम नराख्न आग्रह गरेअनुसार अन्तिम सूचीबाट हटाइएको थियो।

ओलीको जिल्लाबाट ६, पोखरेलको जिल्लाबाट तीनजना सूचीमा

एमालेमा अध्यक्ष केपी ओलीको गृहजिल्लाबाट ६ र महासचिव शंकर पोखरेलको गृहजिल्ला दाङबाट तीनजनाको नाम समानुपातिक सूचीमा छ। झापाबाट सोमनाथ पोर्तेल, जितु गौतम, मेनुका काफ्ले, निता घतानी, अनिता कन्दङ्वा र विनाकुमारी साह छन्। त्यस्तै, दाङबाट कोमल वली, शान्ता चौधरी र साजिका खातुनले अवसर पाएका छन्।

तीनपुस्ते संयोजन, ४० मुनि उमेरका जेन-जीसहित २० युवा

एमालेले यसपटक ४० देखि ६० उमेर समूहका बढी तर तीनपुस्ते उमेर समूहको संयोजन गरेर समानुपातिक बन्दसूची छनोट गरेको जनाएको छ। ६० माथिमा उपाध्यक्ष रामबहादुर थापा बादल, पूर्वउपाध्यक्ष गुरु बराललगायत पुरानो पुस्ताका नेता छन्। पद्मा अर्याल, निरुदेवी पाल, लालबहादुर महतरा, थानेश्वर बस्याल, शान्ता चौधरी, मनोहर विक, निर्मल देउला पोडेलगायतलाई बिचको पुस्ता मानिएको छ। जेन-जी उमेरकी निता घतानीसहित ४० मुनिका भक्तकुमारी लामा, क्रान्ति बुर्लाकोटी, अनिता योङहाङ, हिरूसरा राना, सन्तबहादुर चेपाङसहित २० जना युवा सूचीमा समेटिएको केन्द्रीय सदस्य नीरज आचार्यले बताए। त्यस्तै, ६ वटा क्लस्टर समूहभित्र अपांगता भएका, अल्पसंख्यक, पिछडिएको क्षेत्रलगायत सबै पक्षलाई ध्यान दिएर एमालेले यसपटकको बन्दसूची बनाएको छ। पिछडिएको क्षेत्रबाट बम बिसी, लालबहादुर महतरा, लालबहादुर रावल, भगिरथी चन्द परेका छन्।

दलितभित्र विपन्नलाई प्राथमिकता

एमालेले दलितभित्र पनि अतिविपन्न दलितलाई प्राथमिकता दिएर सूचीमा समेटेको छ। विपन्न दलितमा पर्ने पोडे समुदायको निर्मल देउला पोडे र मायादेवी पोडे सूचीमा समेटिएका छन्।

९० प्रतिशत नयाँ अनुहार आएको दाबी

आयोगमा बन्दसूची बुझाउने प्रक्रियामा सहभागी केन्द्रीय सदस्य नीरज आचार्यले सांसदमा एकपटक पनि अवसर नपाएका ९० प्रतिशत नयाँ अनुहारलाई समानुपातिकतर्फको उम्मेदवार बनाएको दाबी गरे। सोमबार मध्यरातमा बुझाइएको बन्दसूचीमा यसअघि सांसद भएका र अवसर पाएका १० जनाभन्दा बढी पुराना अनुहार नरहेको आचार्यको भनाइ छ। 'पदाधिकारीसहित केही नाम भने आवश्यकता र संसद्मा खेल्न सक्ने प्रभावकारी भूमिकालाई पनि ध्यान दिएर छनोट गरिएको छ,' उनले भने। उनका अनुसार बन्दसूचीमा विगतमा जस्तो परिवार र आफन्तजनहरू पनि कोही पनि सूचीमा परेका छैनन्। पार्टीले सकेसम्म नेताका परिवार र आफन्तजन नपर्ने गरी नै सूची छनोट गरेको आफूले पाएको उनको भनाइ छ।

■ नेकपामा सबै नयाँ अनुहार

समानुपातिक बन्दसूचीमा नेपाली कम्युनिस्ट पार्टीले नयाँलाई मात्र समेटेको छ। विगतमा समानुपातिक र प्रत्यक्षबाट सांसद भएका र मन्त्री भइसकेका कोही पनि नेकपाको समानुपातिक सूचीमा परेनन्। 'विगतमा समानुपातिक निर्वाचन प्रक्रियाबाट निर्वाचित भएका, मन्त्री भइसकेकालाई यसपटक समानुपातिकमा ढोका बन्द गर्‍यौँ। प्रत्यक्ष निर्वाचित भएकालाई पनि समानुपातिकमा समेटेका छैनौँ। युवा पुस्तालाई ध्यान दिएका छौँ। आदिवासी, जनजाति, महिला, दलित, मधेशी, थारू, खसआर्य सबै क्लस्टरबाट समावेशी बनाएर बन्दसूची बुझाएका छौँ,' नेता राजेन्द्र पाण्डेले भने। सबै क्लस्टरमा युवालाई समेटिएको नेता मुक्ति प्रधानले बताए।

■ रास्वपाले दोहोर्‍याएन पुराना

रास्वपाले समानुपातिकमा पुराना सांसद दोहोर्‍याएको छैन। नयाँलाई अवसर दिनुपर्छ भनेर समानुपातिकमा नदोहोर्‍याउने नीति रास्वपाले दिएको छ। ०७९ मा १२ लाख मत ल्याएको रास्वपाबाट समानुपातिकतर्फ १३ सांसद निर्वाचित भएका थिए।

क्षेत्रगत सन्तुलन पनि नमिलेको गुनासो छ। रास्वपाले सुदूरपश्चिम प्रदेशका आठ जिल्लाबाट उम्मेदवार नै छैन। कञ्चनपुरबाट दुईजना मात्रै छ। यसैगरी ७७ मध्ये ३५ जिल्लाबाट प्रतिनिधित्व छ। चितवनका २१, मोरङका १५, काठमाडौँका पाँच, ललितपुरका तीन र भक्तपुरका तीनजना छन्। रास्वपाले समानुपातिक उम्मेदवार प्रारम्भिक निर्वाचनबाट छनोट गरेको थियो। तर, अन्तिम समयमा बालेन समूह र कुलमान घिसिङको उज्यालो नेपालसँग एकता हुँदा प्रारम्भिक निर्वाचनबाट छानिएका उम्मेदवारलाई प्राथमिकता दिन सकेन। प्रारम्भिक निर्वाचनमा सबैभन्दा बढी मत ल्याएका उम्मेदवारलाई बन्दसूचीमा पछाडि राखेको भन्दै आलोचना भइरहेको छ। यद्यपि, बन्दसूची मिलाउन निर्वाचन आयोगले दिएको समयभित्र परिमार्जन गर्ने नेताहरू बताउँछन्।

पार्टीकै नेताहरू पनि

उज्यालो नेपाल पार्टीका अध्यक्ष अनुपकुमार उपाध्याय, विवेकशील साझाकी अध्यक्ष समीक्षा बाँस्कोटा, सहमहामन्त्री विपिनकुमार आचार्य, नेता प्रमोद न्यौपाने, लिमा अधिकारी, रमेश प्रसाईं, प्रतिभा रावल, टीका संग्रौला, क्रान्तिशिखा धिताल, अरनिकोकुमार पाँडे पनि सूचीमा परेका छन्।

सहिद परिवार, जेन-जी अगुवादेखि अधिकारकर्मीसम्म अटाए बन्दसूचीमा

जेन-जी अगुवा पुरुषोत्तम यादव, डा. अभिषेकराज सिंह पनि समानुपातिक सूचीमा परेका छन्। डा. रामजी राम र मोहना अन्सारी पनि सूचीमा छन्। रास्वपाले बन्दसूचीमा जेन-जी आन्दोलनका सहिद परिवारलाई पनि समेटेको छ। आन्दोलनमा ज्यान गुमाएका काभ्रेका २३ वर्षीय रसिक खतिवडाकी आमा रचना खतिवडा क्षेत्रीलाई रास्वपाले खस-आर्य क्लस्टरको ९ नम्बरमा समावेश गरेको छ।

■ राप्रपाको सूचीमा अधिकांश नयाँ अनुहार

राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)ले निर्वाचन आयोगमा पार्टीका ११० जना समानुपातिक बन्दसूचीका उम्मेदवार बुझाएको छ। प्रवक्ता मोहन श्रेष्ठका अनुसार बुझाइएको सूचीमा यसअघि सांसद नभएका नयाँ अनुहार छन्। खुस्बु ओली खसआर्यतर्फ महिला क्लस्टरमा पहिलो नम्बरमा छिन्।

कार्यकाल...

पृष्ठ १ बाट क्रमशः

गरे पनि सभामुख घिमिरेले भने कार्यकाल सकिँदा पनि सभामुखकै हैसियतमा राज्यको सेवा-सुविधा भोग गरिरहेका छन्। घिमिरेले प्रतिनिधिसभा पुनर्स्थापना हुन सक्ने आशासहित विगतको अभ्यास देखाएर पदमै बसिरहने रणनीति अपनाएको संसद् सचिवालयका अधिकारीहरू बताउँछन्। ०७९ को निर्वाचनमा एमालेबाट टिकट लिएर झापा २ बाट निर्वाचित घिमिरे पछि सभामुख बनेका थिए। राना भने रास्वपाबाट समानुपातिक सांसद भई उपसभामुख बनेकी थिइन्।

संविधानको धारा ९१ (६) (क) मा 'प्रतिनिधिसभा विघटन भएको अवस्थामा आफ्नो पदमा बहाल रहेका प्रतिनिधिसभाका सभामुख र उपसभामुख प्रतिनिधिसभाका लागि हुने अर्को निर्वाचनको उम्मेदवारी दाखिल गर्ने अघिल्लो दिनसम्म आफ्नो पदमा बहाल रहनेछन्' भनिएको छ। त्यस्तै, प्रतिनिधिसभा सदस्य निर्वाचन ऐन दफा २८ (८) मा 'दलले उम्मेदवारको बन्दसूची आयोगमा पेस गरेपछि उम्मेदवारको मनोनयन गरेको मानिने छ' भनिएको छ।

संविधानविद् चन्द्रकान्त ज्ञवाली समानुपातिक निर्वाचन प्रणालीको उम्मेदवार सूची दाखिला गरेको अघिल्लो दिनसम्म सभामुख र उपसभामुखको कार्यकाल रहने संविधान र कानुनको स्पष्ट प्रावधान रहेकाले त्यसपछि बहाल रहे कानुनले नचिन्ने बताउँछन्। 'संविधानले प्रतिनिधिसभा सदस्यका लागि उम्मेदवारी मनोनयनको अघिल्लो दिनसम्म सभामुख र उपसभामुखको कार्यकाल रहने भन्छ। प्रतिनिधिसभा सदस्य निर्वाचन ऐनले समानुपातिक बन्दसूची आयोगमा पेस गरेपछि उम्मेदवारको मनोनयन गरेको मानिने भनेको छ। निर्वाचन आयोगले १३ पुसबाट उम्मेदवारी मनोनयन गर्‍यो। भनेपछि समानुपातिक बन्दसूचीमार्फत उम्मेदवारी मनोनयन सुरु भइसक्यो। त्यसको अघिल्लो दिन भनेको १२ पुसम्म हो,' उनले भने, 'त्यसभन्दा पछि बहाल रहने हो भने संविधान र कानुनले उहाँको कार्यकाल चिन्न सक्दैन।'

ज्ञवालीले समानुपातिक र प्रत्यक्ष भनेर छुट्याएर हेर्न नहुने र जुन मनोनयन पहिला हुन्छ, त्यसैलाई आधार मानेर हेर्नुपर्नेमा जोड दिए। 'प्रतिनिधिसभाको गठन समानुपातिक ११० र प्रत्यक्ष १६५ अनुसार २७५ सदस्यका रूपमा हुने गरेकाले ११० को बन्दसूची पेस गरेकै दिनलाई उम्मेदवारको मनोनयन गरेको मानिने हुँदा प्रत्यक्ष निर्वाचन प्रणालीअन्तर्गत उम्मेदवारको मनोनयन गर्ने भन्ने नभई बन्दसूची पेस गर्दाको अघिल्लो दिनलाई नै मानिन्छ,' उनले भने, 'संविधानको मक्सद पनि प्रतिनिधिसभा भनेको प्रत्यक्ष र समानुपातिक दुवैको मिश्रित रूप भएकाले प्रतिनिधिसभा भन्नाले बन्दसूची पनि मान्न सकिने भएकाले पहिलो दिनलाई नै मान्नुपर्ने हुन्छ। त्यसैले प्रत्यक्षतर्फ दाखिलाको अघिल्लो दिनलाई पर्खिनुपर्ने संविधानको मनसाय र भावना होइन।'

ज्ञवालीले पूर्वसभामुख ओनसरी घर्तीको कार्यकाललाई पनि उदाहरणका रूपमा पेस गरे। 'पूर्वसभामुख ओनसरी घर्तीको पनि बन्दसूची पेस गरेको अघिल्लो दिनलाई नै उम्मेदवार मनोनयनको आधार लिई पद रिक्त भएको थियो,' उनले भने, 'अभ्यास यही नै हो। त्यसैले, सभामुख घिमिरे र उपसभामुख रानाको कार्यकाल पुस १३ गते नै रिक्त हुन्छ।'

ज्ञवाली संविधान निर्माणका क्रममा विज्ञका रूपमा संलग्न थिए। संविधानको व्याख्या पश्चगामी नभई, प्रगतिशीत तरिकाले गर्नुपर्ने मनसाय संविधान बनाउँदा राखिएको उनी बताउँछन्।

'भारतमा पनि सभामुख र उपसभामुखको कार्यकाल कहिलेसम्म हुने भनेर सन् १९५० मा बहस भयो। त्यहाँ विघटन भयो भने अर्को प्रतिनिधिसभा आएपछि कार्यकाल सकिने प्रावधान राखियो। सभामुख निरन्तर होस् भनेर त्यही आवाज यहाँ पनि उठ्यो। आठ वर्षसम्म बहस चल्यो। तर, आर्थिक व्ययभार हुन्छ, विघटन भए पनि उम्मेदवारको मनोनयनको अघिल्लो दिनलाई राख्दा भइहाल्छ भनेर राखियो,' उनी भन्छन्, 'आर्थिक व्यवहारको हिसाबले मनोनयनको अघिल्लो दिन भनिएको हो र प्रतिनिधिसभा सदस्य निर्वाचन ऐनमा बन्दसूचीलाई नै मनोनयन भएको मानिने भनेर लेखिएको हो। किनकि प्रतिनिधिसभा भनेको समानुपातिक र प्रत्यक्ष हो। बन्दसूचीलाई नै मनोनयन भनिसकेपछि बन्दसूची बुझाउने अघिल्लो दिनसम्म कार्यकाल रहने संवैधानिक र कानुनी व्यवस्था हो।'

संविधानविद् भीमार्जुन आचार्यले पनि कार्यकालबारे संविधान र कानुनमा कुनै द्विविधा नभएको, तर संसद्का मान्छेहरूले गलत अभ्यास गरेको बताए। 'संविधानमा द्विविधा छैन। उम्मेदवारी दाखिला हुने अघिल्लो दिनसम्म कार्यकाल रहने भनेको छ। त्यो भनेको प्रत्यक्ष वा समानुपातिक जसको उम्मेदवारी मनोनयन पहिला हुन्छ त्यसको अघिल्लो दिनसम्म भनेको हो। त्योभन्दा पछि बसेको वैध मानिँदैन,' उनले भने, 'संविधानमा लेखेको त अक्षरशः लागू गर्नुपर्छ। झन् कानुन बनाउने थलो भएकाले अझ संवेदनशील हुनुपर्ने हो। अब दुई-चार दिन त छ। तैपनि पद नछोड्ने दरिद्र सोच छ हाम्रो राजनीतिमा। यो सच्चिनुपर्छ।'

कार्यवाहक प्रमुख निर्वाचन आयुक्त रामप्रसाद भण्डारीले पनि सभामुख र उपसभामुखको कार्यकाल मनोनयनपत्र दाखिला गर्ने अघिल्लो दिनसम्म कायम रहने कानुनी व्यवस्था रहेको बताए। कानुनले समानुपातिकको बन्दसूची पेस गर्नुलाई मनोनयनपत्र दाखिला भएको मानेको, तर संसद् सचिवालयले फरक अभ्यास गरेको भन्दै भण्डारीले अहिले यो कानुनी व्याख्याको विषय बनेको बताए। 'हाम्रो बुझाइ के हो भने समानुपातिकको बन्दसूची पेस हुनु भनेको मनोनयनपत्र दाखिला हुनु हो। प्रत्यक्षतर्फको पनि मनोनयन दाखिला नै हो, यो मितिचाहिँ फरक छ,' उनले भने।

संसद् सचिवालयका अनुसार ०७२ मा संविधान जारी भएपछि सभामुख भएकी ओनसरी घर्तीले ०७४ मा समानुपातिक उम्मेदवारको मनोनयन (बन्दसूची)को अघिल्लो दिन पद त्यागेकी थिइन्। तर, ०७९ मा अग्निप्रसाद सापकोटाले प्रत्यक्षको उम्मेदवारी मनोनयनको अघिल्लो दिनसम्म पद छोडेका थिएनन्। त्यतिवेला एमालेले संविधान र कानुन मिचेर पद लम्ब्याएको भन्दै सापकोटाको आलोचना गरेको थियो।

सभामुख घिमिरेको सचिवालयले पूर्वसभामुख सापकोटाको नजिर देखाएको छ। सभामुखका स्वकीय सचिव तेजप्रकाश भट्टराईले कार्यकालको प्रश्न आएपछि संसद् सचिवालयसँग परामर्श गरेको र विगतको अभ्यास प्रत्यक्षतर्फको उम्मेदवारी मनोनयनको अघिल्लो दिनसम्म कार्यकाल रहेको भन्ने जानकारी आएकाले सोहीअनुसार हुने बताए। 'के हो अभ्यास भनेर सोधेका थियौँ। सचिवालयले हामीलाई प्रत्यक्षको मनोनयनको अघिल्लो दिनसम्म हो भनेको छ। हाम्रो बुझाइ पनि त्यही हो। हामीले त्यहीअनुसार ५ माघमा नै छोड्ने हो। अहिले राजीनामा दिएर जाने कुरा भएन,' उनले भने। भट्टराईले कार्यकाल सकिएको भए संसद् सचिवालयले सुविधा फिर्ता लिन सक्ने पनि बताए। 'सुविधा हामीले लिएको होइन, संसद् सचिवालयले दिएको हो। कार्यकाल सकिएको हो भने फिर्ता गर्नुहोला। निवासको हकमा सहरी मन्त्रालयले सकियो भन्ला,' उनले भने।

सभामुखका सञ्चारविज्ञ शेखर अधिकारीले निवास छोड्ने तयारी भइरहेको र अब सभामुखले कार्यकारी निर्णयहरू नगर्ने बताए। सचिवालयका अनुसार सभामुखको बुझाइ प्रत्यक्षको अघिल्लो दिनसम्म पदावधि रहेको भन्ने छ। निर्वाचन आयोगले ६ माघमा प्रत्यक्षतर्फको उम्मेदवारी मनोनयन गराउने दिन तोकेको छ। त्यसैले ५ माघमा मात्रै छोड्ने तयारी सभामुखको छ। तर, संसद् पुनर्स्थापनाको मुद्दा अदालतमा विचाराधीन भएकाले संसद् पुनर्स्थापना हुने आसमा सभामुख घिमिरेले पद छाड्न ढिला गरेको संसद् सचिवालयका अधिकारीहरू बताउँछन्।

संसद् सचिवालयका प्रवक्ता एकराम गिरीले सभामुख र उपसभामुखको कार्यकालको सन्दर्भमा स्पष्ट कानुनी प्रावधान नभएको बताए। 'संविधान र कानुनमा कार्यकालको सन्दर्भमा स्पष्टता छैन। यसभन्दा अगाडि ०७९ मा प्रत्यक्षतर्फको उम्मेदवारी दाखिलाको अघिल्लो दिनसम्म बहाल रहेको अभ्यास छ,' उनले भने, 'सभामुख र उपसभामुखका साथै प्रतिनिधिसभाको कार्यकाल कहिलेदेखि सुरु हुने पनि स्पष्ट छैन। यी विषयमा संसद्ले कानुन बनाउन जरुरी छ।'

सभामुखले के पाउँछन् सुविधा ?

संसद् सचिवालयका अनुसार सभामुखले झन्डावाल दुईवटा गाडी, प्रतिमहिना तलब ६७ हजार ३२०, विशेष भत्ता एक हजार, सञ्चार सुविधा तीन हजार, निजी सचिवालय बन्दोबस्त दुई हजार, गार्डघर दुई हजार, अतिथि सत्कार २५ सय, बिजुली-धारा दुई हजार, सवारी इन्धन २५० लिटर पाउँछन्। त्यस्तै, प्रतिबैठक एक हजार भत्ता, दैनिक भ्रमण भत्ता तीन हजार, फर्निचर खर्च (एकमुस्ट) १५ हजार तथा प्रत्येक तीन महिनामा १० लिटर मोबिल पाउने ऐनमा व्यवस्था छ। सचिवालयतर्फ स्वकीय सचिव (प्रथम श्रेणी) एकजना, द्वितीय श्रेणी एकजना, तृतीय श्रेणी एकजना र कम्प्युटर अपरेटर एकजना पाउँछन्। त्यस्तै, सवारीचालक दुईजना, कार्यालय सहयोगी दुईजना, प्रिन्टरसहितको कम्प्युटर एउटा, साइकल दुईवटा, अंगरक्षक एकजना, बिल्लादार गार्ड एकजना र सैनिक जवान १० जना पाउँछन्।

सिन्धुलीकी...

पृष्ठ १ बाट क्रमशः

मंगलबार फेला परेको र त्यसबाहेक सबै सामान जतन रहेको बताएको सुवेदीले जनाए। टंकमायाको खोजी गर्न बागमती प्रदेश प्रहरी कार्यालय, हेटौँडाबाट तालिमप्राप्त कुकुरसमेत परिचालन गरिएको छ। टंकमायाले प्रयोग गर्ने मोबाइल फोनमा नयाँ/बाहिरका मान्छेको फोन आएको नदेखिएको सुवेदीले बताए।

तीनपाटन गाउँपालिका- ३ का वडाध्यक्ष लालबहादुर स्याङ्तानले ९ पुसदेखि खोजतलास गरिरहे पनि अवस्था पत्ता नलागेको बताए। 'घटना शंकास्पद भएपछि इलाका प्रहरी कार्यालयको टोलीले जिल्ला प्रहरी कार्यालय सिन्धुलीलाई जानकारी गराएको थियो। टोलीले घटनाको गम्भीरतालाई हेरेपछि बागमती प्रदेशको तालिमप्राप्त कुकुरसहितको टोली मगाएर अनुसन्धान सुरु भएको छ,' उनले भने, 'सोमबार दिनभर कुकुरसहितको टोलीले खोजतलास गरे पनि टंकमायाको अवस्था के हो भन्ने खुल्न सकेको छैन। घटनास्थलको अवस्था हेर्दा उनको हत्या भएको आशंका छ।'

उनी ८ पुस साँझसम्म घरमा नै रहेको स्थानीयले बताएको तीनपाटन गाउँपालिकाका अध्यक्ष कर्ण थापाले बताए। उनी घरमा एक्लै बस्दै आएकी थिइन्। उनका चार छोरीमध्ये तीनको विवाह भइसकेको छ। एउटा छोरी सोही गाउँपालिकाको वडा नम्बर १ मा विद्यालयमा अध्ययनरत तथा डेरा गरी बस्दै आएको सुवेदीले बताए। दुई छोरा वैदेशिक रोजगारीमा रहेको पत्ता लागेको उनले बताए। साँझसम्म घरमा नै रहेकी टंकमाया ९ पुस दिउँसो ४ बजेसम्म घरमा नदेखिएपछि स्थानीयले खोजी गरेका थिए। त्यसपछि स्थानीले प्रहरीलाई खबर गरेका थिए। स्याङ्तानका अनुसार टंकमायाका श्रीमान्को निधन भइसकेको छ।

अब पूर्ण...

पृष्ठ १ बाट क्रमशः

र कानुनहरूको बिचमा नै स्पष्टता नभएको सन्दर्भमा माथि उल्लिखित जटिल कानुनको व्याख्याको प्रश्न समाहित भएको देखिँदा सो व्याख्यात्मक प्रश्नमा पूर्ण इजलासबाट निर्णय हुन उपयुक्त देखिएकाले प्रस्तुत रिट निवेदनको संयुक्त इजलासको लगत कट्टा गरी सर्वोच्च अदालत नियमावली, २०७४ को नियम २३ (२) (ग) (च) बमोजिम पूर्ण इजलासमा पेस गर्न पेसी व्यवस्थापन निर्देशन समितिसमक्ष पेस गर्नुहोला,' अन्तिम आदेशमा छ।

नीलहिरा समाजका अध्यक्ष पिंकी गुरुङ भन्ने सञ्जीव गुरुङ र युवराज ढकालले दायर गरेको छुट्टाछुट्टै उत्प्रेषणयुक्त परमादेशको रिटमा नेपाल सरकारलगायतलाई विपक्षी बनाइएकोमा सर्वोच्चले यस्तो आदेश दिएको हो। निवेदकहरूले विद्यमान कानुनमा संशोधन हुनुपर्ने माग राखेका थिए। देवानी संहितामा विवाह पुरुष र महिलाबिच मात्र हुनुपर्ने व्यवस्था रहेकोमा त्यसमा परिवर्तन ल्याउनुपर्ने तथा पारिवारिक कानुनमा त्यसैअनुकूल परिमार्जन हुनुपर्ने माग रिटमा थियो। यसअघि लैंगिक पहिचान खुलाई विवाह हुन र समलिंगी विवाहलाई मान्यता दिने गरी सर्वोच्चकै एक समितिले दिएको अध्ययन प्रतिवेदन कार्यान्वयन हुनुपर्ने माग निवेदकले गरेका थिए। तर, अदालतले यसबारे ६ प्रश्नमा व्याख्या आवश्यक रहेको भन्दै अग्राधिकार दिँदै पूर्णमा पठाउने आदेश गरेको हो।

०८० असारमा सर्वोच्चले नै दर्ताद्वारा विवाह गराइपाऊँ मागको रिटमाथि अस्थायी रूपमा अभिलेख राखेर विवाह गराउन अन्तरिम आदेश गरेको थियो। हाल त्यसैअनुसार विवाह दर्ता गरी स्थानीय तहले अभिलेखीकरण गर्दै आएका छन्। सर्वोच्चले यस विषयमा भनेको छ, 'विवाह अस्थायी हुने वा नहुने र विवाह दर्ताको अस्थायी अभिलेख राख्नुको अर्थ तथ्यांक मात्र राख्ने नभई यसले आत्मीय सम्बन्धलाई समेत सम्बोधन गर्ने हो वा होइन ? यस अदालतबाट भएको अन्तरिम आदेशद्वारा नै दर्ता भइसकेको दम्पतीको हकमा कानुनी वैधता के हुने र उनीहरूको अधिकारको सुनिश्चितता गर्नुपर्ने हो वा होइन ?'

विश्वव्यापीकरणको यस युगमा नेपालीको बसाइ स्वदेश र विदेश दुवैमा हुन सक्ने भएका कारण विवाह र सम्बन्धविच्छेदसमेत नेपाल र अन्य देशमा पनि हुन सक्छ। यस्तोमा सम्बद्ध देशको राजदूतावास र त्यहाँको कानुनको पनि महत्त्व हुने हुँदा नेपाली र विदेशी, विदेशी-विदेशीबिच हुने समलिंगी विवाहलाई नेपालमा कसरी मान्यता दिने भन्ने प्रश्न पनि उब्जिएको ठहर अदालतको छ। यसलाई समेत पूर्णबाट टुंग्याउन आवश्यक रहेको आदेशमा छ।

देवानी संहिताको दफा ६७ र ६८ ले पुरुष र महिलाबिच वैवाहिक सम्बन्ध कायम रहने कल्पना गर्दै यसलाई पवित्र सामाजिक तथा कानुनी बन्धन करार गरेको छ। यसरी यी दुई दफाबाट समलिंगी वैवाहिक सम्बन्धलाई वैधानिकता प्रदान गर्न मिल्ने हो वा होइन भन्ने विषयमा पनि अदालतले प्रश्न गरेको हो। साथै, दफा ६९ ले प्रत्येक व्यक्तिलाई परिवार कायम गर्ने र जीवनयापन गर्ने व्यवस्था गरेकोमा यसलाई निरपेक्ष रूपमा प्रयोग र व्याख्या गर्न मिल्ने हो वा होइन भन्नेबारे पनि संयुक्तले जवाफ दिन सकेको छैन। यस दफामा रहेको 'व्यक्ति' शब्दले मात्र समलिंगी विवाहलाई मान्यता दिन सकिने हो वा होइन, ठोस जवाफ अदालतले खोजेकाले पूर्ण इजलासलाई टुंग्याउने गरी रिट पठाइएको हो।

नेपालको संविधानले प्रत्येक नागरिकलाई वंशीय तथा लैंगिक पहिचानका आधारमा नागरिकता प्राप्त गर्न सक्ने हक दिएको छ। साथै, कानुनबमोजिम बाहेक कुनै पनि आधारमा भेदभाव नगरिने र व्यक्तिगत स्वतन्त्रताबाट वञ्चित नगरिनेसमेत भनेको छ। यसैबारे आदेशमा छ, 'उपर्युक्तअनुसारको यौनिक तथा लैंगिक अल्पसंख्यक समुदायको अस्तित्वलाई संवैधानिक मान्यता प्रदान गरी पहिचानसहितको नागरिकता पाउने स्वतन्त्रताभित्र समान लिंगबिच विवाह गर्न पाउने हकसमेत समाविष्ट रहेको भनी व्याख्या गर्न मिल्ने हो, होइन ?'

समलिंगी अधिकारसमेतका विषयमा सुनीलबाबु पन्तविरुद्ध नेपाल सरकारसमेत, सुमन पन्तविरुद्ध गृह मन्त्रालयसमेत र प्रेमकुमारी नेपालीविरुद्ध राष्ट्रिय महिला आयोगसमेत रहेका रिटमा समलिंगी सम्बन्धलाई स्वीकार गर्ने गरी आदेश भए पनि त्यसले वैवाहिक मान्यता पाउने वा नपाउने विषय भने अनुत्तरित छ। यसैकारण पनि संयुक्त इजलासले यसलाई पूर्णमा पठाउने आदेश गरेको हो।

निजामती किताबखानाले थाल्यो 'फेसलेस' सेवा

पेन्सनपट्टालगायतका लागि व्यक्ति स्वयं विभाग आइरहनुनपर्ने



■ किताबखानाका महानिर्देशक **श्रवणकुमार पोखरेल** भन्छन्-

यसले दूरदराजका कर्मचारी, बिरामी, अशक्तलाई सहज हुनेछ



राष्ट्रिय किताबखानाको सेवा फेसलेस भएको छ। अब कोर सर्भिस प्याकेज लिन भौतिक उपस्थिति चाहिँदैन। फोटो, हस्ताक्षरलगायत विवरण पिआइएस सिस्टमले नै स्वतः एनआइडी (राष्ट्रिय परिचयपत्र) को सर्भरबाट सेयरिङ गर्नेछ। यसले दूरदराजका कर्मचारी, बिरामी, अशक्तलाई सहज हुनेछ। जिल्लाबाटै सेवा पाउने गरी इ-पेन्सनको गृहकार्यसमेत विभागले गरेको छ।

सुवास भट्ट/नयाँ पत्रिका

निजामती किताबखानाले अनुहाररहित (फेसलेस) सेवा सुरु गरेको छ। शुक्रबारदेखि किताबखानाले आफ्ना प्रमुख सेवालाई डिजिटाइज्ड गरेको हो। किताबखानाका प्रमुख सेवाहरू लिन भौतिक उपस्थिति आवश्यक नहुने गरी फेसलेस बनाइएको महानिर्देशक श्रवणकुमार पोखरेलले बताए।

यसले निजामती सेवाबाट अवकाश हुने वा राजीनामा दिने हजारौँ निजामती कर्मचारीलाई राहत मिल्नेछ। अहिले वार्षिक रूपमा औसतमा दुई हजार तीन सय कर्मचारी सेवाबाट अवकाश हुन्छन्। केहीले सेवामा छँदै राजीनामा दिएरसमेत जाने गरेका छन्। 'निजामती सेवाबाट बाहिरिने कर्मचारीले जे-जे सेवा-सुविधा पाउँछन् त्यसका लागि भौतिक रूपमा किताबखाना नधाउँदा पनि हुन्छ,' पोखरेलले भने।

सरकारी सेवाप्रवाह नागरिकको ठुलो गुनासो रहँदै आएको छ। सरकारी सेवा अत्यन्तै झन्झटयुक्त भइरहेको र बेथिति मौलाइरहेको अवस्थामा नयाँ प्रविधिअनुकूल सहज र फेसलेस बनाउनुपर्ने आम आवाज उठिरहेका वेला विभागले सुधारको पाइला चालेको छ। यससँगै पेन्सनपट्टालगायतका लागि व्यक्ति स्वयं विभाग आइरहनुनपर्ने भएको छ। फेसलेस सेवा दिनेबारे विभागले दुई दिन परीक्षण गरेर त्यसबाट सफल भएपछि कार्यान्वयनमा लगेको हो।

'तपाईंको फोटो, हस्ताक्षरलगायत विवरण पिआइएस सिस्टमले नै स्वतः एनआइडी (राष्ट्रिय परिचयपत्र)को सर्भरबाट सेयरिङ गर्नेछ,' पोखरेलले भने, 'तपाईं आए पनि वा सप्रमाण वारेसका रूपमा कसैलाई पठाए पनि हुन्छ।'

फेसलेस सुविधा हाललाई पेन्सनपट्टा, सञ्चित दिवाबापत पाउने सुविधा निर्धारणपत्र, औषधि उपचार सुविधा निर्धारण पत्र र निवृत्ति डिजिटल परिचयपत्रजस्ता 'कोर सर्भिस प्याकेज'का हकमा लागू गरिएको छ। सेवा पाउने गरी समयबद्ध प्रबन्धसमेत विभागले गरेको छ। सेवाग्राहीलाई दुई घण्टाभित्र सेवा प्रदान गर्ने गरी प्रबन्ध गरिएको विभागको भनाइ छ।

'फेसलेस गरिएका सेवाका लागि कुनै पनि व्यक्ति कार्यालयको दैलोमा आउनुपर्ने र भौतिक रूपमा उपस्थित हुनुपर्ने बाध्यता अन्त्य भएको छ। यसले दूरदराजका कर्मचारी, बिरामी, अशक्तलाई सहज हुनेछ,' महानिर्देशक पोखरेलले भने, 'अन्तरसरकारी निकायबिच सूचना आदानप्रदान गरेर सेवा अगाडि बढाउँदा सेवाप्रवाहमा ठुलो योगदान पुग्नेछ।'

प्रमुख सेवाहरूलाई समयबद्ध र फेसलेस गराउनका लागि 'फोर डी फर्मुला'को प्रभावकारी कार्यान्वयन गरेको विभागले जनाएको छ। अवकाश हुने शतप्रतिशत कर्मचारीको फाइलको डिजिटलप्रति कम्प्युटर स्क्रिनमा हेर्न सकिने अवस्थामा पहिले नै डिजिटाइज्ड गरिएको थियो। अब अवकाश हुने कर्मचारीको डकुमेन्ट/फाइल हरेक महिनाको १ गतेअघि नै सेवाकक्षमा पुगिसकेको हुने र यस्तो अवस्थामा फाइल खोजिरहनुपर्ने झन्झट नहुने विभागको भनाइ छ। निर्णय गर्ने अधिकारी सेवाप्रवाहको विन्दुको नजिक रहने सुनिश्चितता गरेर 'फ्रन्ट डेस्क'मा सेवाप्रति प्रतिबद्ध र सेवाग्राहीप्रति जवाफदेही कर्मचारी खटाइएको विभागले जनाएको छ।

सेवालाई फेसलेस बनाउन एपिआई (एप्लिकेसन प्रोग्रामिङ इन्टरफेस)को विकास र प्रयोगमार्फत डिजिटल डाटा सेयरिङको सुनिश्चितता गरिएको विभागले जनाएको छ। एपिआईको प्रयोग गरी राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागको प्रणालीसँग पिआइएस प्रणाली जोडेर डिजिटल डाटा सेयरिङको व्यवस्था मिलाइएको छ। 'अबउप्रान्त सेवाग्राहीको फोटो टाँस्नुपर्ने, लेखात्मक रेखात्मक हस्ताक्षर गर्नुपर्ने प्रक्रियात्मक बाध्यताको अन्त्य गरिएको छ,' विभागले भनेको छ। महानिर्देशक पोखरेलले केही समयपछि जिल्लाबाटै सेवा पाउने गरी इ-पेन्सनको गृहकार्यसमेतमा विभाग लागेको बताए। किताबखानाबाट प्रदान गर्ने अन्य सेवालाई पनि क्रमशः फेसलेस बनाउँदै लगिने उनको भनाइ छ।

कांग्रेसको महाधिवेशन अनिश्चित

विशेष महाधिवेशनको छलफलमा इतर समूह

प्रेम गौतम/नयाँ पत्रिका

कांग्रेसको महाधिवेशन कार्यतालिकाअनुसार बुधबार वडा अधिवेशन हुनुपर्ने हो। तर, क्रियाशील सदस्यताको विषय नै नटुंगिएपछि महाधिवेशन प्रभावित भएको छ। क्रियाशील सदस्यता नवीकरण र नयाँ वितरणको इन्ट्रीसमेत सकिएको छैन। कतिपय क्षेत्रमा क्रियाशीलबारे अझै विवाद रहेको छ।

गत १५ मंसिरमा केन्द्रीय कार्यसमिति बैठकले १५औँ महाधिवेशनको कार्यतालिका ल्याएको थियो। जसमा १६ पुसमा वडा अधिवेशन, १७ पुसमा पालिका अधिवेशन, १९ पुसमा प्रदेश सभा क्षेत्रीय अधिवेशन, २१ पुसमा प्रतिनिधिसभा क्षेत्रीय अधिवेशन र एक मात्र प्रतिनिधिसभा निर्वाचन क्षेत्र भएको जिल्लाको अधिवेशन गर्ने तालिका छ। २२ पुसमा दुई वा दुईभन्दा बढी निर्वाचन क्षेत्र रहेका जिल्ला अधिवेशन गर्ने तालिका छ। यस्तै, २३ र २४ पुसमा प्रदेश अधिवेशन र २६, २७ र २८ पुसमा काठमाडौंमा केन्द्रीय महाधिवेशन गर्ने कार्यतालिका छ। तोकिएको मितिमा महाधिवेशन नहुने निष्कर्षसहित कांग्रेसको केन्द्रीय कार्यसम्पादन समितिमा छलफल भए पनि निर्णय भएको छैन। पछिल्ला बैठक प्रतिनिधिसभाको समानुपातिक उम्मेदवार चयनमा केन्द्रित भएको थियो।

कार्यसम्पादन समितिबाट नयाँ तालिका आउने प्रचार विभाग प्रमुख मीन विश्वकर्मा बताउँछन्। 'यो कार्यतालिका पहिले नै प्रभावित भइसक्यो। अब नयाँ कार्यतालिकाअनुसार महाधिवेशनको काम अघि बढ्छ,' उनले भने। कार्यसम्पादन समिति बैठकमा महामन्त्री गगन थापाले वडा, प्रतिनिधिसभा क्षेत्र र केन्द्रीय महाधिवेशन गर्ने गरी १५औँ महाधिवेशन कार्यतालिका संशोधनको प्रस्ताव गरेका थिए। तर, संस्थापन पक्षले त्यसलाई स्वीकार गरेन। कांग्रेस निर्णयमा पुगिसकेको छैन।

कार्यतालिकाअनुसार काम नभएपछि कांग्रेसमा फेरि विशेष महाधिवेशनको बहस सुरु भएको छ। नियमित महाधिवेशन पुसमा नहुने देखिएपछि विशेष महाधिवेशन पक्षधरहरूले छलफल थालेका छन्। उनीहरूले कानुन व्यवसायीसँग समेत छलफल गरेका छन्। 'छलफलमै छौं। विधानले दिएको अधिकारअनुसार विशेष महाधिवेशन माग गरेर ५४ प्रतिशत महाधिवेशन प्रतिनिधिको हस्ताक्षर गत २९ असोजमै बुझाइसकेका हौं। हस्ताक्षर बुझेको तीन महिनाभित्र विशेष महाधिवेशन गर्नुपर्ने वैधानिक अवस्था हो। त्यो अवधिमा नियमित महाधिवेशन हुन्छ भने पनि ठिकै छ भनेर हामीले स्वीकार्‍यौं। तर, पुसभित्र पनि महाधिवेशन नहुने देखिएपछि अब विशेष महाधिवेशनको विकल्प छैन,' विशेष महाधिवेशनका लागि हस्ताक्षर अभियानको अगुवाइ गरेका नेता गुरुराज घिमिरेले भने।

■ देउवा भन्छन्- **चुनावअघि महाधिवेशन गर्दा पार्टीभित्रको प्रतिस्पर्धाले असर पर्छ**



> विशेष महाधिवेशनमा गयो भने त्यसको विधि के हो, कसरी गर्ने भनेर फेरि अर्को झगडा हुन्छ। त्यसकारण विशेष महाधिवेशन हुँदैन। निर्वाचनअगाडि महाधिवेशन गर्दा पार्टीभित्रको प्रतिस्पर्धाले असर पर्छ। नियमित महाधिवेशन गर्ने नै हो भने मैले रोक्ने कुरा हुँदैन।

२८ पुसभित्रै विशेष महाधिवेशनको स्थान र मिति तोक्न विशेष महाधिवेशन पक्षधरले नेतृत्वलाई दबाब दिँदै आएका छन्। महामन्त्रीद्वय गगन थापा र विश्वप्रकाश शर्मा पनि विशेष महाधिवेशनको पक्षमा छन्। तर, सभापति शेरबादुर देउवा, कार्यवाहक सभापति पूर्णबहादुर खड्का विशेष महाधिवेशन गर्न नहुने पक्षमा छन्।

आफूनै निवास महाराजगन्जमा मंगलबार केही पत्रकारसँगको कुराकानीमा देउवाले विशेष महाधिवेशन नहुने स्पष्ट पारेका छन्। सहमतिमा नियमित महाधिवेशन प्रतिनिधिसभा निर्वाचनअघि गर्न सकिने पनि उनले बताएका छन्। 'विशेष महाधिवेशनमा गयो भने त्यसको विधि के हो, कसरी गर्ने भनेर फेरि अर्को झगडा हुन्छ। त्यसकारण विशेष महाधिवेशन हुँदैन,' देउवाले भने, 'निर्वाचनअगाडि महाधिवेशन गर्दा पार्टीभित्रको प्रतिस्पर्धाले असर पर्छ। नियमित महाधिवेशन गर्ने नै हो भने मैले रोक्ने कुरा हुँदैन।'

देउवाले १५औँ महाधिवेशनमा विधानतः आफू उम्मेदवार बन्न नमिल्ने र इच्छा पनि नभएको बताए। उनले महाधिवेशनमा त्रिपक्षीय प्रतिस्पर्धा हुने सम्भावना औँल्याए। कार्यवाहक सभापति पूर्णबहादुर खड्का, नेता शेखर कोइराला र महामन्त्री गगन थापाबिच सभापतिमा प्रतिस्पर्धा हुन सक्ने उनले संकेत गरे। दोस्रो चरणबाट नेतृत्व छानिन सक्ने उनले बताए।

'शेखर लड्छन्, पूर्णबहादुर पनि कार्यवाहक भएकाले लड्छन् होला, गगन लडिहाल्छन्। फर्स्ट राउन्डमा रिजल्ट आउन्न कि ?' देउवाको भनाइ थियो, 'शेखरले अहिलेसम्म म सभापतिको उम्मेदवार हुँदै छु, सहयोग गर्नुस् भन्नुभएको छैन। गगन र विश्व आउनुभएको थियो। मैले अहिले पूर्णबहादुरलाई नै सहयोग गर्छु भनेँ।' आफूले कार्यवाहक जिम्मेवारी दिइसकेकाले पार्टीका निर्णयहरू नियमित रूपमै होस् भन्ने चाहना राखेको उनले बताए।

संक्षेप

परराष्ट्रमन्त्री शर्मा ढाकामा

काठमाडौं/ बंगलादेशकी प्रथम महिला प्रधानमन्त्री वेगम खालिदा जियाको बुधबार हुने अन्त्येष्टिमा परराष्ट्रमन्त्री बालानन्द शर्मा सहभागी हुने भएका छन्। उनी मंगलबारै ढाका पुगेका छन्। जियाको मंगलबार बिहान ८० वर्षको उमेरमा ढाकामा निधन भएको थियो। बुधबार राष्ट्रिय संसद्को दक्षिण प्लाजा तथा त्यससँगैको मानिक मियाँ एभिन्युमा जियाको अन्त्येष्टि गरिनेछ। जियाको निधनप्रति प्रधानमन्त्री सुशीला कार्की, भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी, पाकिस्तानका प्रधानमन्त्री साहबाज सरिफलगायतले समवेदना जनाएका छन्। उनको अन्त्येष्टिमा सहभागी हुन भारतीय विदेशमन्त्री डा. एस जयशंकर, भुटानी परराष्ट्रमन्त्री दीनानाथ ढुंगेल, पाकिस्तानका सभामुख सरदार आयाज सदिक ढाका पुग्दै छन्।

जंगलमा युवकको शव फेला, हत्या भएको आशंका

सिन्धुली/ घ्याङलेख गाउँपालिका- १, पिउरीखोलाको जंगलमा युवकको शव फेला परेको छ। सुनकोशी गाउँपालिका- ५ बन्दीपुरका २२ वर्षीय आसमान तामाङको गोली हानी हत्या भएको अवस्थामा शव फेला परेको जिल्ला प्रहरी कार्यालय सिन्धुलीले जनाएको छ। प्रहरीका अनुसार तामाङ साथीहरूसँग सोमबार राति सिकार खेल्न गएका थिए। तर, उनीसँग को-को गएका थिए भन्ने विषयमा खुल्न सकेको छैन। उनको शव घरदेखि करिब तीन किलोमिटर दक्षिणतर्फ पर्ने घ्याङलेख गाउँपालिका- १, पिउरीखोला क्षेत्रको घना जंगलमा फेला परेको प्रहरीले बताएको छ।

ज्यान मुद्दामा सजाय तोकिएका तामाङ १६ वर्षपछि पक्राउ

धनकुटा/ कर्तव्य ज्यान मुद्दामा दोषी ठहर भई १० वर्ष कैद सजाय तोकिएका एक प्रतिवादी १६ वर्षपछि पक्राउ परेका छन्। जिल्ला अदालत धनकुटाले २३ जेठ ०६६ मा कर्तव्य ज्यान मुद्दामा दोषी ठहर गरेका धनकुटाको चौबिसे गाउँपालिका- ३ का ६२ वर्षीय भीमबहादुर तामाङ पक्राउ परेका हुन्। हाल मोरङको केराबारी गाउँपालिका- ६ मा नाम र पहिचान परिवर्तन गरी लुकीछिपी बस्दै आएका तामाङलाई प्रहरीले विशेष सूचनाका आधारमा घरैबाट पक्राउ गरी जिल्ला अदालत धनकुटामा बुझाएको जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी किशोर तामाङले बताए।

शीतलहर प्रभावितलाई न्यानो बनाउन जुटे स्थानीय तह र सेना

महोत्तरी/ एक सातायता महोत्तरीलगायत तराई मधेशमा नरोकिएपछि स्थानीय तह र सेनाले दाउरा वितरण गर्न थालेका छन्। महोत्तरी सदरमुकाम जलेश्वर, पिपरा, मटिहानी, मनरा सिस्वा, एकडारा, बल्वालगायत क्षेत्रका चोक तथा सार्वजनिक स्थलमा स्थानीय तहले दाउरा वितरण गर्दै आगो बाल्ने गरेका छन्। नेपाली सेनाको गोरखनाथ गणले समेत मटिहानी गनरपालिकास्थित तसमैया बाबा पार्कमा सरसफाइ तथा मटिहानीका विभिन्न चोकमा न्यानोका लागि दाउरा बाल्ने गरेको छ।

१८ टन ग्यास बोकेको बुलेट राजमार्गमै पल्टिएर लिकेज

विस्फोटको खतरा देखिएपछि पूर्व-पश्चिम राजमार्ग पूर्ण रूपमा अवरुद्ध, हजारौँ सवारीसाधन बिचबाटोमै रोकिए



रौतहटमा **अशोक पहाडी**

पूर्व-पश्चिम राजमार्गअन्तर्गत चन्द्रनिगाहपुर-निजगढ सडकखण्डको बिचभागमा ग्यास बोकेको ट्यांकर दुर्घटना हुँदा राजमार्ग पूर्ण रूपमा अवरुद्ध भएको छ। दुर्घटनापछि ट्यांकरबाट ग्यास लिक भइरहेकाले सुरक्षाका कारण राजमार्गमा सवारी आवागमन पूर्ण रूपमा रोकिएको प्रहरीले जनाएको छ।

मंगलबार बिहान करिब साढे ७ बजेतिर पूर्वबाट पश्चिमतर्फ जाँदै गरेको युपी १७ ए २१४ नम्बरको एलपी ग्यास बोकेको ट्यांकर अनियन्त्रित भई दुर्घटनामा परेको हो। दुर्घटनालगत्तै ट्यांकरबाट ग्यास चुहिन थालेपछि सम्भावित विस्फोटको खतरा देखिएको र त्यसलाई मध्यनजर गर्दै इलाका प्रहरी कार्यालय चन्द्रनिगाहपुरले राजमार्ग ठप्प पारेको जनाएको छ। इलाका प्रहरी कार्यालय चन्द्रनिगाहपुरका अनुसार ग्यास लिक भइरहेकाले यात्रु तथा स्थानीयवासीको सुरक्षालाई ध्यानमा राख्दै पूर्व-पश्चिम दुवैतर्फको सवारी आवागमन पूर्ण रूपमा रोकिएको हो। राजमार्ग अवरुद्ध भएपछि पूर्वबाट पश्चिम तथा पश्चिमबाट पूर्वतर्फ आवतजावत गर्ने हजारौँ सवारीसाधन बिचबाटोमै रोकिएका छन्।

इलाका प्रहरी कार्यालय चन्द्रनिगाहपुरकी डिएसपी रूपा लाबुडले ट्यांकरबाट भइरहेको ग्यास लिक नियन्त्रणमा लिन विज्ञ तथा प्राविधिक टोली बोलाउने प्रक्रिया भइरहेको बताइन्।

■ राजमार्गको दुवैतर्फ करिब पाँच किलोमिटर क्षेत्र खाली गराइयो

जिल्ला ट्राफिक प्रहरी कार्यालय चन्द्रनिगाहपुर, रौतहटका प्रमुख प्रहरी निरीक्षक राजेन्द्र थापामगरका अनुसार मंगलबार साँझ ८ बजेदेखि पूर्व-पश्चिम हाइटेन्सन विद्युत् लाइन काटेर ग्यास बुलेट हटाउने प्रयास गर्ने तयारी गरिएको छ। उनका अनुसार ग्यास बुलेट पल्टिएको अवस्थामा रहेको र पल्टिएकै तल्लो भागबाट ग्यास लिक भइरहेको हुँदा त्यसलाई टाल्न निकै जटिल देखिएको छ।

प्रहरी निरीक्षक थापामगरले ग्यास बुलेट पल्टाउँदा विस्फोट हुने उच्च जोखिम रहेकाले सावधानीपूर्वक काम भइरहेको बताए। प्राविधिकहरूका अनुसार ग्यास बुलेट सिधा पार्ने प्रयास गर्दा विस्फोटको सम्भावना रहेकाले हालको अवस्थामा ग्यास लिक भएरै बिस्तारै सकिन दिनुबाहेक तत्काल सुरक्षित विकल्प नरहेको प्रहरीको भनाइ छ। सम्भावित जोखिमलाई मध्यनजर गर्दै दुर्घटनास्थलआसपास राजमार्गको दुवैतर्फ करिब पाँच किलोमिटर क्षेत्र खाली गराइएको छ। सुरक्षा सतर्कता बढाइएसँगै स्थानीयवासीलाई पनि सतर्क रहन आग्रह गरिएको प्रहरीले जनाएको छ। ग्यास बुलेट पूर्ण रूपमा सुरक्षित रूपमा हटाएपछि मात्रै राजमार्ग खुलाइनेछ।

एकीकरणपछि प्रदेश सभामा ठुलो दल बन्दै नेकपा

धनगढी/ नागरिक उन्मुक्ति पार्टीसँग एकीकरणपछि नेपाली कम्युनिस्ट पार्टी सुदूरपश्चिम प्रदेश सभामा सबैभन्दा ठुलो दल बन्ने भएको छ। नेकपा र नागरिक उन्मुक्तिबिच पार्टी एकीकरणसम्बन्धी सम्झौता सोमबार भएको थियो। ५३ सदस्यीय प्रदेश सभामा अहिले १८ सांसद रहेको कांग्रेस सबैभन्दा ठुलो दल छ। सरकारको नेतृत्व पनि कांग्रेसले नै गरिरहेको छ। प्रदेश सभामा तत्कालीन माओवादीका सभामुखसहित ११ र तत्कालीन एकीकृत समाजवादीका चार (एक निलम्बनसहित) सांसद छन्। प्रदेशमा सातजना सांसद रहेको नागरिक उन्मुक्तिसँगको एकीकरणपछि नेपाली कम्युनिस्ट पार्टी सभामुख र एकजना निलम्बनबाहेक २० सांसदसहित ठुलो दल बन्नेछ।

तत्कालीन माओवादी र एकीकृत समाजवादी पार्टीसहित घटक मिलेर नेपाली कम्युनिस्ट पार्टी बने पनि संसदीय दल समायोजन भएको छैन। एकीकरणपछि प्रदेश तथा जिल्लास्तरका सभाहरूमा केन्द्रित हुनुपरेकाले संसदीय दल एकीकरण भइनसकेको तत्कालीन माओवादीका प्रमुख सचेतक गीतादेवी मालले बताइन्। प्रदेश सभामा एमालेका ११ सांसद छन्। राप्रपाका एक र एकजना स्वतन्त्र (हाल राष्ट्रिय स्वतन्त्र पार्टीमा) सांसद छन्। नेकपा ठुलो दल बने पनि अहिले कांग्रेस-एमाले सम्मिलित सरकारको अंकगणितमा भने कुनै असर पर्नेछैन। प्रदेशमा सरकार निर्माणका लागि २७ सदस्य समर्थन आवश्यक पर्नेमा कांग्रेसका १८ र एमालेका ११ सांसद छन्। नेकपासँग एकीकरण भए पनि पछिल्लो समय नागरिक उन्मुक्ति पार्टी यहाँ छिन्नभिन्न अवस्थामा छ।

ब्युँतिँदै काठमाडौं महानगरका ढुंगेधारा

शान्ता कमली/नयाँ पत्रिका

काठमाडौं महानगरपालिकाले पछिल्लो समय ऐतिहासिक ढुंगेधारा ब्युँताउन लागेसँगै स्थानीयलाई खानेपानीमा सहज हुन थालेको छ। महानगरपालिकाले गएको वर्ष मात्रै २० भन्दा बढी ढुंगेधारा ब्युँताएको थियो। गत वर्ष महानगरपालिकाले पुरानै अवस्थामा फर्काएको ढुंगेधारामध्ये एक हो, काठमाडौं महानगर- २१ यंगालको योगा हिटी। यो धाराबाट ५ दशकपछि पानी आउने बनाइएको हो। हाल यसबाट कलकल पानी आउने गरेको महानगरका प्रवक्ता नवीन मानन्धरले जानकारी दिए। उनका अनुसार ऐतिहासिक ढुंगेधारालाई पुरानै अवस्थामा फर्काउन महानगरपालिकाले अध्ययन गर्दै गत वर्षदेखि काम थालेको थियो।

अध्ययनका क्रममा मल्लकालीन, लिच्छविकालीनलगायत कालखण्डमा बनेका कतिपय पुरिएका हिटी पनि भेटिएका थिए। त्यसमध्येको एउटा हिटी यंगालको योगा हिटी हो। यो हिटीमा ५० वर्षपछि पानी आउन थालेपछि स्थानीयवासीलाई खानेपानीमा सहज हुने गरेको छ। 'अहिले यस क्षेत्रको धारामा पानी आउन थालेपछि सहज हुन थालेको छ,' वडा नम्बर २१ का इन्द्र सापकोटाले भने, 'ढुंगेधाराबाट पानी आउन थालेपछि इनारबाट पानी झिक्न छाडेका छौं।'

महानगरपालिकाका अनुसार हाल काठमाडौंमा थुप्रै ढुंगेधारा भए पनि ६० प्रतिशतमा पानी आउँदैन। २० प्रतिशत ढुंगेधारा लोप भइसकेका छन्। तिनको खोजी भइरहेको महानगरपालिकाले जनाएको छ। हाल महानगरमा रहेका ढुंगेधारामध्ये ६० प्रतिशतमा पानी नआउने, हराउने र नभेटिनेजस्ता समस्या भएको सम्पदा विभागले जनाएको छ। खानेपानी तथा सम्पदा क्षेत्रमा काम गर्दै आइरहेको अलान फाउन्डेसनले एक वर्षअघि तयार पारेको रिपोर्टअनुसार महानगरभित्रका १५४ ढुंगेधारामध्ये ६१ वटामा मात्र पानी आएको भेटिएको थियो। उक्त अध्ययनका क्रममा महानगरका सबै ढुंगेधाराको स्थलतगत अध्ययन गरिएको थियो। अध्ययनका क्रममा ५० वटा मा कहिल्यै पानी नआउने भेटिएको थियो भने १० वटा संकटमा परेका (लोप हुन लागेको अवस्थामा) रहेको पाइएको थियो। त्यस्तै, २१ वटा हराएका पत्ता लागेका थिए भने १२ वटा फेला नपरेको (नभेटिएको) पाइएको थियो। अध्ययनका क्रममा १२१ हिटी भौतिक रूपमा भेटिएका थिए। पुरातत्त्व विभागका महानिर्देशक सौभाग्य प्रधानांगले पछिल्लो समय ढुंगेधारामा पानी आउने स्थिति बनाउनका लागि स्थानीय, महानगर र विभागले समन्वय गरिरहेका छन्। केही समयअघि मात्रै कोटेश्वरमा पुरिएको अवस्थामा रहेको ढुंगेधारा ब्युँताउन विभागले विज्ञ टोली खटाएको थियो। त्यहाँ उत्खनन भनेर धारा ब्युँतिने अवस्थामा छ। 'हामीले सकेसम्म पुराना ढुंगेधाराको इतिहास फर्काउन खोजिरहेका छौं,' उनले भनिन्, 'तर, सबैतिर एकैपटक काम गर्न बजेट पुग्दैन, हरेक वर्ष ढुंगेधारामा हामीले बजेट थप्दै काम गरिरहेका छौं।' उनका अनुसार उपत्यकाका कतिपय स्थानहरूमा ढुंगेधारा पुरिएको प्रमाणसहित विभागलाई जानकारीसमेत आएका छन्। त्यसमा विज्ञ टोली पुगेर अध्ययन र उत्खननको तयारीसमेत गरेको छ। ढुंगेधारामा पछिल्लो समय स्थानीय तहहरूले बजेट छुट्याए पनि कतिपयमा पानी आउन कठिन देखिएको छ। काठमाडौं महानगरपालिकाले पनि गत वर्ष १० वटा हाराहारी ढुंगेधारा उत्खनन गरेकोमा पानी नआउने भएपछि ती ढुंगेधारा बनाउने वा नबनाउने भन्नेमा दोधारसमेत भएको छ।



महानगरपालिकाले चालू आर्थिक वर्षमा ढुंगेधारा मर्मतका लागि मात्रै २५ करोड ३० लाख बजेट विनियोजन गरेको थियो। यो वर्ष नै महानगरले सिनामंगलमा दुईवटा ढुंगेधारामा पानी आउने बनाएको छ। ढुंगेधारामा पानी आउन थालेपछि ओहोरदोहोर गर्नेहरूले ढुंगेधाराको पानी पिउने गरेका छन् भने आसपासका स्थानीयवासीले ढुंगेधाराको पानी प्रयोग गरेका थिए। काठमाडौं सिनामंगलका रमेशमान शाक्यले ढुंगेधारामा पानी आउन थालेपछि स्थानीयलाई खानेपानीमा सहज भएको बताए। 'काठमाडौं महानगरपालिकाले ढुंगेधारामा पानी ल्याउन पहल गरिरहेको छ, कतिपय ढुंगेधारा बनाएको छ, हामीलाई सहज भएको छ, ढुंगेधारामा पानी आउन थालेपछि सहज हुन थालेको छ, यसका कारण जमिनको पानी जथाभावी झिक्न पर्दैन, यो राम्रो हो, अन्य ढुंगेधारामा पानी आउने अवस्था बनायो भने स्थानीयलाई राहत हुन्छ,' उनले भने, 'महानगरपालिकाले पछिल्लो समय ढुंगेधाराहरू ब्युँताउने गरी गरेको काम निकै सराहनीय छ, अन्य स्थानीय तहहरूले पनि यसबाट सिक्न जरुरी छ।' महानगरका वडागत रूपमा हेर्दा पनि हाल वडा नम्बर १५ र ३२ मा १२-१२ वटा हिटी रहेका छन्। वडा नम्बर ५, २८ र ३१ मा चार-चारवटा, वडा नम्बर २० मा पाँचवटा, वडा १, ८, १९, २६ मा ६-६ वटा हिटी फेला परेको महानगरका प्रवक्ता मानन्धरले बताए।

युवाको बलिदान र सत्ता पुनर्संरचनाको अवसर

अब पनि ७६ सहिदको सपना अनुत्तरित रह्यो भने भोलिका दिनमा उठ्ने आन्दोलन नाराबाट होइन, निष्कर्षबाट सुरु हुनेछ



● विवेक शर्मा

अग्रलेख

नेपालको समसामयिक राजनीतिमा जेन-जी आन्दोलन कुनै सामान्य राजनीतिक घटना थिएन । नेपालको पछिल्लो राजनीतिक इतिहासमा जेन-जी आन्दोलन एउटा गहिरो सामाजिक-राजनीतिक असन्तोष र त्यसविरुद्धको विस्फोटको प्रस्ट संकेत थियो । यो आन्दोलन न त कुनै दल विशेषको आह्वान थियो, न त सत्ता परिवर्तनको योजनाबद्ध अभियान नै । यो त लामो समयदेखि थिचिँदै आएका युवाको असन्तोष, निराशा, बेरोजगारीको पीडा, दण्डहीनता, पुरानो राजनीतिक अपसंस्कृति, भ्रष्टाचार र राज्यप्रतिको अविश्वासको सामूहिक विस्फोट थियो । तर, आन्दोलनपछि देश जुन अवस्थामा पुगेको छ, त्यहाँ एउटा गम्भीर प्रश्न उभिएको छ । के जेन-जी आन्दोलन वास्तवमै राज्य रूपान्तरणका लागि थियो, कि केवल सत्ता हस्तान्तरणलाई वैधता दिन प्रयोग गरिएको अस्त्र मात्र थियो ?

यति मात्रै होइन, नेपाल थप गम्भीर प्रश्नको चौबाटोमा उभिएको छ । यो प्रश्न कुनै दलको होइन, कुनै नेताको होइन, कुनै विचारधाराको पनि होइन, यो प्रश्न जनआन्दोलनको आत्मासँग सम्बन्धित छ । २३ र २४ भदौमा सडक ततातेने जेन-जी आन्दोलन वास्तवमै केका लागि थियो ? के त्यो आन्दोलन केवल निर्वाचन गराउनकै लागि थियो ? के त्यो आन्दोलन केही परिचित अनुहारलाई मन्त्री बनाउने प्रक्रियाको औपचारिकता मात्र थियो ? यदि उत्तरमा 'हो' भन्ने हो भने, यो देशले ७६ जना युवालाई व्यर्थै गुमायो भन्ने स्वीकारोक्ति गर्न सरकार तयार हुनुपर्छ । सडकमा उत्रेका ती युवाले त राज्य बदलियोस्, राजनीति सुधियोस्, शासन जवाफदेही बनोस् भनेका थिए, तर आन्दोलन चर्किँदै जाँदा, राजनीतिक दलहरूले यसलाई आफ्नो सत्ता संकट व्यवस्थापन गर्ने अवसरका रूपमा प्रयोग गरे । जुन जेन-जी आन्दोलनका लागि दुर्भाग्य मात्र हुन जान्छ । यति मात्रै होइन, अन्तरिम सरकारको एक सय दिन पूरा हुँदा पनि सरकारमाथि कैयौं नैतिक प्रश्नहरू तेर्सिइरहेका छन् । जस्तो भ्रष्टाचार छानबिन आयोग किन गठन भएन ? प्रधानमन्त्री र मन्त्रीहरूको सम्पत्ति विवरण किन सार्वजनिक भएन ? जेन-जी आन्दोलनमा अत्यधिक बल प्रयोग भएकामा तत्कालीन प्रधानमन्त्रीको किन बयान लिइएन ? (तत्कालीन गृहमन्त्रीको चाहिँ बल्ल यसै साताको सोमबार बयान लिइएको छ ।) प्रशासनिक सुधारका लागि नीतिगत पहल किन भएन ? यो सारा यक्ष प्रश्न सरकारसामु उठिरहेका छन् ।

अब कुरा आउँछ, यदि आन्दोलनपछि पनि सत्ता उही हातमा, निर्णय उही सोचमा र परिणाम उही निराशामा सीमित रह्यो भने, त्यो आन्दोलन इतिहासको गर्विलो अध्याय होइन, राजनीतिक विडम्बनाको अर्को संस्करण मात्रै साबित हुनेछ । आज जेन-जी आन्दोलनपछिको राजनीतिक गतिविधिलाई राम्ररी नियाल्दा एउटा तीतोसत्य देखिन्छ- सडक बदलियो, सत्ता बदलियो तर प्रणाली बदलिएन । के वास्तविकता यो नै हो र ? यदि वास्तविकता यस्तै हो भने आउने दिनहरूमा यो देशका जनताले कुनै नाम कमाएका वा सोसल मिडियामा चर्चा पएका पात्रप्रति विश्वास गर्नेछैनन् ।

■ जनआक्रोशको विस्फोट, कि सत्ताको अवसरवाद

जेन-जी आन्दोलनको गर्भमा बेरोजगारी थियो, भ्रष्टाचार थियो, दण्डहीनता थियो र सबैभन्दा बढी थियो- पुरानो राजनीतिक नेतृत्वप्रतिको वितृष्णा । सडकमा उत्रिएका युवाले नयाँ निर्वाचन गराऊ मात्र भनेका थिएनन् । उनीहरूले भनेका थिए- राज्य जवाफदेही बनोस्, कानुन सबैका लागि समान होस्, राजनीति सेवामुखी बनोस्, तर आन्दोलन चर्किँदै जाँदा, राजनीतिक दलहरूले यसलाई आफ्नो संकट व्यवस्थापनको अवसरका रूपमा प्रयोग गर्न थाले । सडकको ऊर्जा सिंहदरबारको सौदाबाजीमा विलय हुँदै गयो ।

२३ र २४ भदौमा ७६ नेपाली युवाले ज्यान गुमाए । यो संख्या केवल तथ्यांक होइन, यो राज्यको नैतिक असफलताको मापन पनि हो । आन्दोलनपछि सरकारले के गऱ्यो ? सहिद घोषणा गऱ्यो, राहतको आश्वासन दियो, भावुक भाषण गऱ्यो, नेताहरूले परिवारका सदस्यसँग भेटेर दुःख मात्र साटे र तपाईंको छोरो म हुँ भन्ने आश्वासन मात्र दिए, तर मूल प्रश्न भने अझै अनुत्तरित छ । के ती सहिदको सपना सत्ता समीकरणमै सीमित थियो ? आन्दोलनको निष्कर्ष केवल मन्त्रीहरूको सूची फेरिनु हो भने राज्यले आफैँ स्वीकार गरिरहेको हुन्छ कि बलिदानको मूल्य सत्ता समीकरण फेरिनु मात्रै थियो ।

आन्दोलन सकियो, राज्यको स्मृति पनि सकियो, तर अस्पतालमा आन्दोलन अझै जारी छ । गोली, लाठी र अश्रुग्यासको सिकार भएका युवाहरू- आज पनि उपचार, पुनर्स्थापना र न्यायको पर्खाइमा छन् । राज्यको प्रतिक्रिया के छ ? समिति, प्रक्रिया र प्रतिवेदन मात्रै हो कि ! नेपालमा आन्दोलनपछि सबैभन्दा छिटो हराउने विषय भनेकै घाइते र पीडितको पीडा हो । तर, ती पीडामा बाँचिरहेका घाइते जिउँदा सहिद र ती बाआमा, जसले हुकिँदै गरेका सन्तान गुमाए । जसले आफ्नो बुढेसकालको सहारा गुमाए । उनीहरूको एउटै आशा छ कि अब नेपालमा भ्रष्टाचारीहरू जेल जान्छन्, मेरा सन्तानका हत्याराहरू जेल जान्छन्, तर ती सबै आशा निराशामै सीमित रहने जोखिम देखिन थालेका छन् ।



> बलिदानी आन्दोलनपछि पनि सत्ता तिनै हातमा, निर्णय उही सोचमा र परिणाम उही निराशामा सीमित रह्यो भने त्यो आन्दोलन इतिहासको गर्विलो अध्याय होइन, राजनीतिक विडम्बनाको अर्को संस्करण मात्रै साबित हुनेछ

जेन-जी आन्दोलनको केन्द्रविन्दु थियो, सुशासन । तर, आन्दोलनपछि सुशासन शब्द भाषण र प्रेस विज्ञप्तिमा मात्र सीमित देखिन्छ । आज पनि घुस संस्कृति उस्तै छ, प्रशासनिक सिन्डिकेट उस्तै बलियो छ, घुस संस्कृति यथावत् छ, दण्डहीनता संस्थागत छ, कमजोर कानुनी राज्य उस्तै छ । सत्ता परिवर्तनपछि पनि जनताले जीवनस्तरमा कुनै अनुभूतिगत परिवर्तन महसुस गर्न सकेनन् भने त्यो सरकार राजनीतिक रूपमा वैध भए पनि नैतिक रूपमा असफल ठहरिन्छ ।

■ प्रधानमन्त्रीका वाचा, क्रान्तिकालीन भाषा र सत्ताकालीन मौनता

आन्दोलनअघि नेपालीले विश्वास गर्ने पात्रका रूपमा र हकी न्यायमूर्तिका रूपमा परिचित हुनुहुन्थ्यो सुशीला कार्की । आन्दोलनअघि उहाँले निकै कडा शब्द प्रयोग गर्नुभयो- "भ्रष्टाचारीलाई खोरमा राख्न एक दिन काफी छ ।" त्यो भाषणमाथि देशका जेन-जी युवाले मात्रै होइन कि जेन-वाई र जेन-एक्सले पनि उतिकै विश्वास गरे । ती भाषणका शब्द आज पनि अभिलेखमा छन्, तर व्यवहारमा देखिँदैनन् । ती खोर किन खाली छन् ? भ्रष्टाचारी किन अझै शक्तिकेन्द्रवरिपरि घुमिरहेका छन् ? वाचा पूरा नगर्नु केवल राजनीतिक कमजोरी होइन, जेन-जी आन्दोलनप्रतिको नैतिक बेइमानी हो ।

यो सरकारलाई 'इतिहासकै सबैभन्दा पढेलेखेको र विज्ञहरूको मन्त्रिमण्डल' भनियो । तर, राजनीति डिग्रीले होइन, निर्णय दृष्टि, साहस र क्षमताले चल्छ । आजसम्म संरचनागत सुधार देखिएको छैन, प्रशासनिक प्रतिरोध तोडिएको छैन, नीतिभन्दा सत्ता सन्तुलन हाबी छ । यसले देखाउँछ ज्ञान छ, तर परिवर्तन गर्ने राजनीतिक साहस कमजोर छ ।

जेन-जी आन्दोलन युवाको आन्दोलन थियो । आन्दोलनको शक्ति, शासनको प्राथमिकता थिएन, तर आन्दोलनपछि युवाको एजेन्डा कहाँ छ ? आज पनि युवा पासपोर्टको लाइनमा छन्, एजेन्टको बजार मौलाएको छ । आन्दोलनपछि त युवाको एजेन्डा शासनको प्राथमिकतामै परेन । देशभित्रै भविष्य बनाउनुभन्दा पलायन रोज्नु नियति बनेको छ । देशभित्र भविष्य होइन, निराशा बढेको छ । यही अवस्था रहिरह्यो भने, जेन-जीले फेरि प्रश्न गर्नेछन्- हामी आन्दोलनका लागि मात्र किन प्रयोग भयौं ? एमालेको ११औं महाधिवेशनले एउटा कुरा प्रस्ट गऱ्यो, आन्दोलनको सन्देश दलभित्र प्रवेश गर्न सकेन । फेरि उही नेतृत्व, फेरि उही उमेर समूह, फेरि उही शक्ति संरचना नै हाबी भयो एमालेभित्र । यसले देखाउँछ- दलहरू आन्दोलनबाट सिक्न होइन, बाँच्न मात्र चाहन्छन् । यति मात्रै होइन, एमालेका अध्यक्ष तथा पूर्वप्रधानमन्त्री केपी ओली हिमालयन टेलिभिजनको 'यक्षप्रश्न'मा त अझै सशक्त रूपमै प्रस्तुत हुनुभयो । त्यसले के देखाउँदै छ भने अहिले पनि पुराना दलका शीर्ष नेताहरूको हालीमुहाली उस्तै छ, तिनमा रूपान्तरणको गुन्जाइस नै छैन ।

■ राज्य बदलिन्छ कि समय दोहोरिन्छ ?

नेपालको इतिहासमा आन्दोलन कहिल्यै मरेको छैन । यो दबिन्छ, समय कुर्छ, पुनः प्रकट हुन्छ । यदि सहिदको सपना उपेक्षित रह्यो, युवाको आवाज फेरि दबाइयो, सुशासन नारामै सीमित रह्यो भने यो मौनता नै अर्को आन्दोलनको संकेत हुनेछ । आज सत्ता सिंहदरबारमा छ । तर, भोलि उसले इतिहासको कठघरामा उभिनुपर्नेछ । त्यतिबेला जेन-जीले सोध्ने प्रश्नको उत्तर तयार हुनुपर्छ ।

जेन-जी आन्दोलन एउटा पुस्ताले राज्यसँग गरेको अन्तिम भरोसाको प्रस्ताव थियो । ७६ युवाको बलिदान कुनै राजनीतिक दुर्घटना होइन, यो राज्यलाई दिएको अन्तिम चेतावनी हो । आज सरकारसँग तीनवटा बाटा मात्र छन्- पहिलो, आन्दोलनलाई सत्ता हस्तान्तरणको अध्याय ठानेर बिर्सिने, दोस्रो, भ्रष्टाचारविरुद्ध ठोस कारबाही, युवामैत्री नीति र प्रशासनिक सुधारमार्फत आन्दोलनका मागलाई राज्यको नीतिमा रूपान्तरण गर्ने र तेस्रो, मौन बस्ने । इतिहासले देखाएको छ- मौनता नै सबैभन्दा महँगो र घातक हुने गर्छ ।

सिंहदरबार ढुंगाले बनेको हुन्छ, तर आन्दोलन चेतनाले । ढुंगा टिक्न सक्छ, चेतना दबिँदैन । यदि आज पनि ७६ जना सहिदको सपना अनुत्तरित रह्यो भने, भोलिको आन्दोलन नाराबाट होइन, निष्कर्षबाट सुरु हुनेछ । प्रश्न अझै खुला छ- राज्य आफैँ सुधिन्छ कि फेरि सडकले राज्यलाई सुधार्नुपर्ने बाध्यता आइलाग्छ ? समय अझै बाँकी छ । तर, इतिहासले सधैँ कुर्दैन ।

(शर्मा लेखक, शैक्षिक अभियन्ता हुन्)

---

३ प्रश्न

पूर्वप्रमुख निर्वाचन आयुक्त **अयोधीप्रसाद यादव**लाई



■ पछिल्लो समयमा निर्वाचनबारे उठिरहेका संशय मेटिँदै गएका हुन् ?

निर्वाचनको पक्षमा सकारात्मक वातावरण बन्दै गएको साँचो हो । निर्वाचन आयोगका गतिविधि 'स्मुथली' अघि बढिरहेका छन् । दलहरूले निर्वाचन प्रयोजनका लागि दल दर्ता गर्ने र निर्वाचन आयोगले दिएको समयसीमाभित्र समानुपातिकको बन्दसूची बुझाउने जस्ता काम गरिसकेका छन् । यसलाई सकारात्मक सूचक मान्न सकिन्छ । तर, अझै पनि शतप्रतिशत निर्वाचन हुन्छ भनिहाल्ने समय भने आइसकेको छ जस्तो लाग्दैन । राजनीतिको बजारमा अझै पनि धेरै असन्तुष्ट अभिव्यक्त भइरहेका छन् । यससम्बन्धी 'जुडिसियल डिसिजन' पनि प्रतीक्षाकै विषय बनिरहेको छ । त्यसैले, २१ फागुनमै निर्वाचन हुन्छ अब भनेर ढुक्क हुन सकिने अवस्था बनिसकेको छ जस्तो लाग्दैन ।

■ अब घोषित निर्वाचन सफल बनाउन दलहरूको कस्तो भूमिका रहन्छ ?

दलहरूले आफ्ना तर्फबाट पूरा गर्नुपर्ने दायित्व पूरा गरिरहेकै देखिन्छ । उनीहरूले दलदर्ता र समानुपातिकको बन्दसूची बुझाइसकेका छन् । तल्ला तहबाट प्रत्यक्षतर्फका उम्मेदवार सिफारिस पनि गरिरहेका छन् । उनीहरूले निर्वाचन बिथोलिने खालका अभिव्यक्ति पनि दिएको देखिन्न, सुनिन्न । तर, निर्वाचन सम्पन्न गराउन दलहरूबाहेक पनि धेरै स्टेकहोल्डर हुन्छन् । उनीहरूले पनि इमानदारीपूर्वक आ-आफ्नो भूमिका पूरा गर्नुपर्छ ।

■ निर्वाचन बिथोलिन नदिन सरकारले चाहिँ के गर्नुपर्ला त ?

सरकारले दलहरूलाई विश्वासमा लिन सक्नुपर्छ । उसले सुरक्षा व्यवस्था भर पर्दो बनाउनुपर्छ । उम्मेदवारहरूको सुरक्षामा पर्याप्त ध्यान दिनुपर्छ । निर्वाचनबारे जनतालाई सुसूचित गराउन जनचेतना फैलाउने दायित्व पनि सरकार र निर्वाचन आयोगकै हो । यतिखेर घोषित निर्वाचन र स्वयं सरकारकै विरोधमा पनि आवाज उठिरहेका छन् । सरकारले असन्तुष्टसित संवाद गरी तिनलाई पनि निर्वाचन प्रक्रियामा सामेल गराउन सक्नुपर्छ ।

प्रेरक प्रसंग

फलफूल खाने बालकको रहर

एक बालकले पितासित फल खाने जिद्दी गरे पनि साथमा पैसा नभएकाले उनले छोराको इच्छा तत्काल पूरा गर्न सकेनन् । भारी बोक्ने काम गर्ने पिताले अर्को दिन केही पैसा कमाएपछि छोराको इच्छा पूरा गर्न उनलाई फलफूल किनेर ल्याउन अह्राए । बालक पनि पैसा पाएपछि दंग पर्दै बजारतिर गए ।

बालकले बाटामा केही यस्ता मानिसलाई देखे, जसको शरीरमा एकसरो लुगासम्म थिएन । उनीहरूलाई देख्दा कैयौं दिनदेखि केही खाएका छैनन् जस्तो लाग्थ्यो । फलफूल किन्ने खुसियालीमा रमाउँदै, उफ्रिँदै बजारतिर लागेका बालकले ती मानिसलाई देखेपछि उनको मन दुःखी भयो । उनलाई ती मानिसको दुःख देख्दा फलफूल खान मन लागेन । उनले फलफूल किन्ने सोच त्यागिदिए र साथमा ल्याएको पैसा तिनै मानिसलाई दिएर घर फर्किए ।



फलफूल नकिनी छोरा घर फर्किएपछि पिताले सोधे- खै त फलफूल ? कि सबै उते खायौ ? बालकले सबै यथार्थ विवरण पितालाई सुनाए । उनले भने- बाबा, ती मानिस त हामीभन्दा पनि दुःखी देखिन्थे । तिनको शरीरमा त लुगा पनि थिएन । त्यसैले, मलाई फलफूल खान मन लागेन । अनि, सबै पैसा उनीहरूलाई दिएँ ।

बालकका कुरा सुनेर पिता निकै खुसी भए । उनले भने- बाबु, आज तिमीले सामान्य फल होइन, अमर फल प्राप्त गरेका छौ । तिमी जीवनमा ठुला मानिस बन्नेछौ ।

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

डा. कोइरालालाई शुभकामना !

भगवान कोइराला डाक्टरसाहेब साँच्चिकै नेपाली जनताका लागि भगवान् नै हुन् ! डाक्टरसाबको सफलतालाई शुभकामना छ ।

● मनबाबु श्रेष्ठ

डाक्टर भगवान कोइराला सबैका भगवान् बनून्, अन्य प्रदेशमा पनि शीघ्र स्वास्थ्य सेवा विस्तार होस्, शुभकामना !

● यम गौतम

डा. कोइरालाको बाल अस्पताल गरिब र सोझा जनताका लागि होस्, कसैले औषधोपचार नपाएर साना छोराछोरी गुमाउनु नपरोस् ।

● मिनु ढुंगेल पौडेल

यस्तो पवित्र कार्यले थप सफलता पाउँदै जाओस् । नामअनुसारको काममा समर्पित डाक्टरसाबलाई सलाम !

● बच्चुराम पुडासैनी

सातै प्रदेशमा यस्तै अरू अस्पताल बनाउने डा. भगवानको सदिच्छा पूरा गर्देऊ भगवान् !

● नरहरि महत

(नयाँ पत्रिका फेसबुक पेजबाट)

यस्तालाई कारबाही गर्न सकिन्न ?

नेपालमा निजामती कर्मचारी मात्तिएकै तिनलाई कारबाही नै गर्न नसकेर हो । आजसम्म कुनै पनि निजामती कर्मचारीलाई निजामती सेवा ऐन नियमावलीअनुसार कारबाही गरिएकै छैन । बदमासी पनि कसैलाई सरुवा गर्नु कुनै पनि हालतमा कारबाही हुने सक्दैन, यो त नियमित प्रक्रिया मात्र हो । प्रधानमन्त्रीलाई झुक्याइनु सामान्य होइन । मन्त्रिपरिषद् भनेको संसद् नभएको वेला अध्यादेशबाट कानुन नै बनाउने ठाउँ पनि हो । तसर्थ, यस्तो निकायमा बस्ने व्यक्तिले साँच्चिकै व्यक्तिगत स्वार्थबाट प्रेरित भई यस्तो काम गरेका हुन् भने किन ऐन नियमावलीबमोजिम कारबाही गरिएन ?

● जेएन मरासिनी

निजामती ऐनको काण्ड र अहिले श्रमसचिव कृष्णहरि पुष्करले गरेको कार्यले गर्दा अधिकांश भ्रष्टाचार र बेथिति कर्मचारीतन्त्रबाटै हुने गरेको तथ्य उजागर हुन्छ ।

● शैलेन्द्र कुँवर

(नयाँ पत्रिका फेसबुक पेजबाट)

जिम्मेवारीबाट पन्छिन मिल्दैन

तत्कालीन सरकारको नेतृत्व गरेका प्रधानमन्त्री र उनको क्याबिनेटका गृहमन्त्रीले त्यो परिस्थितिको नैतिक जिम्मेवारी लिनैपर्छ । वार्ताको अवस्था नबनाई स्थिति भड्काउने अभिव्यक्ति दिने र राज्यका संयन्त्रलाई बाइपास गर्ने तत्कालीन प्रधानमन्त्री भनै जिम्मेवार छन् । यो छानबिनको विषय हुँदैन, तात्कालिक क्रियाकलाप हेरे पुग्छ । शान्तिसुरक्षाको बागडोर सम्हालेका गृहमन्त्रीले कानुनतः आदेश दिने हो, मौखिक होइन । यति नबुझ्ने को होला ? कीर्तिनिधि विष्ट र केशरबहादुर विष्टले परिस्थितिको जिम्मेवारी किन लिएका थिए उतिखेर ? इतिहास हेरे पुग्छ ।

● सबिन बस्नेत

२३ गते कहाँ के जलेको थियो र आन्दोलन हाइज्याक भयो ? बरु २३ गतेको नरसंहारले २४ गते उब्जिएको हो नि ? १९ जना एक दिनमा ढाल्ने आदेश कसको थियो ? आन्दोलनलाई तितरबितर गर्न टाउकोमा ताकीताकी गोली हान्ने हो कि घुँडामुनि ? २३ गतेकै कारण २४ गतेको अवस्था आएको हो नि ? त्यसो भए २३ गतेको घटना घटाउने तत्कालीन प्रधानमन्त्री केपी ओलि र गृहमन्त्री रमेश लेखक नै २४ गतेको सम्पूर्ण विध्वंशको जिम्मेवार हुनुपर्छ भन्न मिल्ने कि नमिल्ने ?

● सिए पारस विश्वास

समयको प्रतीक्षा गर्नुपर्छ अब चुनावपछिको सरकारले लिन्छ बयान । अनि त थाहा हुन्छ 'इदर उदर कि बात नकर, ये बता बच्चों को गोली क्युँ मारा ?'

● पेरिसा गुरागाईं

(नयाँ पत्रिका फेसबुक पेजबाट)

बन्दुक नियन्त्रण होइन, समस्याको समाधान खोजौं

बन्दुकसम्बन्धी कानुनले मानिसको दुष्ट आचरणलाई नियन्त्रण गर्नुको साटो सभ्य र कानुन पालन गर्नेहरूलाई मात्र निःशस्त्र बनाउँछ



देश/विदेश

● जोस ह्यामर

अस्ट्रेलियामा फेरि एकपटक त्रासदी बढेको छ । राजनीतिक वर्ग उही थकित, बेइमान प्रक्रियाका लागि आतुर छन् । त्यो हो बन्दुकसम्बन्धी नियममा परिमार्जनको बहस । १४ डिसेम्बरमा सिड्नीको बोन्डी तटमा भएको भयानक नरसंहार (जहाँ ययुदी परिवार मैनबत्ती बाल्ने समारोहमा भेला भएका थिए) लगत्तै अस्ट्रेलियाका अभिजात वर्गले आफ्नो मनपर्ने विषय- 'बन्दुकमाथि नियन्त्रणको बहस' लम्ब्याउने आवश्यकता ठानेनन् । कडा प्रतिबन्ध र राज्यका तर्फबाट बन्दुक नियन्त्रणबारे थप आह्वान आउनुअघि नै सामूहिक गोलाबारीको रगतका टाटा मुस्किलले सुकेका थिए । यसको अर्थ यो होइन कि यदि कानुन पालन गर्ने नागरिकको बन्दुकसम्बन्धी अधिकारलाई थप कटौती गरिँदिएको भए पछिल्लो दुष्टतालाई कुनै न कुनै रूपमा रोक्न सकिन्थ्यो । यो कदापि होइन । यो प्रतिबिम्ब केवल गलत मात्र होइन, विकृत पनि छ । वास्तवमा बन्दुकसम्बन्धी उसको कठोर नियमका लागि अस्ट्रेलिया पहिले नै विश्वमा चर्चित छ । बन्दुकका मामिलामा यहाँ पहिल्यै निकै कडा कानुन छ । अर्थात् लगभग तीन दशकदेखि अस्ट्रेलियालीहरू सबैभन्दा कठोर प्रतिबन्धात्मक बन्दुक कानुनअन्तर्गत बाँचिरहेका छन् । अर्धस्वचालित बन्दुक धेरै हदसम्म प्रतिबन्धित नै छन् । इजाजतपत्र पाउनै गाह्रो छ । हतियारका वर्ग पूर्ण रूपमा निषेधित छन् । यदि बन्दुक नियन्त्रण रामवाण उपाय थियो भने सुरक्षाका दृष्टिले अस्ट्रेलिया विश्वमै उपयुक्त मोडेल हुनुपर्ने हो ।

बोन्डी तटमा बन्दुक नियन्त्रणसम्बन्धी कानुन असफल भयो किनभने यो अपर्याप्त थियो । अपर्याप्त यस अर्थमा कि निर्जीव वस्तुलाई लक्षित कानुन प्रायः मानव दुष्टतासामु शक्तिहीन हुन्छन् । हालैका वर्षमा पश्चिमका अन्य मुलुकमा जस्तै यो आक्रमण कट्टरपन्थी इस्लामवादी विचारधाराको परिणामको कारण थियो, एक अधिनायकवाद जसले सामूहिक हत्यालाई जायज ठहऱ्याउन इस्लामिक धर्मशास्त्रीय भाषालाई हतियार बनाउँछ । अर्थात् कुनै पनि गोलाबारीलाई उपयुक्त ठहर गर्न उसले मुस्लिम धर्मको सहारा लिन्छ । पश्चिमा सरकारले यो अस्तित्वगत खतरालाई स्पष्ट रूपमा सामना गर्न अस्वीकार गर्दै दशकौँ समय बिताएका छन् ।

त्यो अस्वीकारका परिणाम धेरै छन् । वर्षौंदेखि अस्ट्रेलियाली अधिकारीले युरोप र उत्तरी अमेरिकाका आफ्ना समकक्षीजस्तै स्पष्टताको सट्टा अप्रिय कुरालाई प्राथमिकता दिँदै आएका छन् । जस्तैः बन्दुकसम्बन्धी आक्रमण वा सामूहिक गोलाबारीलाई विभिन्न उपमा दिने चलन नयाँ होइन । 'एक्लो ब्वाँसो', 'मानसिक स्वास्थ्यसम्बन्धी घटना', 'हामीलाई वास्तविक उद्देश्य कहिल्यै थाहा हुनेछैन' इत्यादि । केही वामपन्थीले बन्दुक नियन्त्रणको विषयलाई आफ्नो राजनीतिक अभीष्ट पूरा गर्न उपयोग गर्छन् । यसले अभिजात वर्गलाई नैतिक रूपमा मुद्रा सहज बनाउन अनुमति दिन्छ । तर, यसले जटिल र बढी दबाबपूर्ण प्रश्नलाई बेवास्ता गर्छ : किन कट्टरपन्थी इस्लामवादी नेटवर्क पश्चिमी समाजभित्र स्वतन्त्र रूपमा सञ्चालित हुन सक्षम छन् ? किन सीमा र आप्रवासन नीतिले आधारभूत राष्ट्रिय सुरक्षाभन्दा 'खुलापन' र 'समावेशिता'लाई निरन्तर प्राथमिकता दिन्छ ? किन इस्लामिक अतिवादको कुनै पनि छानबिनलाई अझै पनि 'घृणा' भनेर तुरुन्तै खारेज गरिन्छ ?



यी त्यस्ता प्रश्न हुन् जसले वास्तवमा जीवन बचाउन सक्छ । र, यी त्यस्ता प्रश्न हुन्, जुन बन्दुक नियन्त्रणका वकालतकर्ताले बारम्बार उठाउँछन् । बिडम्बना यो हो कि अस्ट्रेलियाको बन्दुक शासनले साधारण नागरिकलाई विशिष्ट रूपमा कमजोर बनाउँछ । जब राज्यले आत्मरक्षाका साधनमा एकाधिकार राख्छ, यसले पूर्ण सुरक्षा प्रदान गर्ने नैतिक दायित्व ग्रहण गर्छ । तर, यो दायित्व कुनै पनि सरकारले पूरा गर्न सकेका छैनन् । बोन्डी तटमा कानुन पालन गर्नेहरू सुरक्षाविहीन थिए किनभने तिनीहरूमा करुणा वा अनुपालनको कमी थिएन, तर तिनीहरूको सरकारले धेरै पहिले निर्णय गरेको थियो कि तिनीहरूको सुरक्षाको सुनिश्चितता सरकारले गर्न सक्दैन ।

इतिहासले स्पष्ट पाठ सिकाउँछ- निशस्त्रीकरणले दुष्टहरूलाई निशस्त्र गर्दैन । निशस्त्रीकरण वा बन्दुकसम्बन्धी कानुनले मानिसको दुष्ट आचरणलाई नियन्त्रण गर्न सक्दैन । यसले सभ्य, कानुन पालन गर्नेहरूलाई निशस्त्र बनाउँछ । यदि अस्ट्रेलियाली नेताहरूले साँच्चै यस अत्याचारका पीडितलाई सम्मान गर्न चाहन्छन् भने तिनले प्रतीकात्मक कानुनको प्रतिरोध गर्नुपर्छ । समस्या यो होइन कि अस्ट्रेलियालीसँग धेरै बन्दुक छन् । समस्या यो हो कि उनीहरूसँग पश्चिमा कट्टरपन्थी इस्लामाबादको सामना गर्ने साहस धेरै कम छ, जति उसलाई आवश्यक छ- आक्रामक गुप्तचर कार्य, आप्रवासन प्रवर्तन, वैचारिक स्पष्टता, र बर्बरताविरुद्ध सभ्यताको रक्षा । बन्दुक नियन्त्रण बहाना हो । इस्लामिक अतिवाद खतरा हो । जबसम्म अस्ट्रेलियाका नेताहरूले यो भिन्नता बुझ्दैनन् तबसम्म सबै गलत अभिप्रायका लागि मैनबत्ती पुनः प्रज्वलित भइरहनेछन् ।

(ह्यामर न्युजविकका वरिष्ठ पत्रकार हुन्)

न्युजविकबाट

जियाको निधन : बंगलादेशको राजनीतिमा एक युगको अवसान

खालिदा जियाका लागि लोकतन्त्र केवल एक राजनीतिक नारा मात्र नभएर व्यक्तिगत विश्वास र नैतिकता थियो भन्ने व्यवहारले पुष्टि गर्छ

बंगलादेशकी पूर्वप्रधानमन्त्री खालिदा जियाको ८० वर्षको उमेरमा निधन भएको छ। उनी सन् १९९१ मा आफ्नो देशको पहिलो महिला प्रधानमन्त्री बनेकी थिइन्। 'बंगलादेश नेसनलिस्ट पार्टी (बिएनपी)'ले लामो समयदेखि बिरामी रहेकी जियाको मृत्युको पुष्टि गरेको थियो। उनलाई कलेजोको सिरोसिस, मधुमेह र छाती तथा मुटुको समस्या रहेको उनको उपचारमा संलग्न डाक्टरहरूले बताएका छन्।

यसपटक खालिदा जिया सिकिस्त भएर अस्पताल भर्ना भएपछि उनका राजनीतिकविरोधीहरूले समेत उनको स्वास्थ्यलाभको कामना गरेको दुर्लभ घटना देखिएको थियो। अहिले उनको निधनमा सम्पूर्ण देश शोकमा छ। बंगलादेशजस्तो प्रतिद्वन्द्वी राजनीतिज्ञप्रति पारस्परिक सम्मान व्यक्त नहुने देशमा एकजना नेताप्रति दलको राजनीतिक घेरा नाघेर व्यक्त शोक आफैंमा दुर्लभ घटना हो। कोही उनलाई एक सम्झौताहीन नेता भन्छन्। उनको पार्टीभित्र उनलाई लोकतन्त्रको प्रतीक मानिन्छ।



● सादिक महबुब इस्लाम

लेखक बंगलादेशी खोज पत्रकार तथा राजनीति विश्लेषक हुन्।

यस्तोमा बंगलादेशमा बेगम खालिदा जियाको नामले एक सम्पूर्ण युग, एक विशाल संघर्ष र एक अटल संकल्पलाई प्रतिनिधित्व गर्छ। तीनपटककी प्रधानमन्त्री भएर पनि उनले विरोधी दलको शासनमा लामो राजनीतिक दमनको सामना गर्नुपऱ्यो। आज उनी नहोलिन्, तर उनले यस्तो राजनीतिक विरासत छाडेर गएकी छिन् जुन केवल उनको पार्टी बिएनपीमा सीमित छैन।

खालिदा जियाको जन्म अगस्ट १५, १९४५ मा दिनाजपुरमा भएको थियो। सामान्य गृहिणीको जीवन बिताइरहेकी जियाको जीवनले तब मोड लियो जब मे ३०, १९८१ मा उनका पति बंगलादेशका राष्ट्रपति जियाउर रहमानको हत्या भयो। राष्ट्रिय सेनाभित्रकै विद्रोही समूहबाट रहमान मारिएपछि खालिदा जिया पार्टीको नेतृत्व लिन घरबाट बाहिर निस्कन बाध्य भइन्।



> खालिदा जियाले खासमा जिउँदो हुँदा पाउनुपर्ने पूर्ण सम्मान पाएकी थिइनन्। समयको अदालतमा उनी सधैं एक सम्झौता नगर्ने नेताको रूपमा सम्झना गरिनेछिन्।

राजनीतिमा नवप्रवेशी जियाले सुरुदेखि नै देशको राजनीतिको लामो, अशान्त र द्वन्द्वग्रस्त बाटोमा तानिइन्। उनले सैन्य तानाशाह हुसेन मुहम्मद एर्सादविरुद्ध संघर्ष गरिन्। एर्सादको निरंकुशताको अन्त्य गर्न, जियाले सन् १९८३ मा सातदलीय गठबन्धन बनाउन महत्त्वपूर्ण भूमिका निभाएकी थिइन्। सन् १९८६ को विवादास्पद र अवैध चुनावमा अर्को प्रमुख दल अवामी लिगले भाग लियो, तर उनले आन्दोलनलाई निरन्तरता दिइन्।

लोकतन्त्र पुनर्स्थापितका लागि सात वर्ष लामो संघर्षमा उनी सातपटक पक्राउ परिन्। तैपनि उनको आत्मविश्वास र धैर्यता कहिल्यै डगमगाएन। सन् १९९० मा उठेको जनआन्दोलन खासमा जियाको नेतृत्वविना पूर्ण रूपमा सफल हुने थिएन। यस आन्दोलनको सफलतापछि उनले एक सम्झौताहीन अटल नेताको उपाधि पाइन्। र, आन्दोलनपछि भएको निर्वाचनबाट उनी बंगलादेशको पहिलो महिला प्रधानमन्त्री बनेर आइन्।

तानाशाहीको अन्त्यपछि गठन भएको पहिलो सरकारको काँधमा ध्वस्त अर्थतन्त्र, प्रशासन र राज्यसंस्थाहरूको पुनर्निर्माण गर्नुपर्ने जिम्मेवारी थियो। निश्चित रूपमा उनको सरकारले कैयौं गल्ती गऱ्यो, तर उनको शासनकालमा, देशको सार्वभौमसत्ता, स्वतन्त्रता र मर्यादामाथि कहिल्यै प्रश्न उठेन। देश कठिन समयबाट गुज्रियो, तर त्यस अवधिमा बंगलादेशले लोकतन्त्रको रूपमा आफ्नो हैसियत गुमाउने जोखिममा कहिल्यै परेन।

सन् १९९४ मा भएको मागुरा उपनिर्वाचनमा, विपक्षी अवामी लिगले जियामाथि ठुलो धाँधलीको आरोप लगायो। विपक्षी दलहरूले दलको सरकार हुँदा निष्पक्ष चुनाव सम्भव नहुने भन्दै चुनाव तटस्थ सरकारले मात्र गर्नुपर्ने माग उठाए। जवाफमा खालिदा जियाले भनेकी थिइन् कि पागल र साना बच्चाबाहेक कोही पनि तटस्थ हुन सक्दैन। तर, अवामी लिग, जमात-ए-इस्लामी र अन्य विपक्षी दलहरूको आन्दोलन नै गरेपछि निर्वाचन गराउन सन् १९९६ देखि दलविहीन कामचलाउ सरकार प्रणाली लागू गरियो।

सन् २००१ मा, बिएनपी-जमातको गठबन्धनले जित हासिल गऱ्यो र तिनले सरकार बनाए। भ्रष्टाचार, आतंकवादी आक्रमण र अन्य मुद्दाहरूको आरोपमा गठबन्धन सरकार तीव्र दबाबमा पऱ्यो। अगस्ट २१, २००४ मा शेख हसिना सहभागी राजनीतिक च्यालीमाथि ग्रिनेड आक्रमण हुँदा कैयौं मारिए। 'दश ट्रक हतियार भण्डार'जस्ता काण्डले सरकारलाई अत्यन्तै विवादास्पद बनायो। विपक्षीहरूको तत्कालीन सरकारको पालामा बंगलादेश 'भ्रष्टाचारमा विश्व विजेता' बनेको आरोप लगाउन थाले।

२००९ देखि २०२४ बिचमा अवामी लिगको शासनकालमा जियालाई हरेक चरणमा अपमानित गर्ने प्रयास गरियो। यहाँसम्म उनले आफ्नो पतिसँग समय बिताएको घरबाट समेत जबर्जस्ती निकालियो। एकान्त कारावासमा राखियो। जेलमा उनलाई उपचारको आवश्यकता हुँदा उनको चिकित्सा उपचार सम्बन्धमा सरकारले कैयौं अस्पष्टता सिर्जना गऱ्यो।

कोरोना महामारीको अवधिमा जेलमै ज्यान जान सक्ने डरले मात्र सरकारले उनलाई जमानत दिएको थियो। सन् २०२१ मा, उनलाई उपचारका लागि आइसियूमा भर्ना गरिएको थियो। थप उपचार आवश्यकता भएकाले विदेश उपचारमा जान दिन आह्वान गरियो। तर, त्यस्तो आह्वानमा शेख हसिनाले तितो पोख्दै भनिन्, 'मैले उनलाई घरमा बस्न अनुमति दिएको छु। उनलाई उपचार गर्न अनुमति दिएको छु। त्योभन्दा बढी तिमीलाई अरू के चाहियो ?'

यदि खालिदा जियाले चाहेको भए उनले सम्झौता गर्न सक्थिन्। आफ्नो सुरक्षा सुनिश्चित गर्दै उपचारका लागि विदेश जान सक्थिन्। तर, उनले यी सबै कुरा अस्वीकार गर्दै कठिन मार्ग रोजिन्। जियाले आफ्नो कार्यकालमा प्रतिद्वन्द्वी शेख हसिनाका पिता भए पनि स्वतन्त्र सेनानी शेख मुजिबुर रहमानलाई स्वतन्त्रता पुरस्कारबाट सम्मानित गरेकी थिइन्। तर, उनकै पालामा भने उनीमाथि हसिनाले दुर्व्यवहार गरिन्।

एक वर्षअघि भएको जुलाई जनविद्रोहपछि शेख हसिना सत्ता र देश छाडेर भाग्नुपरेपछि बंगलादेशका राष्ट्रपतिले 'जिया अनाथालय ट्रस्ट मुद्दा'मा खालिदा जियालाई माफी दिएका थिए। तर, जियाका वकिलहरूले यस्तो माफी अस्वीकार गर्दै बरु अपिल सुनुवाइको माग गरे। तिनका अनुसार राज्यप्रमुखले 'माफी' दिइने भनेपछि जियाले अपराध गरेको देखिन्थ्यो।

अहिले जियाको निधनसँगै देशले एउटा युगको अवसान भएको महसुस गरेको छ। तानाशाहीविरुद्धको संघर्षमा एक बुलन्द आवाज अब सुनिनेछैन। खालिदा जियाले खासमा जिउँदो हुँदा पाउनुपर्ने पूर्ण सम्मान पाएकी थिइनन्। तर, सायद इतिहासले सम्झिनेछ। समयको अदालतमा खालिदा जिया सधैं एक सम्झौता नगर्ने नेताको रूपमा सम्झना गरिनेछिन्। हुन पनि व्यवहारले खालिदा जियाका लागि लोकतन्त्र केवल एक राजनीतिक नारा मात्र नभएर व्यक्तिगत विश्वास र नैतिकता रहेको देखाउँछ।

-द इन्स्क्रप्टबाट

इतिहासमा आज

डिसेम्बर ३१



सन् १९९९ : तत्कालीन रुसी राष्ट्रपति बोरिस यल्तसिनले राष्ट्रको नाममा सम्बोधन गर्दै अचानक पदबाट राजीनामा दिए। लगत्तै उनले चार महिनाअघि प्रधानमन्त्री चुनेका भ्लादिमिर पुटिन कार्यकारी राष्ट्रपति बने।

सन् १६०० : लन्डनका व्यापारीहरूको समूहले खोलेको 'इस्ट इन्डिया कम्पनी'लाई इस्ट इन्डिज(हालको इन्डोनेसिया) क्षेत्रमा व्यापारिक मार्ग अन्वेषण गर्न शाही विशेषाधिकार प्रदान गरिन्।

सन् १७९५ : कुनै समय समुद्री व्यापारमा झन्डै एकाधिकार कायम गरेको डच इस्ट इन्डिज कम्पनी सञ्चालनमा आएको १९३ वर्षपछि यसै दिनबाट बन्द भयो। चार वर्षपछि फेरि यसै दिन डच सरकारले यसलाई भंग गऱ्यो।

सन् १८०५ : फ्रान्सले क्रान्तिपछि लागू भएको गणतान्त्रिक पात्रोलाई १२ वर्षपछि यसै दिनबाट प्रचलनबाट हटायो र ग्रेगोरियन पात्रो अंगीकार गऱ्यो।

सन् १८५७ : ब्रिटिस महारानी भिक्टोरियाले आफ्नो उत्तर अमेरिकी उपनिवेश क्यानडाको राजधानी आटोवालाई तोकिन।

सन् १८६२ : अब्राहम लिंकनले वेस्ट भर्जिनियालाई नयाँ राज्यका रूपमा स्विकारे, जुन अमेरिका एक वर्षपछि अमेरिकाको ३५औं राज्य घोषित भयो।

सन् १९०४ : न्युयोर्कको चर्चित टाइम्स स्क्वायरमा पहिलोपटक नयाँ वर्ष इभ मनाइयो।

सन् १९५५ : जनरल मोटर्स कर्पोरेसन वर्षमा एक अर्ब डलर कमाउने पहिलो अमेरिकी कम्पनी बन्यो।

सन् १९५८ : क्युवाली तानाशाह फुलगेन्सियो बाटिस्टाले उनको क्याबिनेटलाई आफू देश छाड्न लागेको बताएर बिदा भएर अमेरिका भागे। बाटिस्टा सरकारको सेना चे ग्वेभाराले नेतृत्व गरेको क्रान्तिकारी फौजसँग सान्ता क्लारा भन्ने स्थानमा हारेपछि उनी भागेका थिए। योसँगै फिडेल क्यास्ट्रो नेतृत्व गरेको क्युवाली क्रान्तिको जित निश्चित देखियो।


सन् १९७८ : ताइवानको अमेरिकासँग कूटनीतिक सम्बन्धको अन्तिम दिन। तत्कालीन अमेरिकी राष्ट्रपति जिम्मी कार्टरले भोलिपल्टबाट बेइजिङको सरकारलाई औपचारिक रूपमा मान्यता दिएपछि ताइवानको अमेरिकी दूतावास बन्द गरियो।

सन् १९९९ : पानामा नहरको नियन्त्रण अमेरिकाबाट पानामामा फिर्ता भयो।

सुडानी सरकारको शान्ति योजना विद्रोहीद्वारा अस्वीकार

खार्तुम/ सुडानी प्रधानमन्त्री कामिल इद्रिसबाट संयुक्त राष्ट्रसंघीय सुरक्षा परिषद्मा प्रस्तुत गरिएको शान्ति योजना नमान्ने सेनासँग लडिरहेको अर्धसैनिक 'च्यापिड सपोर्ट फोर्स (आरएसएफ)'ले बताएको छ।

हाल देशका संक्रमणकालीन नागरिक सरकारको नेतृत्व गरिरहेका इद्रिसले योजना सुरु हुनुअघि आरएसएफको फौज क्याम्पमा फिर्ता हुनुपर्ने आह्वान गरेका थिए। अप्रिल २०२३ देखि सुडानको सेना र आरएसएफ लडिरहेका छन्। सुडानको राष्ट्रिय सेनाका प्रमुख अब्देल फताह अल-बुरहान र आरएसएफ कमान्डर मोहम्मद हमदान 'हेमेदती'बिचको शक्ति संघर्षबाट सुरु भएको गृहयुद्धमा दसौं हजार मानिस मारिएका छन्। लगभग एक करोड ४० लाख विस्थापित भएका छन्।



सुडानी प्रधानमन्त्री कामिल इद्रिस

इद्रिस सरकारले आरएसएफ शिविरमा सीमित भएर निःशस्त्र नगरिएसम्म युद्धविराम 'सफल हुने सम्भावना' नरहेकोमा जोड दिएको छ।

यसअघि नोभेम्बरमा संयुक्त राज्य अमेरिका, साउदी अरेबिया, इजिप्ट र संयुक्त अरब इमिरेट्स सम्मिलित 'क्वाड' भनिने समूहले मानवीय युद्धविराम प्रस्ताव गरेको थियो। त्यस प्रस्तावमा सहमत भएको आरएसएफले अहिले इद्रिस सरकारको योजनाअनुरूप आफ्नो सेना शिविरमा सीमित हुने कुरा 'काल्पनिक' भएको बताए।

आरएसएफले आफ्नो फेसबुकमा एक विज्ञप्ति राखेर हाल सुरक्षा परिषद्मा प्रस्तावित योजना यसअघि 'सुडानका सेना प्रमुख जनरल अब्देल फताह अल बुहरानद्वारा अघि सारिएको बहिष्कारी योजनाकै पुनरावृत्ति भएको' बताएको छ। अल-बुरहानले क्वाडको मानवीय युद्धविरामको प्रस्तावलाई अस्वीकार गर्दै यसले सेनालाई घाटा हुने गरी अर्धसैनिक समूहलाई समर्थन गरेको आरोप लगाएका थिए।

पछिल्लो समय लडाइँ बढ्दै गइरहेको सन्दर्भमा इद्रिसले आफ्नो योजना प्रस्तुत गरेका हुन्। पछिल्लो समय आरएसएफले कोर्डोफान क्षेत्रको रणनीतिक सहर अलोबालाई नियन्त्रण गरेको दाबी गरेको छ।

अमेरिकाले भेनेजुएलामाथि आक्रमण गरे चीनले के गर्छ ?

चीन दक्षिण अमेरिकी क्षेत्रको भूराजनीतिक खेलमा फस्नबाट सचेत देखिए पनि भेनेजुएलाविरुद्ध सम्भावित अमेरिकी हमलाको समयमा चाल्ने कदमबारे भित्रभित्रै बेइजिङले रणनीतिक तयारी गरिरहेको छ

भेनेजुएला र अमेरिका युद्धको सँघारमा पुगेको वेला चीनले अमेरिकी कार्यको निन्दा गर्दै आवाज उठाइरहेको छ। बेइजिङको विचारमा वासिङटनको बढ्दो गतिविधि (भेनेजुएलाका तेल ट्यांकर कब्जा गर्ने, लागुपदार्थ तस्करी गर्ने कथित डुंगामाथि प्रहार गर्ने र भेनेजुएलाको तटमा नाकाबन्दी लगाउने) अमेरिकी एकपक्षीयताको उदाहरण हो। अमेरिकाले अर्को देशको सार्वभौमसत्ता र संयुक्त राष्ट्र संघको बडापत्रको उल्लंघन गरेको जनाएको छ।

डिसेम्बर १७ मा आफ्ना भेनेजुएली समकक्षीसँगको टेलिफोन वार्तामा चिनियाँ विदेशमन्त्री वाङ यीले अमेरिकी 'एकतर्फी धम्की'को विरोध गरे र भेनेजुएलाको 'आफ्नो सार्वभौमसत्ता र राष्ट्रिय मर्यादाको रक्षा गर्ने अधिकार'को लागि आफ्नो समर्थन व्यक्त गरे। तैपनि, बेइजिङले काराकासलाई उपयुक्त प्रस्ताव गर्न असफल भएको छ। चीन भूराजनीतिक पासोमा पर्नबाट स्पष्ट रूपमा सतर्क छ र यसको निष्क्रियताले ल्याटिन अमेरिकामा यसको प्रभावको सीमा देखाउँछ।

> अमेरिकाले भेनेजुएला सरकारलाई ढाल्दा यस क्षेत्रमा चिनियाँ शक्तिको सीमा उजागर हुनेछ। यस्तो परिदृश्यले निःसन्देह धेरै ल्याटिन अमेरिकी देशहरूलाई आक्रामक अमेरिकाविरुद्ध चीनसँग पंक्तिबद्ध हुनु राम्रो विचार हो कि होइन भनेर पुनर्विचार गर्न प्रेरित गर्नेछ।

ल्याटिन अमेरिकासँगको संलग्नता


दुई दशकभन्दा बढी समयदेखि चीनले ल्याटिन अमेरिकी देशहरूसँग आर्थिक सम्बन्ध विस्तार गर्दै आएको छ। बेइजिङ अहिले दक्षिण अमेरिकाको शीर्ष व्यापारिक साझेदार हो, यो यस क्षेत्रमा अमेरिकाको सबैभन्दा नजिकको सहयोगीमध्ये एक मेक्सिकोको दोस्रो ठुलो व्यापारिक साझेदार पनि हो।

ल्याटिन अमेरिकी देशहरूसँग चीनको संलग्नता उनीहरूको अर्थतन्त्रबिचको उच्च स्तरको पूरकतालले प्रेरित छ। कृषि वस्तुहरू विशेष गरी ब्राजिल, अर्जेन्टिना र उरुग्वेका सोयाबिनले चीनको खाद्य सुरक्षामा सुधार गरेको छ। विशेष गरी अमेरिकासँगको व्यापार युद्धको समयमा चीनले सुधारको अवसर पाएको छ। त्यस्तै चिली, अर्जेन्टिना र बोलिभियाबाट लिथियम कार्बोनेट जस्ता खनिजहरू चीनको द्रुतगतिमा बढ्दो विद्युतीय सवारीसाधन (इभी) उद्योगका लागि अपरिहार्य भएका छन्।

हालैका वर्षहरूमा ल्याटिन अमेरिकामा चिनियाँ विद्युतीय सवारीसाधनको निर्यात बढेको छ, जुन २०२३ मा मात्र ५५ प्रतिशतले बढेको थियो। यस क्षेत्रले चीनको अत्यधिक क्षमताको समस्यालाई कम मात्र गरेको छैन, बरु पश्चिमा देशहरूले लामो समयदेखि अस्वीकार गर्दै आएको हुवावेको ५जीजस्ता चिनियाँ दूरसञ्चार प्रविधिलाई पनि बजार प्रदान गरेको छ। हाल, हुवावेको ५जी उपकरणहरू अधिकांश ल्याटिन अमेरिकी देशहरूमा छन्।

परम्परागत रूपमा ल्याटिन अमेरिकाका लागि आफ्नो पछाडिको आँगनको रूपमा हेर्ने अमेरिका स्वाभाविक रूपमा यस क्षेत्रमा चीनको बढ्दो प्रभावप्रति शंकास्पद बनेको छ। फेब्रुअरीमा अमेरिकी विदेशमन्त्री मार्को रुबियो (जसले पहिले चीनको कम्युनिस्ट पार्टीलाई दुष्ट शासन भन्थे)ले यस क्षेत्रभरि कूटनीतिक गतिरोध सुरु गरे। पश्चिमी गोलार्धमा सिपिसीको प्रभावको प्रतिरोध गर्ने अभियानमा रहेको घोषणा गर्दै उनले धेरै ल्याटिन अमेरिकी देशहरूलाई चीनसँगको सम्बन्ध घटाउन मनाउन खोजे।

आर्थिक सहयोगको आकर्षक वैकल्पिक मोडेल प्रस्ताव गर्न असमर्थ र शुल्कमार्फत जबर्जस्ती गर्ने रणनीति रोजे पनि प्रभावको यो लडाइँमा वासिङटनको हात छ। उदाहरणका लागि ताइवान चीनको अविभाज्य भाग हो भनेर स्वीकार गर्दै यस क्षेत्रका अधिकांश देशहरूलाई एक चीन नीति पालना गर्न आर्थिक रूपमा प्रलोभनमा पारिए पनि यो क्षेत्र ताइवानका लागि कूटनीतिक समर्थनको अन्तिम गढ बनेको छ। किनकी ल्याटिन अमेरिका र क्यारेबियनका सात देशहरूले ताइवानसँग औपचारिक कूटनीतिक सम्बन्ध कायम राखेका छन्।



यस हप्ता अमेरिकाले ठुलो विजय हासिल गरेको सिद्ध भयो जब ट्रम्प समर्थित रूढीवादी नासरी असफुराले होन्डुरसमा राष्ट्रपति चुनाव जिते। निर्वाचन अभियानको क्रममा असफुराले चीनसँग कूटनीतिक सम्बन्ध तोड्ने र ताइवानसँग औपचारिक सम्बन्ध पुनः स्थापित गर्ने वाचा गरे। विगत एक वर्षमा, ट्रम्प प्रशासनमातहत रहेर धेरै ल्याटिन अमेरिकी देशहरूले चीनसँग आर्थिक सम्बन्ध सीमित गर्न अमेरिकी दबाबमा झुकेका छन्।

फेब्रुअरीमा पानामा औपचारिक रूपमा चीनको बेल्ट एन्ड रोड इनिसिएटिभबाट अलगियो। त्यसपछि मार्चमा पानामा नहरको हङकङस्थित अपरेटरले आफ्नो अधिकांश हिस्सेदारी अमेरिकी कम्पनीहरूको समूहलाई बेच्ने घोषणा गऱ्यो। महत्वपूर्ण जलमार्ग चीनद्वारा नियन्त्रित छ भन्ने ट्रम्पको आरोपपछि यो कदम आएको थियो। डिसेम्बरमा मेक्सिकोले जनवरी १ देखि लागू हुने गरी चिनियाँ सामानमा ५० प्रतिशतसम्मको कर लगाउने घोषणा गऱ्यो।

भेनेजुएलामा अमेरिकी दबाब चीनसँगको उसको घनिष्ठ सम्बन्धसँग सम्बन्धित छैन, बरु अमेरिकी घरेलु राजनीतिसँग बढी सम्बन्ध छ। रुबियोले विपक्षी विचारधारा राख्ने भेनेजुएला र क्युबालीलाई खुसी पार्न खोजिरहेका छन्। तैपनि, काराकसमा कुनै पनि शासन परिवर्तनले चीनको हितलाई निश्चित रूपमा हानि पुऱ्याउनेछ। भेनेजुएलाको कच्चा तेलको सबैभन्दा ठुलो ग्राहकको रूपमा भेनेजुएलामा शान्ति र स्थिरता कायम राख्नमा चीनको स्वार्थ छ। चीन आफैं भेनेजुएलाको तेलमा पूर्ण निर्भर भने छैन। बेइजिङ भनेजुएलाको शीर्ष १० कच्चा तेल आपूर्तिकर्ताहरूमा पनि छैन। तर भेनेजुएला तेल ट्यांकरमा अमेरिकी अवरोधले चीनको ऊर्जा रणनीतिलाई कमजोर बनाउँछ।



● याङ सियाओटोङ

सियाओटोङ होराइजन इनसाइट्स सेन्टरका अनुसन्धानकर्ता हुन्।

चीनले भेनेजुएलामा बढ्दो तनावलाई आर्थिक दृष्टिकोणबाट मात्र नभई भूराजनीतिक दृष्टिकोणबाट पनि हेर्छ। अमेरिकी विश्वव्यापी शक्ति प्रक्षेपणको बृहत् सन्दर्भ महत्त्वपूर्ण छ। हालै जारी गरिएको राष्ट्रिय सुरक्षा रणनीति (एनएसएस)मा ट्रम्प प्रशासनले अमेरिकाले विश्वको पहरेदारको रूपमा काम गर्ने दिन सकिएको घोषणा गऱ्यो।

यद्यपि, उल्लेखनीय कुरा के छ भने एनएसएसले चीनलाई अमेरिकाका लागि सबैभन्दा ठुलो खतराको रूपमा हेरेको छैन, तैपनि यसले अमेरिकी सरकारले सैन्य माध्यमबाट ताइवानमा चिनियाँ महत्त्वाकांक्षालाई रोक्न सक्षम सेना कायम राख्ने बताएको छ। यो दस्तावेजले अमेरिका-भेनेजुएला तनाव बढ्दै जाँदा चीनलाई मिश्रित संकेत पठाएको छ। एकातिर, अमेरिकाले चीनसँगको प्रतिस्पर्धालाई बेवास्ता गर्दै पश्चिमी गोलार्धमा आफ्नो प्रभुत्व पुनः स्थापित गर्नमा ध्यान केन्द्रित गरेको देखिन्छ।

अर्कोतर्फ, यसले एसियामा विच्छेदन संकेत गर्न कुनै महत्त्वपूर्ण कदम चालेको छैन। उदाहरणका लागि दक्षिण कोरिया र जापानमा रहेका यसका सैन्य अड्डाहरू पूर्ण रूपमा सञ्चालनमा छन्। वासिङटनले आफ्नो बयानबाजी र देखावटी भूराजनीतिक परिवर्तनको साथ सुरक्षाको गलत भावनामा फसाउन खोजिरहेको हुन सक्ने बेइजिङलाई डर छ। त्यसले यो सतर्क रहन्छ। एनएसएसको चेतावनीपछि चीनले ल्याटिन अमेरिका र क्यारिबियनमा नीति पत्र जारी गऱ्यो। हालैका घटनाहरूको प्रतिक्रियामा यो पत्रले बेइजिङको लडाइँलाई अमेरिकाको ढोकामा पुऱ्याउने प्रयासलाई प्रतिबिम्बित गर्दछ।

यस सन्दर्भमा र चीनसँग भेनेजुएलाको सीमित आर्थिक मूल्य र यसको भूराजनीतिक दूरीलाई ध्यानमा राख्दै, चिनियाँ सरकारले ल्याटिन अमेरिकी देशको रक्षा गर्न कुनै पनि स्रोतसाधन नियन्त्रण गर्नेछैन। अमेरिकी आक्रमणको अवस्थामा चीनले बहुध्रुवीय विश्वको आफ्नो दृष्टिकोणलाई प्रवर्द्धन गर्न र आफूलाई अन्तर्राष्ट्रिय कानुन र संयुक्त राष्ट्र संघको बडापत्रको समर्थकको रूपमा स्थापित गर्ने सम्भावना छ। लामो समयसम्म चल्ने युद्धमा फसेको अमेरिकालाई यसले सकारात्मक विकास मान्नेछ, तर चीन भेनेजुएलाको सहयोगमा निश्चित रूपमा आउनेछैन।

यद्यपि, अमेरिकाले भेनेजुएला सरकारलाई ढाल्दा यस क्षेत्रमा चिनियाँ शक्तिको सीमा उजागर हुनेछ। यस्तो परिदृश्यले निःसन्देह धेरै ल्याटिन अमेरिकी देशहरूलाई आक्रामक अमेरिकाविरुद्ध चीनसँग पंक्तिबद्ध हुनु राम्रो विचार हो कि होइन भनेर पुनर्विचार गर्न प्रेरित गर्नेछ।

अलजजिराबाट

अर्थ पत्रिका
नयाँ पत्रिका
बुधबार १६ पुस ०८२

अमेरिकाले नेपाललाई दिएको व्यापार सुविधाको म्याद आज सकिँदै

विशेष व्यापार ग्राह्यता सुविधाबाट नेपालले अपेक्षित लाभ लिन सकेन, अमेरिकाले आश्वासन दियो, तर कार्यक्रम नवीकरण गरेन

कृष्ण रिजाल/नयाँ पत्रिका

अमेरिकाले नेपाललाई दिएको विशेष व्यापार ग्राह्यता सुविधाको म्याद आज बुधबारदेखि सकिँदै छ। नेपालका ७७ वस्तुलाई भन्सार छुट दिने नेपाल ट्रेड प्रिफेरेन्स प्रोग्राम (एनटिपिपी) कार्यक्रमले निरन्तरता नपाउने भएको हो। नेपालले म्याद थपका लागि आग्रह गरेको भए पनि अमेरिकाले सुविधा कार्यक्रम नवीकरण गरेन।

फागुन ०७२ मा अमेरिकाले भूकम्पबाट प्रभावित नेपालको अर्थतन्त्रको पुनरुत्थानमा सघाउन भन्दै व्यापार ग्राह्यता सुविधा दिएको थियो। अमेरिकी सरकारले कानुन ल्याएर नेपाल ट्रेड प्रिफेरेन्स प्रोग्राम (एनटिपिपी)मार्फत नेपालका ६६ वस्तुलाई भन्साररहित सुविधा दियो। त्यसको एक वर्षपछि भन्साररहित सुविधा पाउने सूचीमा ११ वस्तु थपिए। तर, नेपालले १० वर्षका लागि प्राप्त सुविधाको अपेक्षित लाभ लिन सकेन। एनटिपिपी कार्यक्रमको म्याद ३१ डिसेम्बर २०२५ सम्म रहेको छ।

नेपालले एनटिपिपी कार्यक्रमको निरन्तराका लागि विभिन्न माध्यमबाट पहल गरेको भए पनि तत्काल सकारात्मक परिणाम आउन नसकेको वाणिज्य सचिव डा. रामप्रसाद घिमिरेले बताए। 'हालसम्म अमेरिकाबाट एनटिपिपीको म्याद थपिएको वा नवीकरण भएको औपचारिक जानकारी आएको छैन, यसको अर्थ कार्यक्रमले निरन्तरता पाएन भनेर बुझ्नुपर्ला,' उनले भने। यद्यपि, कार्यक्रमको निरन्तराका लागि अमेरिकी सरकार सकारात्मक रहेको र उक्त विषय त्यहाँको संसद्सम्मै पुगिसकेकाले पनि अझै आशावादी हुने ठाउँ रहेको उनको भनाइ छ।



बैठक र अन्य औपचारिक कार्यक्रममा पनि हामीले म्याद र वस्तुको सूची थप्न आग्रह गर्दै आएका थियौं, अमेरिकीस्थित नेपाली राजदूतावासले पनि त्यहाँको सिनेटसम्मै हाम्रो आवाज पुऱ्याएको हो,' उनले भने, 'अमेरिकी सरकार सकारात्मक रहेकै कारण ढिलोचाँडो यो कार्यक्रमले निरन्तरता पाउला कि भन्ने आशा छ।'

म्याद थप गर्न नेपालले दिएका मुख्य चार कारण



अमेरिकी सरकारले एनटिपिपी कार्यक्रमबाट नेपालले लाभ लिन सक्ने आधार र म्याद थप्नुपर्ने कारणसहितको अवधारणापत्र (कन्सेप्ट पेपर)समेत माग गरेको थियो। नेपालले म्याद थप्नुपर्ने मुख्य चार-पाँच कारण देखाउँदै अवधारणापत्र बुझाएको थियो। 'यसबिचमा भएको कोभिड महामारीका कारण व्यापार सुविधाको लाभ लिन नसकेको, विश्व आपूर्ति शृंखलामा असर परेका कारण निर्यात बढाउन नसकेको, नेपाल भूपरिवेष्ठित तथा अति कम विकसित मुलुक भएको र अमेरिका विकसित मुलुक भएकाले नेपाललाई व्यापार ग्राह्यता सुविधा निरन्तर दिनुपर्ने अवधारणपत्रमा उल्लेख थियो,' उनले भने, 'नेपालले वस्तुको सूची हेरफेर गरेर नेपालको क्षमता र सम्भावना भएका सूची राख्नुपर्ने कुरा पनि उठाएको थियो।' नेपालको आग्रहका बाबजुद एनटिपिपी कार्यक्रमले निरन्तरता पाएन। दोस्रो ठुलो निर्यात गन्तव्य मुलुक अमेरिकाले दिएको भन्सार सुविधाको म्याद सकिएपछि नेपालको निर्यात अझ खस्कन सक्ने देखिएको छ।

नौ समूहका ७७ वस्तुलाई सुविधा, तर लाभ लिन असफल

अमेरिकाले विभिन्न नौ समूहका ७७ वस्तुलाई भन्सार सुविधा दिएको थियो। जसमा छाला, कटन, वनस्पतिलगायतबाट बनेका लगेज, सुटकेस, हेडब्यान्ड, निडलक्राफ्ट, ह्यात्स, पन्जा, सल, गलबन्दी वा यात्रामा प्रयोग हुने ब्लांकेट, कार्पेट, ट्राभल ब्याग, पकेट गुड्स र ह्यान्ड ब्यागलगायत पर्छन्। यस्ता वस्तु आफैंमा कम अर्थात् चारदेखि १० प्रतिशत भन्सार मूल्य पर्ने समूहमा रहेका कारण अपेक्षाअनुसार बढी लाभ लिन नसकिएको व्यवसायीले बताउँदै आएका थिए।

उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयले नै गरेको एक अध्ययनअनुसार अमेरिकामा हुने कुल निर्यातमा भन्सार सुविधा पाएका ७७ वस्तुको हिस्सा जम्मा ३.८ प्रतिशत मात्रै रहेको पाइएको थियो। अमेरिकाले तयार पारेको एनटिपिपी कार्यक्रमको सन् २०२४ को रिपोर्टमा नेपालले सात वर्षमा कुल ३९ लाख अमेरिकी डलरबराबरको निर्यात गरेको र त्यसमा ग्राह्यता पाएका वस्तुको हिस्सा २.९ प्रतिशत मात्रै भएको उल्लेख छ।

अमेरिकासँगको व्यापार घाटामा

अमेरिका नेपालको दोस्रो ठुलो निर्यात गन्तव्य मुलुक हो। तर, पछिल्ला समय अमेरिकासँगको व्यापार घाटा निरन्तर बढ्दै गइरहेको छ। चालू आर्थिक वर्षको पाँच महिना अर्थात् मंसिर मसान्तसम्ममा नेपालले अमेरिकासँगको व्यापारमा दुई अर्ब ९२ करोड ४६ लाख रुपैयाँ घाटा व्यहोरेको छ। जुन अघिल्लो आवको सोही अवधिको तुलनामा झन्डै दोब्बरले बढी हो।

गत वर्षको पाँच महिनामा नेपालले अमेरिकासँग एक अर्ब चार करोड ३९ लाख रुपैयाँबराबरको घाटा व्यहोरेको थियो। चालू आवको पाँच महिनामा अमेरिकाबाट १० अर्ब ३५ करोड सात लाखको वस्तु आयात गरेको नेपालले निर्यात भने सात अर्ब ४२ करोड ६० लाखबराबरको मात्रै गर्न सक्यो।

गत आवको सोही अवधिमा नेपालले अमेरिकासँगको व्यापारमा एक अर्ब ग्राह्यता सुविधा पाएको पहिलो दुई आर्थिक वर्ष नाफामा रहेको नेपालको व्यापार त्यसयता निरन्तर घाटामा रहेको छ। गत आव ०८१/८२ मा नेपालले अमेरिकासँगको व्यापारमा सात अर्ब ६४ करोड घाटा व्यहोरेको छ। त्यो घाटा आव ०८०/८१ को तुलनामा तीन गुणा अर्थात् पाँच अर्ब ४७ करोडले बढी हो। व्यापार सुविधा प्राप्त भएपछिको एक दशकमा नेपालले एक खर्ब ३४ अर्ब ५८ करोड रुपैयाँबराबरको निर्यात गरेको छ। जबकि, यस अवधिमा नेपालले एक खर्ब ९८ अर्ब ३१ करोडको आयात गरेको छ। निर्यात वृद्धिदर बढाउन नसक्दा यस एक दशकमा नेपालले ६३ अर्ब ७३ करोड रुपैयाँको व्यापार घाटा व्यहोर्नुपरेको छ।

भारतबाट विद्युत् आयातको अनुमति पनि आजसम्म मात्रै

मिलन विश्वकर्मा/नयाँ पत्रिका

भारतले आफ्नो इनर्जी एक्सचेन्ज मार्केट (आइइएक्स)बाट विद्युत् खरिद गर्न नेपाल विद्युत् प्राधिकरणलाई दिएको म्याद बुधबार सकिँदै छ। भारतले गत असोजमै १,०५४ मेगावाट विद्युत् खरिद गर्न पाउने गरी ३१ डिसेम्बर अर्थात् १६ पुससम्मको म्याद राखेर प्राधिकरणलाई स्वीकृति पठाएको थियो। यो म्याद सकिएपछि नेपालले विद्युत् आयात गर्न भारतले नयाँ अनुमति दिनुपर्छ। तर, मंगलबार कार्यालय समयसम्म भारतले नयाँ अनुमति पठाएको छैन। प्राधिकरणका एक उच्च अधिकारीले भने, 'मंगलबारसम्म नयाँ अनुमति आउनुपर्ने हो। दिउँसो भारतसँग यस विषयमा कुराकानी भएको पनि थियो। तर, कार्यालय समयसम्म भारतले नयाँ अनुमति पठाएको छैन। भारतले मंगलबार राति वा बुधबार नयाँ अनुमति नपठाएको अवस्थामा नेपालको विद्युत् आपूर्ति प्रभावित हुन सक्छ।'

तर ऊर्जासचिव चिरञ्जीवी चटौतले यसबारे मन्त्रालयमा कुनै जानकारी नआएको बताए। 'यस सम्बन्धमा मन्त्रालयमा कुनै जानकारी आएको छैन। आएको अवस्थामा आवश्यक सहजीकरण हुनेछ,' उनले बताए। भारतबाट विद्युत् आयात गर्नका लागि त्यहाँको केन्द्रीय विद्युत् प्राधिकरण (डेजिक्नेटेड अथोरिटी)बाट अनुमति लिनुपर्छ। उक्त अथोरिटीले विद्युत् आयात गर्न पाउने कोटा, समय र अवधि तोकेर अनुमति दिन्छ। त्यसपछि मात्रै प्राधिकरणले भारतबाट विद्युत् आयात गर्न पाउँछ।

अहिले नेपालमा विद्युत्को जडित क्षमता चार हजार मेगावाटभन्दा माथि छ। अधिकतम माग भने २२ सय मेगावाट छ। तर, हिउँदमा विद्युत्को उत्पादन न्यूनतम एक हजार मेगावाटसम्म झर्छ। त्यो वेला स्वदेशी माग धान्न भारतबाटै विद्युत् आयात गर्नुको विकल्प हुँदैन। भारतले गत वर्ष २० नोभेम्बरदेखि १५ मार्च (४ मंसिर-२ चैत)सम्म ६ सय ५० मेगावाट विद्युत् खरिद गर्न स्वीकृति दिएको थियो। तर, त्यसवेला पिक आवरमा विद्युत् आयात गर्न नपाउने सर्त थियो। १६ मार्चदेखि ३० जुन (३ चैतदेखि १६ असार)सम्मका लागि भने बिहान ६ देखि साँझ ६ बजेसम्म (दैनिक १२ घण्टा) मात्रै ६ सय ५४ मेगावाट विद्युत् आयात गर्न स्वीकृत दिएको थियो। पछि विभिन्न पहलपछि राति ११ देखि बिहान चार बजेसम्म विद्युत् आयात गर्न पाउने सुविधा थप गरिएको थियो।

पिटिसीसँग सम्झौता गरेको विद्युत् पनि ल्याउन दिइएन

मंगलबारसम्म भारतले पिटिसी इन्डियासँग सम्झौता गरेको विद्युत् ल्याउन पनि अनुमति दिएको छैन। हिउँदको विद्युत् मागलाई सम्बोधन गर्न सहज हुने गरी प्राधिकरणले गत असोजमै पिटिसी इन्डियासँग एक सय ८० मेगावाट विद्युत् खरिद गर्ने गरी पिपिए गरेको थियो। १ जनवरीदेखि ३० मेसम्म निर्बाध रूपमा एक सय ८० मेगावाट विद्युत् खरिद गर्ने गरी सम्झौता गरिएको छ। प्राधिकरणले प्रतियुनिट ६.९५ भारुमा विद्युत् खरिद गर्ने गरी सम्झौता गरेको छ। त्यसअनुसार विद्युत् ल्याउन पनि डेजिक्नेटेड अथोरिटीबाट अनुमति लिनुपर्छ। तर, मंगलबारसम्म डेजिक्नेटेड अथोरिटीले अनुमति नपठाएको स्रोतको भनाइ छ। जबकि, प्राधिकरणले यसअन्तर्गत १ जनवरी अर्थात् बिहीबारदेखि एक सय ८० मेगावाट पाउनुपर्नेछ। तर, डेजिक्नेटेड अथोरिटीले स्वीकृति नदिएका कारण त्यो पनि अन्योलमा परेको स्रोतको भनाइ छ।

संक्षेप

तमोर-मेवा जलविद्युत्को निर्माणकार्य अघि बढ्यो

ताप्लेजुङ/ लामो समयदेखि बहस, प्रतीक्षा र अनिश्चितताबिच रहेको तमोर-मेवा जलविद्युत् आयोजना अन्ततः निर्माण चरणमा प्रवेश गरेको छ। ताप्लेजुङको मेवा खोला र तमोर नदीको पानी उपयोग गरी निर्माण हुन लागेको यो आयोजना ऊर्जा उत्पादनसँगै स्थानीय विकास र पूर्वी नेपालको आर्थिक रूपान्तरणसँग जोडिएको महत्त्वाकांक्षी परियोजनाका रूपमा हेरिएको छ। स्पार्क हाइड्रोइलेक्ट्रिक कम्पनी लिमिटेडको प्रवर्द्धनमा निर्माण भइरहेको आयोजनाको सुरुमा एक सय २८ मेगावाट क्षमतामा विकास गर्ने योजना बनाइएको थियो। तर, निर्माण चरणमा पुग्दा थप प्राविधिक अध्ययन र डिजाइन परिमार्जनपछि १७ मेगावाट विद्युत् थप हुने गरी आयोजना कुल एक सय ४५ मेगावाट क्षमताको बनाइँदै छ।

प्रवर्द्धक कम्पनीका संस्थापक अध्यक्ष तथा सञ्चालक भानेन्द्रकुमार लिम्बूले हालसम्म आयोजनाको करिब २२ प्रतिशत भौतिक प्रगति भइसकेको बताए। तमोर-मेवा जलविद्युत् आयोजनाको कुल लागत करिब २६ अर्ब रुपैयाँ अनुमान गरिएको छ।

रुग ठेक्का तोड्नु हाम्रो बाध्यता : मन्त्री घिसिङ



काठमाडौं/ भौतिक पूर्वाधार तथा यातायातमन्त्री कुलमान घिसिङले वर्षौंदेखि काम नगरेका रुग ठेक्का तोड्नु बाध्यता रहेको बताएका छन्। सडक बोर्ड, नेपालको २३औं वार्षिकोत्सवको अवसरमा आयोजित कार्यक्रममा बोल्दै मन्त्री घिसिङले काम गरिएन भने कारबाही हुन्छ भन्ने सन्देश दिन ठेक्का तोड्नु बाध्यता रहेको बताए। विभागले हालसम्म ४० वटा रुग ठेक्का तोडेको छ।

सडक पूर्वाधारको मर्मत-सम्भार तथा संरक्षण खर्च व्यवस्थापन गर्न 'सेवाका लागि दस्तुर' सिद्धान्तअनुरूप बोर्डले उपभोक्ताबाट दस्तुर उठाई वित्तीय व्यवस्थापन गरिने अवधारणालाई विस्तार गर्दै लैजाने जनाएको छ। सडक पूर्वाधारको योजनाबद्ध एवं प्रभावकारी ढंगबाट मर्मत-सम्भारका लागि आवश्यक स्रोतको दिगो व्यवस्थापन गर्न बोर्डको स्थापना भएको छ।

पाटा नेपाल च्याप्टरले मनायो स्वर्ण जयन्ती

काठमाडौं/ प्यासिफिक एसिया ट्राभल एसोसिएसन (पाटा) नेपाल च्याप्टरले नेपालको पर्यटन प्रवर्द्धन र विकासमा स्थापनाकालदेखि निरन्तर आबद्धताको ५० वर्षको यात्रा पूरा गरेको छ। सो अवसरमा काठमाडौंमा विशेष समारोह आयोजना गर्दै स्वर्ण जयन्ती सम्पन्न गरेको छ। कार्यक्रममा संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री अनिलकुमार सिन्हाले पाटा नेपाल च्याप्टरले पर्यटन योजना, नीति पैरवी, पर्यटन प्रवर्द्धन, मानव स्रोत विकास तथा पर्यटन पुनरुत्थानका पहलहरूमा निर्वाह गरेको महत्त्वपूर्ण भूमिकाको प्रशंसा गरे।

पाटा अन्तर्राष्ट्रिय प्रमुख कार्यकारी अधिकृत नूर अहमद हमिदको भिडियो सन्देशमार्फत पाटा नेपाल च्याप्टरले पुऱ्याएको अनुकरणीय योगदानप्रति प्रशंसा व्यक्त गरिएको थियो। स्वर्ण जयन्तीको अवसरमा कर्ण शाक्यलाई लाइफटाइम एचिभमेन्ट अवार्ड प्रदान गरेको छ।

विपत् संकटग्रस्त इलामको सडकलाई सवा दुई अर्ब

बर्खामा सडक चल्नेमा ढुक्क छैन सडक डिभिजन, श्रीअन्तु सडकमा परेन बजेट

झापामा **चिरञ्जीवी घिमिरे**

सरकारले विपत् संकटग्रस्त घोषित जिल्ला इलामको सडक तथा पुल पुनर्निर्माणका लागि दुई अर्ब १९ करोडको बजेट उपलब्ध गराउने भएको छ। १८ र १९ असोजमा आएको भारी वर्षाका कारण क्षतिग्रस्त भएको इलामको सडक र पुल मर्मत र पुनर्निर्माण गर्न अर्थ मन्त्रालयले दुई अर्ब १९ करोडको स्रोत सहमति दिएपछि बर्खाअगावै पुनर्निर्माण हुने निश्चित भएको छ। बाढी र पहिरोका कारण इलामको मेची राजमार्ग, मेची करिडोर, मेची राजमार्गको वैकल्पिक सडक तिल्केनी-सिमलगोलाई सडक क्षतिग्रस्त बन्न पुगेको थियो।

सरकारले मेची राजमार्ग पुनर्निर्माण गर्न एक अर्ब ५० करोड, मेची राजमार्गअन्तर्गतकै माईखोला मोटरेबल स्थायी पुल राजदुवालीका लागि २० करोड, मेची करिडोरको माईखोलामा मोटरेबल स्थायी पुल बेलासेका लागि २५ करोड, पुवाखोला र जोगमाईखोला पुलमा बेलीब्रिज निर्माण गर्न पाँच-पाँच करोड र मेची राजमार्गको वैकल्पिक सडकका रूपमा रहेको मेची करिडोरका लागि १४ करोडको स्रोत सुनिश्चितता गरेको छ।

स्रोत सुनिश्चितता भएसँगै सडक डिभिजन इलामले तत्काल ठेक्का प्रक्रिया सुरु गर्ने तयारी गरेको छ। बर्खाअगावै काम गरेर बर्खामा विनाअवरोध सडक सञ्चालन गर्ने तयारी गरिएको सडक डिभिजन



इलामका प्रमुख पवन भट्टराईले जानकारी दिए। 'जुन-जुन ठाउँका लागि तोकेर बजेट आएको छ, त्यो सडक सञ्चालन गर्नका लागि यो बजेट पर्याप्त छ,' उनले भने, 'सबै प्रक्रिया पूरा गरेर १५ फागुनदेखि काम गर्ने योजना छ। ठेक्का बहुवर्षे लाग्ने भए पनि संवेनदशील ठाउँ हेरेर काम गर्छौं। बर्खाअगाडि नै संवेदनशील ठाउँमा काम गरेर सडक सञ्चालन गर्ने योजना छ।'

यद्यपि, यही बजेटले बर्खामा पनि मेची राजमार्ग सञ्चालन गर्न सकिनेमा सडक डिभिजन कार्यालय इलाम ढुक्क छैन। 'जुन सडकका लागि बजेट तोकेर आएको छ, त्योभन्दा बाहेक खर्च गर्न पाउँदैन। केही सडक मर्मत गर्नैपर्ने ठाउँमा बजेट छुटेको छ। जसका कारण बर्खामा मेची राजमार्ग सधैं सञ्चालन हुनेमा ढुक्क छैनौं,' उनले भने, 'मेची राजमार्गका लागि सधैं दुःख बनेको राजदुवाली खण्ड गत वर्षकै ठेक्का हो। यसपटक भनै क्षति भएर कसरी काम गर्ने अध्ययन गरिरहेका छौं। पुरानै ठेक्कामा काम गर्ने भन्नेछ। तर, ५०-६० वर्ष पुरानो समस्या भएकाले केही महिना काम गरेर पर्याप्त हुँदैन।'

सिमलगोलाई-तिल्केनी सडकका लागि पर्याप्त बजेट नआएको सडक डिभिजनका प्रमुख भट्टराईले बताए। 'सिमलगोलाई-तिल्केनी सडकका लागि पर्याप्त बजेट नआएको सडक डिभिजनका प्रमुख भट्टराईले बताए। 'सिमलगोलाई-तिल्केनी सडकका लागि पर्याप्त बजेट नआएको सडक डिभिजनका प्रमुख भट्टराईले बताए।

पर्यटकीय केन्द्र श्रीअन्तु जाने सडक परेन

अविरल वर्षासँगै आएको बाढीपहिरोले इलामको प्रमुख पर्यटकीयस्थल श्रीअन्तु जाने फिक्कल-श्रीअन्तु सडक पनि पहिरोले क्षतविक्षत भएको छ। अहिले सडक डिभिजन इलामले सामान्य मर्मत गरेर सवारी चलाएको छ। त्यो पनि साना सवारी मात्र आवतजावत गर्न सकिन्छ। ठुला सवारी आवतजावत नगर्दा पर्यटकको संख्या पनि घटेको छ। तर, सरकारले यो सडकका लागि बजेट विनियोजन गरेको छैन। जसका कारण बर्खामा समस्या हुने सडक डिभिजन इलामका प्रमुख भट्टराईले जानकारी दिए। 'श्रीअन्तु पर्यटकीय हब हो। त्यहाँ ठुला पर्यटन बस पनि जानुपर्ने हुन्छ। तर, अहिले जान सक्ने अवस्था छैन,' उनले भने, 'ठुला सवारी जान नसक्दा पर्यटन व्यवसाय नै धरापमा परेको त्यहाँका व्यवसायीले दुखेसो गरिरहनुभएको छ। त्यहाँ अहिले मर्मत गर्न सकिएन भने बर्खामा थप क्षति भएर कनेक्सन टुट्ने अवस्था छ। यो सडकका लागि स्रोत सुनिश्चितता भएन। मैले सडक विभागमा भनेको छु। अरू विकल्पमा पनि कुरा भइरहेको छ।'

■ कृषिमन्त्री परियारको सयदिने कार्यप्रगति

उखुको समर्थन मूल्यवृद्धिदेखि दुधको बक्यौता असुलीसम्म

नयाँ पत्रिका

कृषि तथा पशुपक्षी विकासमन्त्री डा. मदन परियारले सयदिने कार्यप्रगति सार्वजनिक गरेका छन्। ६ असोजमा कृषिमन्त्री नियुक्त भएका उनले उखुको समर्थन मूल्य प्रतिक्विन्टल ६ सय २० रुपैयाँ र सरकारी अनुदानबापत थप ७० रुपैयाँ प्रतिक्विन्टल उपलब्ध गराउने निर्णयलाई प्रमुख उपलब्धि मानेका छन्।

गत आव ०८१/८२ मा समर्थन मूल्य पाँच सय ८५ र सरकारी अनुदान ३५ रुपैयाँ गरेर कुल ६ सय २० रुपैयाँ प्रतिक्विन्टल मूल्य निर्धारण भएको थियो। त्यस्तै, अघिल्लो सरकारले यो वर्षदेखि किसानले अनुदान नपाउने गरी बजेट सार्वजनिक गरिएको थियो। तर, मन्त्री परियारको पहलमा उखु किसानको अनुदान पनि सुनिश्चित गरिएको छ। त्यस्तै, उखु किसान र उद्योगीको दीर्घकालीन समस्या समाधानका लागि उच्चस्तरीय समिति गठन भएको पनि मन्त्रालयले जानकारी दिएको छ। कोभिडयता बल्झिरहेको दुध किसानको बक्यौता पनि हल हुन लागेको मन्त्री परियारले कार्यप्रगतिमार्फत जानकारी दिएका छन्।

भदौसम्म दुग्ध विकास संस्थानको मात्रै बक्यौता एक अर्ब तीन करोड रहेकोमा ९ पुससम्म ८१ करोड भुक्तानी भइसकेको र बाँकी २२ करोड फागुनभित्र भुक्तानी गर्ने कार्यतालिका बनाएको उनले जानकारी दिए। त्यस्तै, निजी डेरी उद्योगले समेत साढे दुई अर्ब बक्यौतामध्ये एक अर्ब मात्र तिर्न बाँकी रहेको उनको भनाइ छ। त्यस्तै, गहुँको समर्थन मूल्य तीन हजार नौ सय ४५ रुपैयाँ निर्धारणका लागि उद्योग मन्त्रालयमा सिफारिस गरिएको र थाइल्यान्डबाट चार हजार पंगासियस भावी माउ माछा आयात गरिएको उनले जानकारी दिए। हालसम्म चार लाख ६६ हजार टन मल खरिदका लागि टेन्डर भएको, दुई लाख ४३ हजार वितरण भएको, ८३ हजार टन मौज्दात रहेको र एक लाख ३५ हजार टन विभिन्न देशबाट आयातको प्रक्रियामा रहेको कार्यप्रगतिमा उल्लेख छ।

अघि बढ्यो बबई लिफ्टिङको काम

दाङमा **दीपक बोहरा**

बबई लिफ्टिङका लागि निर्माणाधीन अन्डरग्राउन्ड ट्यांकीको काम अब अगाडि बढ्ने भएको छ। व्यक्तिको निजी जग्गा किन्ने सहमतिपछि काम अघि बढ्ने भएको हो। दाङको तुलसीपुर खानेपानी उपभोक्ता तथा सरसफाइ संस्थाको सहलगानीअन्तर्गतको बबई लिफ्टिङका लागि निर्माण थालिएको अन्डरग्राउन्ड ट्यांकी व्यक्तिको जग्गामा परेपछि काम रोकिएको थियो।

तुलसीपुर उपमहानगरपालिका- ६ स्थित अञ्चल प्रहरी कार्यालयको अगाडि निर्माण गर्न थालिएको ट्यांकी सोही ठाउँका सुन्दर लामिछानेको जग्गामा परेपछि विवाद थियो। सोही जग्गासँग सटेको ऐलानी जग्गामा ट्यांकी निर्माण गर्नुपर्ने भए पनि अमिनले व्यक्तिको जग्गामा नापिदिएपछि त्यहीं ट्यांकी निर्माण थालिएको थियो। ट्यांकी निर्माणको काम करिब ७५ प्रतिशत पूरा भइसकेको थियो।

करिब ४० लाखमा निर्माण हुन लागेको ट्यांकी निर्माणका क्रममा २६ लाखभन्दा बढी खर्च भइसकेको थियो। तर, पछि जग्गाधनीले अमिन ल्याएर नाप्दा आफ्नो जग्गामा परेको थाहा पाएपछि अदालतमा मुद्दा हालेका थिए। त्यसपछि काम अघि बढ्न सकेको थिएन। सोमबार तुलसीपुरमा ट्यांकी निर्माण जग्गा खरिदसम्बन्धी सार्वजनिक सुनुवाइ गरी लामिछानेको जग्गालाई ८० लाख रुपैयाँमा किन्ने सहमति भएको छ। सोही मूल्यमा लामिछानेले खानेपानीलाई एक कट्ठा जग्गा उपलब्ध गराउने सहमति भएको हो।

यसअघि लामिछानेले जग्गाको मूल्य डेढ करोड भन्दै आएका थिए। 'जग्गाको मूल्य डेढ करोडभन्दा बढी छ, खानेपानीलाई भनेर ८० लाखमा दिने सहमति दिएको हु,' जग्गाधनी लामिछानेले भने। ट्यांकी बबईबाट लिफ्टिङ गरेर ल्याइने पानीको मुख्य ट्यांकी हो। सो ट्यांकी र एयरपोर्टस्थित निर्माण भएको ट्यांकीबाट अन्य सहायक ट्यांकीमा पानी वितरण गरिनेछ। यसरी मुख्य ट्यांकीकै काम अलपत्र रहेपछि यो समस्या समाधान गरेर तत्काल काम अघि बढाउने तयारी रहेको उपमहानगरपालिकाका प्रमुख टीकाराम खड्काले बताए। सरकारी जग्गा भनेर उपमहानगरपालिकाकै अमिनले भनेपछि सोही ठाउँमै ट्यांकी बनाएको उनको भनाइ छ। जग्गा किन्ने सहमति भइसकेकाले अब खानेपानीले निर्णय गरेर प्रक्रिया अघि बढाउने तुलसीपुर खानेपानी उपभोक्ता तथा सरसफाइ संस्थाका अध्यक्ष यमकान्त भण्डारीले बताए।

बजेटको अर्धवार्षिक समीक्षाको तयारी सुरु

१५ माघभित्र समीक्षा प्रतिवेदन तयार पार्ने गरी समिति गठन, बजेटको आकार घट्ने निश्चित

नयाँ पत्रिका

अर्थ मन्त्रालयले चालू आर्थिक वर्ष ०८२/८३ को पहिलो ६ महिनाको (अर्धवार्षिक) बजेट कार्यान्वयनको समीक्षा गर्ने तयारी अघि बढाएको छ। मन्त्रालयले यसका लागि बजेट तथा कार्यक्रम महाशाखा प्रमुख सुमन दाहाललाई संयोजक तोकेको छ। यसमा वित्तीय क्षेत्र व्यवस्थापन तथा संस्थान समन्वय महाशाखाका उपसचिव, आर्थिक नीति विश्लेषण महाशाखाका उपसचिव, योजना, अनुगमन तथा मूल्यांकन महाशाखाका उपसचिव, अन्तर्राष्ट्रिय आर्थिक सम्बन्ध महाशाखाका उपसचिव, राजस्व व्यवस्थापन महाशाखाका उपसचिव, बजेट तथा कार्यक्रम महाशाखाका सबै उपसचिव, वित्तीय संघीयता समन्वय महाशाखाका उपसचिव, महालेखा नियन्त्रक कार्यालयका उपसचिव, राष्ट्रिय योजना आयोगका उपसचिव, नेपाल राष्ट्र बैंकका निर्देशक, सार्वजनिक ऋण व्यवस्थापन कार्यालयका उपसचिव सदस्य तोकिएका छन् भने केन्द्रीय बजेट (बजेट तथा कार्यक्रम महाशाखा)का उपसचिव सदस्य-सचिव रहने व्यवस्था छ।

बजेट कार्यान्वयनका क्रममा देखापरेका समस्या समाधानका लागि लिएका कदमको विश्लेषण गर्न समिति गठन गरेको मन्त्रालयका प्रवक्ता टंकप्रसाद पाण्डेयले जानकारी दिए। बाँकी अवधिको बजेट कार्यान्वयनलाई नतिजामुखी बनाउन चाल्नुपर्ने कदम उल्लेख गरी प्रतिवेदन तयार गरिने उनको भनाइ छ।

उनले भने, 'माघ मसान्तभित्र समीक्षा गरिसक्नुपर्ने कानुनी व्यवस्था छ। त्यसैले १५ माघभित्र प्रतिवेदन तयार गर्ने गरी समयसीमा तोकिएको छ।'

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्वसम्बन्धी ऐनमा बजेट तथा कार्यक्रमको अर्धवार्षिक मूल्यांकन प्रतिवेदन हरेक वर्षको माघ मसान्तभित्र सार्वजनिक गरिसक्नुपर्ने व्यवस्था छ। अर्थ मन्त्रालयले यस्तो प्रतिवेदन सार्वजनिक गर्ने मितिभन्दा कम्तीमा १५ दिनअगावै तयार गर्ने ऐनमा व्यवस्था छ।

चालू आर्थिक वर्षमा पनि विगतमा जस्तै बजेट अनुमान संशोधन गरेर आकार घटाउने निश्चितप्रायः छ। अर्थ मन्त्रालयले २१ फागुनमा हुने निर्वाचन र जेन-जी आन्दोलनका क्रममा ध्वंस भएका सरकारी संरचनाको पुनर्निर्माणका लागि खर्चको जोहो गर्न ५३ आयोजनाका एक खर्ब १४ अर्ब रुपैयाँ बजेट रोक्का राखेको छ। चालू आर्थिक वर्षमा १९ खर्ब ६४ अर्बको बजेट सार्वजनिक भएको थियो। कार्यान्वयनमा गइनसक्दै ठुलो रकमका बजेट रोक्का भएकाले बजेटको अनुमान घट्ने निश्चित बनेको हो। विगतमा पनि बजेटको अर्धवार्षिक समीक्षामा बजेटको अनुमान संशोधन गरेर आकार घटाउने गरिएको छ।

पाँच महिनामा पुँजीगत खर्च ८.३% मात्रै

बजेट रोक्काको निर्णयपछि सरकारको पुँजीगत खर्च पनि सुस्त देखिएको छ। चालू आवको पहिलो पाँच महिनामा सरकारको पुँजीगत खर्च ८.३ प्रतिशत मात्रै छ। चार खर्ब सात अर्बको पुँजीगत बजेटमा मंसिर मसान्तसम्ममा ३३ अर्ब ८७ करोडको खर्च भएको छ। कुल बजेट खर्च पाँच खर्ब ६४ अर्ब (२८.१४ प्रतिशत) छ। राजस्व संकलन चार खर्ब ६ अर्ब रुपैयाँ कायम छ। यो वर्षभरि संकलन गर्ने लक्ष्यको २७.४५ प्रतिशत मात्रै हो। यो वर्ष सरकारले १४ खर्ब ८० अर्ब राजस्व उठाउने लक्ष्य लिएको छ। सरकारी भुक्तानी कमजोर हुँदा आर्थिक गतिविधि बढ्न नसकेको निजी क्षेत्रको गुनासो कायम छ। यस्तो अवस्थामा सरकारको खर्च कमजोर हुँदा राजस्व संकलन थप प्रभावित हुने देखिन्छ।

पशुपालनबाटै वार्षिक एक करोड आम्दानी

उदयपुरको त्रियुगा नगरपालिका-२ का दीपक बस्नेतको कर्मदीप पशु एन्ड कृषि फार्मले रोजगारी र बजार सुनिश्चितता दिएको छ

उदयपुरमा **विदुर कटुवाल**

पछिल्लो समय नेपालमा कृषि क्षेत्रलाई रोजगारी, उत्पादन र आत्मनिर्भर अर्थतन्त्रको मेरुदण्ड बनाउने बढी चर्चा हुने गर्छ । तर, व्यवहारमा भने व्यावसायिक रूपमा सफल किसानहरू नै सरकारी सहयोग, सहुलियत कर्जा र नीतिगत समर्थनबाट वञ्चित भइरहेका छन् । यसको ज्वलन्त उदाहरण उदयपुरको त्रियुगा नगरपालिका- २, मोथियायीमा सञ्चालित कर्मदीप पशु एन्ड कृषि फार्म हो ।

अधिवक्तासमेत रहेका दीपक बस्नेतले सञ्चालन गर्दै आएको यो फार्मले पशुपालन र खेतीलाई एकीकृत गरी वार्षिक एक करोड रुपैयाँभन्दा बढीको कारोबार छ । बँदेल, हाँस, कुखुरा, बोका-बाख्रा, गाई र मौसमी खेतीमार्फत फार्मले नियमित आम्दानी, स्थानीय रोजगारी र बजार सुनिश्चितता दिएको छ ।

बस्नेतको फार्ममा हाल तीन सयवटा क्रस बँदेल छन् । तीमध्ये एक सयवटा माउ तथा मासु उत्पादनका लागि तयारी अवस्थामा छन् भने दुई सयवटा पाठापाठी बिक्रीका लागि तयार छन् । बस्नेत भन्छन्, 'बजार मूल्यअनुसार ती पाठापाठीको मूल्य करिब ३० लाख रुपैयाँबराबर पर्छ । माउ र मासुका लागि तयारी अवस्थामा रहेका बँदेलको मूल्य करिब ५० लाख रुपैयाँ हुन्छ ।' बँदेलपालनबाट मात्रै फार्ममा ठुलो पुँजी र नियमित नगद अम्दानी भइरहेको बस्नेतको भनाइ छ । 'म अधिवक्ता हुँ, तर कृषि क्षेत्रमा रमाइरहेको छु,' उनी भन्छन्, 'आठजनालाई रोजगारी दिएको छु, यही नै मेरो सन्तोष हो ।' उनले पुनः देशमा रोजगारी



नभएर विदेश पुगेका युवालाई कृषि क्षेत्रबाटै परिवार पनि पाल्न सकिने बताए । 'विदेश जाँदा चिकित्सक, इन्जिनियरलगायत प्राविधि क्षेत्रको धेरै राम्रो हुन्छ । नत्र मजदुरी गर्न देशकै खोरिया पाखामा पसिना बगाउँदा परिवार पनि पाल्न सकिन्छ । गाउँघरमै साथीभाइसँग रमाउन पनि सकिन्छ,' उनले भने । बँदेलसँगै फार्ममा पाँच सयवटा हाँस पनि पालिएका छन् । प्रतिगोटा ६ सय रुपैयाँका दरले बिक्री भइरहेको छ । हाँसको कुल मूल्य करिब पाँच लाख रुपैयाँबराबर हुने बस्नेतको भनाइ छ ।

यता बयर जातका बोका-बाख्रा, लोकल जातका कुखुरा तथा गाईसमेत फार्ममा छन् । फार्मले प्रत्यक्ष रूपमा आठजनालाई रोजगारी दिएको छ । ती कामदारको मासिक तलब मात्रै करिब एक लाख रुपैयाँ पुग्छ । ग्रामीण क्षेत्रमा स्थायी रोजगारी सिर्जना गर्नु नै कृषि व्यवसायको ठुलो सामाजिक उपलब्धि भएको उनको भनाइ छ । कामदारको तलब, फार्म व्यवस्थापन, चारो तथा दानापानी, औषधि, दुवानी र अन्य सञ्चालन खर्च जोड्दा वार्षिक खर्च करिब ५० लाख रुपैयाँ पुग्ने गरेको छ । तर, खर्चभन्दा आम्दानी बढी भएकाले फार्म नाफामुखी बनेको छ । बँदेल, हाँस, कुखुरालगायतको नियमित बिक्रीबाट मासिक करिब ६ लाख रुपैयाँ आम्दानी हुने गरेको बस्नेत बताउँछन् । यस आधारमा वार्षिक कारोबार एक करोड रुपैयाँभन्दा बढी पुग्छ । सबै खर्च कटाउँदा वार्षिक ४० लाख रुपैयाँसम्म बचत हुने गरेको उनको भनाइ छ ।

चार बिघा चार कट्ठा क्षेत्रफलमा फैलिएको फार्ममा पशुपालनसँगै खेतीपाती पनि गरिएको छ । सिजनअनुसार सिलाम, वनसिलाम, तिल, कोदो, घाँस तथा विभिन्न मौसमी तरकारी उत्पादन हुने गरेको छ । खेतीपातीबाट मात्रै वार्षिक करिब चार लाख रुपैयाँ आम्दानी हुने गरेको बस्नेतले बताए । 'पशुपालनसँगै खेती जोड्दा आत्मनिर्भरता बढ्छ,' उनी भन्छन् ।

सरकारी बेवास्ता र सहुलियत कर्जाप्रति गुनासो

बस्नेतले ०७४ सालमा गाईघाट बजारमा रहेको आफ्नो घडेरी बिक्री गरेर र केही बैंक तथा वित्तीय संस्थाबाट ऋण लिएर एक करोड रुपैयाँ लगानीमा व्यवसाय सुरु गरेका थिए । तर, यति सफल व्यवसाय हुँदाहुँदै पनि बस्नेत सरकारी निकायप्रति गुनासो पोख्छन् । 'अहिलेसम्म स्थानीय, प्रदेश र संघीय सरकारबाट कुनै पनि सहयोग पाएको छैन,' उनी भन्छन्, 'सहयोग माग्दा पनि तीनै तहका सरकारले बेवास्ता गरेका छन् ।'

गल्छी महोत्सवमा एक करोडको कारोबार



धादिङ/ गल्छी गाउँपालिका- ८ स्थित छांगेश्वर मन्दिरपरिसरमा आयोजित गल्छी कृषि, सांस्कृतिक तथा व्यापार महोत्सव- २०८२ मा एक करोड रुपैयाँको कारोबार भए । २ पुसदेखि सुरु भएको मेला १५ पुसमा सकिएको छ । छांगेश्वर महादेव छांगादेवी मन्दिरको सहआयोजनामा सञ्चालन गरिएको महोत्सवमा १५ हजार दर्शकले अवलोकन गरेको आयोजक राष्ट्रिय लोकसांस्कृतिक प्रतिष्ठान नेपालका अध्यक्ष नमराज ढुंगानाले जानकारी दिए ।

महोत्सवले स्थानीय कृषि उत्पादन, मौलिक संस्कृति र व्यापारिक गतिविधिको प्रवर्द्धनमा महत्त्वपूर्ण भूमिका खेलेको बताइएको छ । मेलामा स्थानीय किसानद्वारा उत्पादित कृषिउपज, घरेलु तथा हस्तकलाका सामग्री, स्थानीय उत्पादनका स्टलहरू राखिएको थियो । साथै, विभिन्न जातजातिको मौलिक वेशभूषा, लोकनृत्य, लोकगीत तथा सांस्कृतिक प्रस्तुतिले मेलालाई थप आकर्षक बनाएको थियो ।

मेला अवधिभर कृषि प्रवर्द्धन, स्थानीय उत्पादनको बजारीकरण, रोजगारी सिर्जना तथा सांस्कृतिक संरक्षणका विषयमा समेत छलफल र जानकारीमूलक गतिविधि सञ्चालन गरिएको थियो । गल्छी गाउँपालिकाका स्थानीयवासीसहित आसपासका क्षेत्रबाट ठुलो संख्यामा दर्शक तथा आगन्तुकको सहभागिता रहेको आयोजकले जानकारी दिएको छ । छांगेश्वर मन्दिरपरिसरमा आयोजना गरिएको मेलाले धार्मिक, सांस्कृतिक तथा पर्यटकीय महत्त्व बोकेको क्षेत्रको प्रचारप्रसारमा सहयोग पुगेको सहआयोजक छांगेश्वर महादेव मन्दिर समितिका अध्यक्ष खेमप्रसाद अमगाईंले बताए ।

भारदहमा कजारियाको सोरुम सञ्चालनमा



काठमाडौं/ भारतको टायल निर्माता कजारियाको नयाँ सोरुम सप्तरीको भारदहमा सञ्चालनमा आएको छ । त्रिशक्ति ट्रेडर्स एन्ड सप्लायर्सद्वारा सञ्चालित सोरुमले जिल्लामा बढ्दो टायलको उच्च गुणस्तरका टायलको मागलाई पूरा गर्ने लक्ष्य राखेको छ । सोरुम उद्घाटनमा त्रिशक्तिका प्रोप्राइटर सर्वेश नयाक, कजारियाका सेल्स प्रतिनिधि, व्यावसायिक साझेदार तथा स्थानीयको उपस्थिति थियो । यो सोरुम सञ्चालनमा आएसँगै कम्पनीले नेपालमा आफ्नो उपस्थितिलाई थप सुदृढ बनाएको र खुद्रा सञ्जालमा अर्को महत्त्वपूर्ण उपलब्धि रहेको बताएको छ ।

त्रिशक्तिका प्रोप्राइटर नयाकले आफूहरू कजारियासँग साझेदारी गर्न पाउँदा खुसी लागेको बताए । कजारिया ब्रान्डका प्रिमियम टाइल तथा विश्वस्तरीय डिजाइन अब भारदहका ग्राहकले आफ्नै समुदायमा सहज रूपमा पाउने उनको भनाइ थियो । भारदहमा रहेको नयाँ सोरुममा कजारियाका प्रिमियम टाइलहरूको विस्तृत दायरा प्रदर्शित गरिएको छ, जसले ग्राहकलाई सहज पहुँच, सुविधा तथा विभिन्न इन्टेरियर आवश्यकताअनुसार छानिएको उत्पादक प्रदर्शन उपलब्ध गराउँछ ।

पोखरामा एनसेलको भोल्टे परियोजना सञ्चालनमा, ५० लाख ग्राहकलाई सेवा

पोखरा/ दूरसञ्चार सेवाप्रदायक कम्पनी एनसेलले पोखरामा भ्वाइस ओभर लङ टर्म इभोलुसन (भोल्टे) क्षमता अभिवृद्धि गरेको छ । आफ्नो क्षमता अभिवृद्धिसँगै एनसेलले पोखराको डाटा सेन्टरमार्फत अब ५० लाख सक्रिय ग्राहकलाई भोल्टे सेवा प्रदान गर्न सक्ने भएको छ । दूरसञ्चारमा उन्नत प्रविधिको रूपमा रहेको भोल्टेले फोज-जी नेटवर्क प्रयोग गरेर छिटो कल कनेक्टिभिटीको साथ उच्च गुणस्तरको हाई डेफिनेसन (एचडी) भ्वाइस सेवाहरू प्रदान गर्ने एनसेलका प्रमुख कर्पोरेट तथा नियामक अधिकृत डिल्लीराम श्रेष्ठले जानकारी दिए ।

आइतबार सञ्चार तथा सूचना प्रविधिमन्त्री जगदीश खरेलले पोखराको एनसेल डेटा सेन्टरमा एनसेलको भोल्टे क्षमता अभिवृद्धि परियोजनाको उद्घाटन गरेका छन् । कम्पनीका अनुसार यो अत्याधुनिक सर्भरमार्फत भोल्टे र भ्वाइस ओभर वाइफाई (भोवाइफाई) सेवा प्रदान गर्न विस्तार गरिएको आइपी मल्टिमिडिया सबसिस्टम (आइएमएस) प्रणाली हो ।

दूरसञ्चार सेवाका क्षेत्रमा भोल्टे एक नयाँ प्रविधि भएकाले यसले उच्च गुणस्तरको हाई डेफिनिसन (एचडी) र छिटो कनेक्ट हुने भ्वाइस कल सेवा प्रदान गर्ने कम्पनीको भनाइ छ । मन्त्री खरेलले पोखराका विभिन्न कार्यालयको निरीक्षण, अवलोकन तथा भेटघाट गर्ने क्रममा पोखरामा रहेको



एनसेलको डिजास्टर रिकभरी सेन्टरका रूपमा सञ्चालित डेटा सेन्टरको अवलोकनसमेत गरेका छन् । एनसेलका चिफ कर्पोरेट एन्ड रेगुलेटरी अफिसर डिल्लीराम श्रेष्ठ र कर्पोरेट कम्युनिकेसन एन्ड सस्टेनेबिलिटी डाइरेक्टर विशाखालक्ष्मी खड्काले मन्त्री खरेललाई स्वागत गरेका थिए ।

अवलोकनपछि मन्त्री खरेलले 'डिजिटल नेपाल निर्माण गर्ने लक्ष्यलाई एनसेलका यस्ता पूर्वाधारले निरन्तर साथ दिइरहेको बताए । एनसेलका चिफ कर्पोरेट एन्ड रेगुलेटरी अफिसर श्रेष्ठले यो डेटा सेन्टर सन् २०१२ मा स्थापना गरी सञ्चालनमा ल्याइएको बताए र नेपालको दूरसञ्चार र सूचना प्रविधिको क्षेत्रका एक प्रमुख पूर्वाधारको भूमिका निभाउँदै आएको बताए । 'भोल्टेको क्षमता अभिवृद्धिपछि अब कम्पनीले यो आधुनिक सेवा अझ धेरै ग्राहकलाई प्रदान गर्न सक्ने भएको छ,' उनले भने ।

हुन्डाई मोटर कम्पनीले मनायो ५७औँ वार्षिकोत्सव

काठमाडौं/ हुन्डाई मोटर कम्पनीले स्थापनाको ५७ वर्षे यात्रा पूरा गरेको छ । नवीनता, गुणस्तर र गतिशील भविष्य निर्माण गर्दै आएको हुन्डाई सुरुवाती दिनदेखि नै अन्तर्राष्ट्रिय अटोमोबाइल ब्रान्डका रूपमा स्थापित भएको कम्पनीको भनाइ छ ।

कम्पनीका अनुसार हुन्डाईले विश्वभरका ग्राहकको बदलिँदो आवश्यकतालाई ध्यानमा राख्दै उन्नत, भरपर्दो र दिगो मोबिलिटी समाधान रूपमा प्रदान गर्दै आइरहेको छ । स्मार्ट, सुरक्षित तथा जिम्मेवार मोबिलिटी विकासप्रति प्रतिबद्ध रहँदै कम्पनीले विश्वभर अझ उत्कृष्ट मोबिलिटी अनुभव प्रदान गर्ने लक्ष्यसहित भविष्यतर्फ अघि बढ्ने संकल्पसमेत गरेको बताइएको छ । सन् १९६७ मा स्थापना भएको हुन्डाई मोटर



कम्पनी दुई सयभन्दा बढी देशमा सञ्चालनमा छ । यसले विभिन्न प्रकारका सवारीसाधन तथा मोबिलिटी समाधान प्रदान गर्छ । नेपालमा भने हुन्डाईको आधिकारिक वितरक लक्ष्मी इन्टरकन्टिनेन्टल प्रालि हो । सन् २००९ देखि लक्ष्मी इन्टरकन्टिनेन्टलले देशभर हुन्डाई सवारीसाधनको आयात, बिक्री तथा सेवामा महत्त्वपूर्ण भूमिका खेल्दै आएको छ ।

४५ हजार ग्राहकसँगको सम्बन्धलाई अझ सुदृढ बनाउँदै, हुन्डाई नेपालले 'हुन्डाई परिवार' कार्यक्रम सुरु गरेको छ, जसको उद्देश्य ग्राहकको जीवनको अभिन्न हिस्सा बन्नु हो । विभिन्न क्षेत्रका अग्रणी ब्रान्डसँगको सहकार्यमार्फत यस कार्यक्रमले हुन्डाई ग्राहकलाई विशेष लाभ, थप सेवा तथा प्रिमियम अनुभव प्रदान गर्दै आएको छ । हुन्डाईले मे २०२४ मा सवारीसाधन एसेम्ब्ली प्लान्ट स्थापना गरेको छ । यो कदमले स्थानीय उत्पादन, रोजगारी सिर्जना तथा नेपालको अटोमोबाइल इकोसिस्टमको विकासमा महत्त्वपूर्ण योगदान पुऱ्याएको छ ।

माछापुच्छ्रे-स्मार्ट पेबिच सम्झौता

काठमाडौं/ माछापुच्छ्रे बैंक र साइप्रसस्थित स्मार्ट पेबिच रेमिट्यान्स सम्झौता भएको छ । विदेशबाट नेपालमा भित्रिने रेमिट्यान्सलाई अझ सहज, सरल तथा विश्वासिलो बनाउने उद्देश्यका साथ यो सम्झौता गरिएको हो । बैंकले साइप्रस, ग्रिस, पोर्चुगल र सबै युरोपेली देशबाट नेपालीलाई नेपालमा रकम पठाउन सहज बनाउने लक्ष्यसहित सेवा सुरु गरिएको बैंकले जनाएको छ । यससम्बन्धी सम्झौतापत्रमा बैंकका नायब प्रमुख कार्यकारी अधिकृत प्रसिद्धराज अर्याल र स्मार्ट पेका मुख्य सञ्चालन अधिकारी स्टेफनी इसाबेल हेराक्लिओसले हस्ताक्षर गरेका हुन् ।

सर्टिफिकेट हरायो

मिति २०८२/८/१५ गते जडीबुटी बाट काँडाघारीसम्म जाँदा मेरो निम्न व्यहोरा भएको HSEB बाट जारी माईग्रेशन सर्टिफिकेट हराएको हुँदा पाउनुहुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनुहुन अनुरोध गर्दछु ।

Name : Pratiksha Khadka
Reg. No.: 717753341
Symbol No.: 90508920
Mobile No.: 9761527243

DEVANSHI ENTERPRISES
Kathmandu, Nepal
Maximum Retail Price

S.No.	MODEL No.	DESCRIPTION OF GOODS	MRP PER PC
1	KITCHEN HOOD DKG 900HY-917	1200m3/hr-MOTION SENSOR, TOUCH CONTROL, AUTOCLEAN	22,000.00
2	KITCHEN HOOD DKG 900HT52-2, 900HY-925	1200m3/hr-MOTION SENSOR, TOUCH CONTROL, AUTOCLEAN	18,500.00
3	KITCHEN HOOD DKG 900HA01-3	1000m3/hr-BAFFLE FILTER	16,000.00

Note: MRP Rate is including of 13% VAT. Free home delivery service.
Free installation, 2 year free servicing warranty

CHANDRAGIRI HILLS LIMITED
Thankot, Kathmandu, www.chadragirihills.com
Phone no : + 977 4312515

१६औं वार्षिक साधारण सभा सम्बन्धी सूचना

(दोश्रो पटक प्रकाशित मिति २०८२/०९/१६ बुधवार)

आदरणीय शेयरधनी महानुभावहरु,
यस चन्द्रागिरि हिल्स लिमिटेडको मिति २०८२/०८/२९ गते (तदनुसार १५ डिसेम्बर, २०२५) सोमवार दिनको ४.०० बजे बसेको ८५ औं संचालक समितिको बैठकबाट निर्णय भए बमोजिम कम्पनीको १६ औं वार्षिक साधारणसभा २०८२ साल पौष २३ गते बुधवार (तदनुसार ७ जनवरी, २०२६) दिनको ११.०० बजे चन्द्रागिरि हिल्स लिमिटेड, बटम स्टेशन परिसर थानकोट, काठमाण्डौमा हुने व्यहोरा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

साधारण सभामा छलफलका विषयहरु :

क) सामान्य प्रस्ताव

१) संचालक समितिको तर्फबाट अध्यक्षज्यूद्वारा प्रस्तुत आ.व. २०८१/०८२ को वार्षिक प्रतिवेदन पारित गर्ने ।
२) लेखापरीक्षकको प्रतिवेदन सहितको आ.व. २०८१/०८२ को वासलात, आयव्यय हिसाव र सोहि अवधिको नगद प्रवाह विवरण लगायतका वित्तिय विवरणहरु उपर छलफल गरी स्वीकृत गर्ने ।
३) कम्पनी ऐन, २०६३ को दफा १११ बमोजिम आ.व.२०८२/०८३ को बाह्य लेखापरिक्षण कार्यको लागि लेखापरीक्षक नियुक्ती गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।
४) कम्पनीको चुक्ता पूँजीको ५ प्रतिशत बोनस शेयर जारी गर्ने विशेष प्रस्ताव यसै साधारण सभामा पेश गरिएको हुँदा उक्त बोनस शेयरमा लाग्ने कर प्रयोजनार्थ ०.२६३२ प्रतिशत ले हुन आउने रु ४०,३७,०८२ नगद लाभांश वितरण गर्ने ।

ख) विशेष प्रस्ताव

१) संचालक समितिका स्वतन्त्र संचालक सदस्यको नियुक्ति अनुमोदन गर्ने ।
२) संचालक समितिले प्रस्ताव गरे बमोजिम आ.व. २०८१/०८२ को वितरण गर्न योग्य मुनाफाबाट चुक्ता पूँजीको ५ प्रतिशत बोनस शेयर जारी गर्ने प्रस्ताव पारित गर्ने ।
३) कम्पनीको आ.व. २०८१/०८२ को प्रस्तावित बोनस शेयर वितरण गरे पश्चात कायम हुने चुक्ता पूँजीको १ बराबर १ अनुपातमा हकप्रद शेयर जारी गर्ने ।
४) कम्पनीको प्रवन्धपत्रको दफा ६ को कम्पनीको पूँजी संरचना संसोधन गर्ने ।
५) कम्पनीको प्रवन्धपत्र तथा नियमावलीमा आवश्यक संसोधन गर्ने र सो सम्वन्धमा नियमनकारी निकायहरुबाट थप सुझाव वा हेर फेर वा संशोधन गर्न निर्देशन भएमा सोही बमोजिम गर्ने गरी संचालक समितिलाई अख्तियारी प्रदान गर्ने ।
६) संचालक समितिका सदस्यहरुलाई प्रदान गरिने सेवा सुविधा ।
७) प्रभु बैक लिमिटेडबाट नयाँ परियोजना निर्माणका लागि लिएको कर्जा अनुमोदन गर्ने ।

ग) विविध ।

संचालक समितिको आज्ञाले
कम्पनी सचिव

अधिकतम खुद्रा बिक्रि मूल्य (MRP) प्रकाशनको सूचना

यस **Great Wall Electric Vehicle Pvt Ltd** कम्पनीले **China** बाट पैठारी गरेको देहायको मालबस्तुहरुको अधिकतम खुद्रा बिक्रि मूल्य (MRP) निम्न बमोजिम भएको व्यहोरा सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

S.No	Product	Type	Brand	Model	Origin	Unit	Unit Price	Mrp
1	Electric Tricycle with all parts and accessories in CKD condition	Trucycle	N/M	G.W - A4	China	50	135000	135000

GREAT WALL ELECTRIC VEHICLE PVT LTD | Address : Bharatpur-5
Phone : **9801000929**, Vat no. : **606544526**

Dipayal Silgadhi Municipality
Water Sector Governance and Infrastructure Support Project (WaSGISP)
Dipayal Silgadhi Project Implementation Unit (DSPIU)
Dipayal Silgadhi Municipality, Silgadhi, Doti

Invitation for Bids

Date of publication: 2025-12-31 (AD)

Dipayal Silgadhi Project Implementation Unit, Silgadhi, Doti Invites electronic bids to the eligible bidders for the following works under National Competitive Bidding.

IFB No.	Description of Works	Bid Security (Nrs.)	Bid Document Fee (Nrs.)	Last Date/Time of Bid Submission
05/WS/PIU/ DOTI	Construction of Sirkholisain Water Supply Project.	1.12 million	5000.00	2026-02-01 till 12:00 Hrs.

Bid Validity/Bid Security Validity period 90/120 days from the last date of bid submission.
➢ The detail notice can be assessed from www.bolpatra.gov.np/egp.

Project Manager

PRiME COMMERCIAL BANK LTD.
प्राइम कमर्सियल बैंक लिमिटेड

को

शाखा कार्यालय चौराहा धनगढी, कैलालीको तपसिलमा उल्लेखित ऋणीहरुलाई कर्जा चुक्ता गर्न आउने ३५ दिने अत्यन्त जरुरी सूचना

(प्रकाशित मिति २०८२/०९/१६ गते)

तपसिलमा उल्लेखित ऋणीहरुले यस बैंकको शाखा कार्यालय चौराहा धनगढी, कैलालीबाट लिनु भएको कर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, साँवाको किस्ता, ब्याज र हर्जाना ब्याज रकम समेत नतिरी नबुझाई बैंकसँग गरेको कर्जा सम्बन्धी शर्त कबुलियत उल्लंघन गर्नु भएकोले तपसिलका ऋणीहरु र व्यक्तिगत जमानतकर्ताहरु समेतलाई पटक-पटक मौखिक एवम् लिखित तरताकेता गर्दासमेत कर्जाको साँवा तथा सोमा लाग्ने ब्याज र हर्जाना ब्याज रकम बुझाउने तथा कर्जा नवीकरण गर्ने तर्फ कुनै पहल नगरी बेवास्ता गरी बसेको हुनाले तपसिलमा उल्लेखित ऋणीहरु, व्यक्तिगत जमानतकर्ताहरु तथा धितो धनीका नाममा बाँकी रहेको ऋण कर्जा चुक्ता भुक्तानी गर्नु हुन यो ३५ (पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिन भित्र यस बैंकमा सम्पर्क राखि आफूले लिएको कर्जा, कर्जाको बुझाउनु पर्ने सम्पूर्ण साँवा, ब्याज र हर्जाना ब्याज रकम अविलम्ब चुक्ता भुक्तानी गर्नु होला । अन्यथा ऋणी र बैंक बीच भए गरेका शर्त सम्झौता, नेपाल राष्ट्र बैंकबाट बैंकहरुलाई जारी एकीकृत निर्देशन, बैंकको नियम, बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०७३ तथा प्रचलित नियम कानूनले दिएको अधिकार प्रयोग गरी सम्बन्धित सबैलाई कर्जा सूचना केन्द्र लिमिटेडको कालोसूचिमा नाम समावेश गर्न लेखि पठाई ऋणको सुरक्षण स्वरुप बैंकलाई दिएको चल-अचल सम्पति जे जस्तो अवस्थामा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्रबाट लिलाम बिक्री गरी बैंकको सम्पूर्ण लेना रकम असुल उपर गर्ने तर्फ आवश्यक कारवाही गरिने व्यहोरा सूचित गरिन्छ । साथै, धितो सुरक्षणको लिलाम बिक्री हुन नसकी बैंकले धितो सकार गर्नु परेमा वा लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण बक्यौता असुल उपर नभएमा असुल उपर हुन नसकेको रकमको हदसम्म कानून बमोजिम ऋणीहरु र व्यक्तिगत जमानतकर्ताहरुको घरघरानाबाट असुली गर्ने तर्फ कानूनी प्रकृया अगाडि बढाईने व्यहोरा समेत यसै सूचनाद्वारा सूचित गरिन्छ ।

तपसिल

१. ऋणीको विवरण

नेपाल सरकार, वाणिज्य मन्त्रालय, वाणिज्य विभागमा प्राइमेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम मिति: २०७४/०९/०५ मा दर्ता नं. ३४८/२०७४/०७५ कायम भई दर्ता भएको कञ्चनपुर जिल्ला, पुनर्वास न.पा. वडा नं. ४, स्थित चूरिता कस्मेटिक प्रोप्राराइटर: चूरिता मगर

२. ऋणीको विवरण

राम नाथ धिमिरेको नाति, श्री प्रसाद धिमिरेको छोरा, कञ्चनपुर जिल्ला, त्रिभुवनवस्ती गा.वि.स./न.पा. वडा नं. ५ स्थित स्थायी ठेगाना भएको कृष्ण प्रसाद धिमिरे (ना.प्र.प.नं. ३०४/०४४, कञ्चनपुर)

व्यक्तिगत जमानतकर्ताहरुको विवरण

१. श्री प्रसाद धिमिरेको बुहारी, कृष्ण प्रसाद धिमिरेको पत्नी, कञ्चनपुर जिल्ला, त्रिभुवनवस्ती गा.वि.स./न.पा. वडा नं. ४ स्थित स्थायी ठेगाना भएको चुरिता मगर (ना.प्र.प.नं. २०२०/१४५१, कञ्चनपुर)
२. राम नाथ धिमिरेको नाति, श्री प्रशाद धिमिरेको छोरा, कञ्चनपुर जिल्ला, त्रिभुवनवस्ती गा.वि.स./न.पा. वडा नं. ५ स्थित स्थायी ठेगाना भएको कृष्ण प्रसाद धिमिरे (ना.प्र.प.नं. ३०४/०४४, कञ्चनपुर)
३. वाल कृष्ण धिमिरेको नाति, राम नाथ धिमिरेको छोरा, कञ्चनपुर जिल्ला, श्रिपुर गा.वि.स. वडा नं. ७ स्थित स्थायी ठेगाना भएको श्री प्रशाद धिमिरे (ना.प्र.प.नं. ८६२१०२८६, कञ्चनपुर)
४. राम नाथ धिमिरेको बुहारी, श्री प्रशाद धिमिरेको पत्नी, कञ्चनपुर जिल्ला, त्रिभुवनवस्ती गा.वि.स./न.पा. वडा नं. ५ स्थित स्थायी ठेगाना भएको शान्तु देवी धिमिरे (ना.प्र.प.नं. ८६२१२७०२७, कञ्चनपुर)

नोट: माथि उल्लेखित दुबै ऋणीहरुको लागि व्यक्तिगत जमानतकर्ताहरुको विवरण एकै भएको ।

३. ऋणीको विवरण

जय बहादुर रोकायाको बुहारी, ठेक बहादुर रोकायाको पत्नी, कञ्चनपुर जिल्ला, त्रिभुवनवस्ती गा.वि.स/उ.म.न.पा.वडा नं. ७ स्थित स्थायी ठेगाना भएको रिचा रोकाया (ना.प्र.प.नं. १६१२२७, कञ्चनपुर)

४. ऋणीको विवरण

नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग कार्यालयमा प्राइमेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम मिति: २०६५/०२/०५ मा दर्ता नं.१/५७/०६४/६५ कायम भई दर्ता भएको कञ्चनपुर जिल्ला, पुनर्वास न.पा. वडा नं. ५, स्थित न्यू निशा स:मिल तथा फर्निचर उद्योग प्रोप्राइटर: रिचा रोकाया

व्यक्तिगत जमानतकर्ताहरुको विवरण

१. जय बहादुर रोकायाको बुहारी, ठेक बहादुर रोकायाको पत्नी, कञ्चनपुर जिल्ला, त्रिभुवनवस्ती गा.वि.स/उ.म.न.पा.वडा नं. ७ स्थित स्थायी ठेगाना भएको रिचा रोकाया (ना.प्र.प.नं. १६१२२७, कञ्चनपुर)
२. कल्वा रोकायाको नाति, जय बहादुर रोकायाको छोरा, कञ्चनपुर जिल्ला, त्रिभुवनवस्ती गा.वि.स/उ.म.न.पा.वडा नं. ७ स्थित स्थायी ठेगाना भएको ठेक वहादुर रोकाया (ना.प्र.प.नं.: २१६/०४४, कञ्चनपुर)
३. कल्वा रोकायाको बुहारी, जय बहादुर रोकायाको पत्नी, कञ्चनपुर जिल्ला, त्रिभुवनवस्ती गा.वि.स/उ.म.न.पा. वडा नं. ७ स्थित स्थायी ठेगाना भएको रत्ना क्षेत्री (रोकाया) (ना.प्र.प.नं. ६२७४४६००, कञ्चनपुर)

नोट: माथि उल्लेखित ऋणी नं. ३ र ४ को लागि व्यक्तिगत जमानतकर्ताहरुको विवरण एकै भएको ।

का.नि.इ.नं.१२८/०६३/६४, म.क्षे.हु.नि.इ.न. १७/०६९/०७७
बुधबार १६ पुस ०८२
www.nayapatrikadaily.com
नयाँ पत्रिका

क्रिकेटका पूर्वकप्तान मल्ल रास्वपाको समानुपातिक उम्मेदवार



सन् २०२३ मा राष्ट्रिय क्रिकेट टोलीबाट सन्न्यास लिएका ज्ञानेन्द्र मल्ल रास्वपाले बुझ्काएको समानुपातिक सूचीअन्तर्गत आदिवासी जनजाति क्लस्टरको पाँचौं नम्बरमा छन्

श्रीलोचन राजोपाध्याय/नयाँ पत्रिका

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले निर्वाचन आयोगमा बुझाएको एक सय १० जना समानुपातिक उम्मेदवारको सूचीमा नेपाली राष्ट्रिय पुरुष क्रिकेट टोलीका पूर्वकप्तान ज्ञानेन्द्र मल्ललाई पनि समेटेको छ। मल्ल आदिवासी जनजाति क्लस्टरको पाँचौं नम्बरमा छन्। मल्लभन्दा अगाडि डा. राम लामा, खुस्वुसरकार श्रेष्ठ मिड्मा ग्याबु शेर्पा र डा. मनोहर प्रधान रहेका छन्।

रास्वपाले नेपाल सुपर लिगको फ्रेन्चाइज टोली एसपी चितवनका अध्यक्ष तथा आइएमई ग्रुपका सचिन ढकाल पनि समानुपातिक सूचीमा समावेश गरेको छ। रास्वपाले खेलकुदको पृष्ठभूमिबाट दुई व्यक्तित्वलाई चयन गरेको हो। नेपालको क्रिकेट मल्ल अनुभवी क्रिकेटरमा पर्छन्। पहिलोपटक टी-२० आई विश्वकप खेल्दा र सन् २०१७ मा नेपाललेे एकदिवसीय राष्ट्रको मान्यता उनले प्रमुख भूमिका निर्वाह गरेका थिए। उमेर समूहदेखि सिनियर टोलीसम्म अनवरत रूपमा स्थान बनाएका मल्लले डेढ वर्षअघि सन्न्यासको घोषणा गरेका थिए।

मल्लले सन् २००६ मा उमेरसमूहबाट क्रिकेट सुरु गरेका थिए। यसैगरी, नेपालको आइसिसी डिभिजन पाँचदेखि एकदिवसीय यात्रासम्म उनी सारथिका रूपमा रहे। मल्लले सन् २०२३ मा टोलीबाट सन्न्यास लिएका थिए। उनले निरन्तर रूपमा नेपाली टोलीबाट १७ वर्ष खेलेका थिए। उनले ३७ एकदिवसीयमा ८ सय ७६ रन तथा ४५ टी-२० आईमा ८ सय ८३ रन बनाएका छन्। उनले टी-२०आईमा एक शतक तथा दुई अर्धशतकीय इनिङ्स खेलेका थिए।

एकदिवसीयमा भने उनले सात अर्धशतक लगाए। अन्तर्राष्ट्रिय खेलबाट सन्न्यास घोषणा गरेपछि उनले नेपाली राष्ट्रिय पुरुष 'ए' टोलीका मुख्य प्रशिक्षकका रूपमा काम गरेका थिए। एसिसी र आईसिसीले प्रदान गर्ने प्रशिक्षण कोर्स गरेका मल्ल अहिले राष्ट्रिय क्रिकेट टोलीका सहायक प्रशिक्षकका रूपमा कार्यरत छन्। यसैगरी, उनी गत मंसिरमा सकिएको दोस्रो नेपाल प्रिमियर लिग (एनपिएल)मा कर्णाली याक्सका मुख्य प्रशिक्षक तथा निर्देशकका भूमिका देखिएका थिए। कर्णालीले लगातार दोस्रो संस्करण उनकै प्रशिक्षणमा एनपिएलमा प्रतिस्पर्धा गरेको थियो। पहिलो संस्करणमा तेस्रो स्थान रक्षा गरेको कर्णालीले यसपटक गतिलो प्रदर्शन गर्न सकेन। दोस्रो संस्करणमा कर्णाली चार अंकका साथ छैटौं भएको थियो।

यसैगरी, ढकाल भने खसआर्य पुरूष क्लस्टरको दोस्रो नम्बरमा छन्। उनी नेपाल उद्योग वाणिज्य महासंघ र आइएमई ग्रुपका अध्यक्ष चन्द्र ढकालका छोरा हुन्। उनी खेलकुद, पर्यटन तथा हस्पिटालिटी व्यवसाय तथा युवाका क्षेत्रमा कार्यरत छन्। पछिल्लो समय हस्पिटालिटीका क्षेत्रमा समेत उनी सक्रिय छन्। उनी काठमाडौं महानगरपालिकाका मेयर बालेन शाहको तर्फबाट रास्वपाको समानुपातिक उम्मेदवारको सूचीमा परेका हुन्।

क्यान अध्यक्ष चन्द बैतडीबाट प्रत्यक्षमा सिफारिस



कांग्रेस बैतडीले नेपाल क्रिकेट संघ (क्यान)का अध्यक्ष चतुरबहादुर चन्दलाई सिफारिस गरेको छ। सुरुमा एकल सिफारिस गरिए पनि विवाद भएपछि अन्य दुईजनाको नाम पनि सिफारिस गरेर केन्द्र पठाइएको थियो। प्रतिनिधिसभा उम्मेदवारका लागि सहमति नभएपछि ७३ मतदाताले मतदान प्रक्रियाबाट उम्मेदवार चयन गरेका थिए। गोप्य मतदानमा क्यान अध्यक्षसमेत रहेका कांग्रेस जिल्ला सभापति चन्दले शतप्रतिशत भोट प्राप्त गरे। पार्टी केन्द्रको परिपत्रअनुसार सहमति नभएपछि मतदान प्रक्रियामार्फत उम्मेदवार चयन गरिएको हो। जिल्ला कार्यसमिति, महाधिवेशन प्रतिनिधि तथा प्रदेश प्रतिनिधिको संयुक्त बैठकले मतदान प्रक्रियाबाट उम्मेदवार सिफारिस गरेको हो। चन्दले अध्यक्षका रूपमा लगातार दोस्रोपटक क्यान हाँकिरहेका छन्। उनकै कार्यकालमा नेपाल प्रिमियर लिगको दुई संस्करण सफलतापूर्वक सम्पन्न भएको छ।

खेलकुद महासंघबाट चारजना प्रत्यक्ष निर्वाचनमा सिफारिस



● **दीपक कोइराला**
इन्चार्ज



● **शिव कोइराला**
अध्यक्ष



● **किरण राई**
उपाध्यक्ष



● **अन्जन धमला**
महासचिव

आगामी २१ फागुनमा हुने निर्वाचनमा प्रत्यक्ष रूपमा खेलकर्मी संलग्न हुने भएका छन्। रास्वपाले खेल क्षेत्रका संलग्न अनुभवी व्यक्तित्वलाई समानुपातिक सूचीमा समावेशको पृष्ठभूमिमा अखिल नेपाल खेलकुद महासंघले पनि चारजना पदाधिकारीलाई आसन्न प्रतिनिधिसभा निर्वाचनका लागि प्रत्यक्षतर्फ सिफारिस गरेको छ। महासंघले महासंघका इन्चार्ज दीपक कोइराला, अध्यक्ष शिव कोइराला, उपाध्यक्ष किरण राई र महासचिव अञ्जन धमलालाई प्रतिनिधिसभा निर्वाचनका लागि प्रत्यक्षतर्फ सिफारिस गरेको जनाएको छ।

महासंघले चारैजनाको निर्वाचन क्षेत्र सिफारिससमेत गरेको छ। इन्चार्ज कोइरालालाई कास्की १, अध्यक्ष कोइरालालाई काठमाडौं ७, उपाध्यक्ष राईलाई उदयपुर १ र महासचिव धमलालाई गोरखा १ निर्वाचन क्षेत्रका लागि सिफारिस गरिएको महासंघले जारी गरेको विज्ञप्तिमा उल्लेख छ। इन्चार्ज कोइरालाले कुनै समयमा नेपाल क्रिकेट संघ (क्यान)को कार्यवाहक अध्यक्षका रूपमा काम गरेका थिए। ०७१ सालमा क्यानका अध्यक्ष टंक आङबुहाङ भ्रष्टाचारमा मुछिएपछि कोइरालाले क्यानको कार्यवाहक अध्यक्षका रूपमा काम गरेका थिए। महासंघबाट सिफारिस भएका शिव राष्ट्रिय खेलकुद परिषद्का पूर्वउपाध्यक्ष हुन्। ०७७ मा राष्ट्रिय खेलकुद परिषद्को उपाध्यक्षका रूपमा उनी प्रवेश गरेका थिए। तत्कालीन सरकारले उनलाई उपाध्यक्ष र सदस्यसचिवमा रमेश सिलवाललाई नियुक्त गरेको थियो। शिवसँग नेपाल तेक्वान्दो युनियनको अध्यक्ष र नेपाल खेलकुद महासंघको सहसंयोजकका रूपमा काम गरेको अनुभव छ। सन् २०१९ मा नेपालमै भएको १३औं दक्षिण एसियाली खेलकुद प्रतियोगितामा उनले प्रचार-प्रसारको प्रमुख जिम्मेवारी पाएका थिए। महासंघबाट सिफारिस भएका अर्का व्यक्ति राई भने अखिल नेपाल फुटबल संघ (एन्फा)का महासचिव हुन्। एन्फामा आफ्नै कार्यशैलीका कारण उनी पटक-पटक विवाद परेका छन्। पछिल्लो समयमा राई र वरिष्ठ उपाध्यक्ष वीरबहादुर खड्काबिच आन्तरिक कलह देखिन्छ। गोर्खाका धमला राष्ट्रिय खेलकुद परिषद्का निवर्तमान बोर्ड सदस्य हुन्।

राखेपको बोर्ड सदस्यको कार्यकाल केही महिनाअघि मात्र समाप्त भएको थियो। यद्यपि, उनी अहिले इस्पोर्टस् संघ नेपालका अध्यक्षका रूपमा सक्रिय छन्। राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेलाडी हुँदै धमला आइटिएफका प्रशिक्षक हुन्। अन्तर्राष्ट्रिय तेक्वान्दो महासंघबाट उनी आउटस्टयान्डिङ अवार्डबाट सम्मानित भइसकेका छन्। आइटिएफको २७औं कंग्रेसमा उनले यो अवार्ड पाएका थिए।

■ एनभिए भलिबल च्याम्पियनसिप

पुलिस र एपिएफ सेमिफाइनलमा



तस्बिर : **अमुल थापा**/नयाँ पत्रिका

नयाँ पत्रिका

नेपाल पुलिस क्लबको नवौं एनभिए भलिबल च्याम्पियनसिपको महिलातर्फ सेमिफाइनल पुगेको छ। राष्ट्रिय खेलकुद परिषद् (राखेप)को कभर्ड हलमा मंगलबार पुलिसले विभागीय टोली एपिएफलाई ३-२ को रोमाञ्चक पाँच सेटमा हराउँदै अन्तिम चारको स्थान पक्का गरेको हो। पुलिसले समूह 'बी' मा लगातार दोस्रो जित दर्ता गरेको हो। एक खेल गुमाए पनि एपिएफ दुई जितका साथ अन्तिम चारमा पुगेको छ। समूह 'बी'मा एक खेल कम खेलेको पुलिसले पाँच अंक बटुलेको छ। एपिएफले सात अंक जोडेको छ। यस समूहबाट सुदूरपश्चिम र मधेश प्रदेश अंकविहीन छन्। चालू एनभिएकै सर्वाधिक रोमाञ्चक खेलमा पुलिसले २५-२१, २५-१५, २२-२५, २१-२५ र १५-९ ले बाजी मार्दै एपिएफमाथि जित निकालेको हो। पुलिसले पहिलो दुई सेटमा उत्कृष्ट प्रदर्शन गरी एपिएफमाथि दबाब राखेको थियो। एपिएफले पनि उत्कृष्ट पुनरागमन गर्दै तेस्रो र चौथो सेट जित्दै खेल २-२ को बराबरीमा गऱ्यो। पाँचौं तथा निर्णायक सेटमा एपिएफको प्रदर्शन कमजोर भयो। डिफेन्समा कमजोर भएको कारण पुलिसले त्यसको फाइदा लिँदै निर्णायक सेट १५-९ ले जित्यो। महिलातर्फ न्यु डाइमन्ड महिला भलिबल टोलीले लगातार तीन खेल जितेर सेमिफाइनल स्थान पक्का गरेको छ। समूह 'ए'अन्तर्गत एभरेस्ट भलिबल क्लबलाई ३-० ले पराजित गर्दै न्यु डाइमन्डले समूह विजेता बनेको हो। न्यु डाइमन्डले एभरेस्टलाई २५-२१, २५-१५ र २५-१४ ले पाखा लगायो। यसअघि न्यु डाइमन्डले चुली युवा क्लब र त्रिभुवन आर्मी क्लबलाई पनि ३-० को सोझो सेटमा पराजित गरेको थियो।

> महिलातर्फको विभागीय 'डर्बी' खेलमा नेपाल पुलिसले एपिएफलाई ३-२ को रोमाञ्चक सेटमा हराउँदै अन्तिम चारको स्थान पक्का गरेको हो

खिलजी र एपिएफ क्वार्टरफाइनलमा

प्रतियोगिताको पुरुषतर्फ खिलजी युवा क्लब पहिलो जित दर्ता गरेको छ। खिलजीले ढोरपाटन स्पोर्टस् क्लबलाई २५-१५,२५-१९,२५-२३ ले हराएर समूह 'बी'मा पहिलो जित निकालेको हो। दुई जित निकालेको नेपाल पुलिस क्लब यसअघि नै समूह विजेताका रूपमा नकआउट चरणमा पुगेको छ। अब खिलजीले त्रिभुवन आर्मी क्लबसँग क्वार्टरफाइनलमा खेल्नेछ।

त्यसअघि एपिएफ क्लबले अन्तिम आठको स्थान पक्का गरेको थियो। एपिएफले मणिमकुन्द भलिबल क्लबलाई ३-० को सोझो सेटमा हरायो। समूह 'ए'को अन्तिम खेलमा एपिएफले मणिमकुन्दविरुद्ध २५-१०,२५-१६ र २९-२७ ले विजयी भयो। दुई खेल जितेको हेल्प नेपाल स्पोर्टस् क्लब यसअघि नै क्वार्टरफाइनलमा पुगिसकेको छ। एपिएफले सेमिफाइनल प्रवेशमा समूह 'सी'को विजेता रुकुम पश्चिम भलिबल क्लबको सामना गर्नेछ।

■ सूर्य नेपाल सेन्ट्रल ओपन

शीर्ष स्थान बलियो बनाउँदै एमेच्योर गल्फर राहुल

नयाँ पत्रिका



साबिक विजेता राहुल विश्वकर्माले प्रोफेसनल गल्फर भुवन रोक्काविरुद्ध सात स्ट्रोकको अग्रता बनाए

सावित्र विजेता राहुल विश्वकर्माले मंगलबार सूर्य नेपाल गल्फ टुर २०२५-२६ अन्तर्गत सूर्य नेपाल सेन्ट्रल ओपनको दोस्रो दिन शीर्ष स्थान बलियो बनाएका छन्। उनले दोस्रो स्थानमा रहेका प्रोफेसनल खेलाडी भुवनकुमार रोक्काविरुद्ध सात स्ट्रोकको अग्रता लिएका छन्। गोकर्ण गल्फ क्लबमा राहुलले ५ अन्डर ६७ को स्कोर बनाए। समग्रमा उनले ११ अन्डर १ सय ३३ को स्कोर गरेका छन्। भुवन समग्रमा ४ अन्डर १ सय ४० को नतिजामा दोस्रो स्थानमा उक्लिए। उनले दोस्रो दिन पाँच अन्डर ६७ स्कोर गरेका थिए। इभन पार ७२ स्कोरका साथ जयराम श्रेष्ठ तेस्रो स्थानमा झरेका छन्।

उपाधि रक्षा गर्ने अभियानमा रहेका राहुलले फ्रन्ट नाइनमा ३ अन्डर ३३ खेलेका थिए। उनले दोस्रो, तेस्रो, पाँचौं, सातौं र नवौं होलमा बर्डी प्रहार गरे। उनले चौथो र छैटौं होलमा बोगी खेपे। यसपछि १०औं, ११औं, १३औं र १४औं होलमा राहुलले एक सट बचाए। तर १५औं र १६औं होलमा लगातार दुई बोगी सामना गर्दा उनी ब्याक नाइन २ अन्डर ३४ स्कोरमा रोकिए। राहुललाई पछ्याइरहेका भुवनले फ्रन्ट नाइन २ अन्डर ३४ खेलेका थिए।

उनले पहिलो, तेस्रो, पाँचौं र आठौं होलमा चार बर्डी प्रहार गरेका थिए। छैटौं र सातौं होलमा समान एक-एक सट खेर फालेका भुवनले त्यसपछि बोगीरहित ब्याक नाइन खेलेका थिए। उनले १२औं, १६औं र १८औं होलमा बर्डी प्रहार गर्दै ब्याक नाइन ३ अन्डर ३३ स्कोरमा खेल सकाए।

लगातार तीन बर्डी

प्रोफेसनल गल्फर जयरामले फ्रन्ट नाइन १ अन्डर ३५ र ब्याक नाइन १ ओभर ३७ स्कोर गरेका थिए। तेस्रोदेखि पाँचौं होलमा लगातार तीन बर्डी प्रहार गरेका उनले आठौं होलमा डबल बोगी खेपे। त्यसपछि उनले १०औं, १७औं र १८औं होलमा बर्डी प्रहार गरेका थिए। जयरामले ११औं र १६औं होलमा बोगी र १५औं होलमा डबल बोगीको समाना गरे। समग्रमा १ ओभर १ सय ४५ स्कोर बनाएका भुवन नगरकोटी चौथो स्थानमा उक्लिएका थिए। उनले दोस्रो दिनको खेल इभन पार ७२ मा सकाएका छन्।

■ एक गोल र दुई असिस्ट



नेपाली फुटबल टोलीकी स्ट्राइकर सावित्रा भण्डारीले मंगलबार अस्ट्रेलियन 'ए' लिगमा वेलिङटन फिनिक्सका लागि वेस्टर्न सिड्नी वान्डरर्स एक गोल र दुई असिस्ट गरेकी छिन्। उनकै उत्कृष्ट प्रदर्शनमा वेलिङटन प्रतिस्पर्धामा ३-० ले विजयी भयो। सावित्राले ४८औं मिनेटमा एक गोल गरेकी थिइन्। उनले सातौं र ५२औं मिनेटमा भएको गोलका लागि पास उपलब्ध गराइन्। 'ए' लिगमा अहिलेसम्म सावित्राले समग्रमा तीन गोल गरिसकेकी छिन्। नेपालको फुटबल इतिहासमा अस्ट्रेलियाको शीर्ष डिभिजन लिग खेल्ने उनी पहिलो खेलाडी हुन्।

खेल संक्षेप

एनपिएल ट्रफी टुर सिद्धार्थ रंगशालामा



भैरहवा/ दोस्रो नेपाल प्रिमियर लिग (एनपिएल)को विजेता लुम्बिनी लायन्सको ट्रफी टुर मंगलबार भैरहवा पुगेको छ। रुपन्देही क्रिकेट संघको आयोजनामा भैरहवास्थित सिद्धार्थ रंगशालामा लुम्बिनी लायन्सको ट्रफीलाई सेलिब्रेसन गरिएको रुपन्देही क्रिकेट संघका अध्यक्ष हरिबहादुर थापाले बताए। बुद्ध जन्मस्थल लुम्बिनीबाट सुरु भएको ट्रफी टुर भैरहवास्थित सिद्धार्थ रंगशालामा सेलिब्रेसन गरिएको थियो। लुम्बिनी प्रदेशका १२ जिल्लामा ट्रफी टुरअन्तर्गत भैरहवा पुगेको हो। लुम्बिनी प्रदेशका खेलकुदमन्त्री सन्तोषकुमार पाण्डेयले विजेता खेलाडीहरूको स्वागत गरेका थिए। लुम्बिनीले यसपटक ट्रफी जितेकामा प्रदेशवासी हर्षित भएको मन्त्री सन्तोषकुमारले बताए। उपाधि विजेता लुम्बिनी लायन्सलाई मन्त्रालयले ११ लाख ११ हजार रुपैयाँ दिने घोषणा गरिसकेको छ।

भलिबलको उपाधि पाँचखपनले जित्यो

संखुवासभा/ अन्तरपालिकास्तरीय भलिबल प्रतियोगिताको उपाधि पाँचखपन नगरपालिकाले जितेको छ। प्रतियोगिताको मंगलबार भएको फाइनलमा संखुवासभाको पाँचखपन नगरपालिकाले भोजपुरको नगरपालिकालाई २५-२२, २५-१७ र २५-२० को सेटमा हराउँदै उपाधि हात पारेको हो। प्रतियोगितामा खाँदबारी नगरपालिका र आयोजक सेकाहा क्लबले सेमिफाइलिस्ट भएका छन्। विजेताले एक लाख र उपविजेताले ५० हजार रुपैयाँ पाएका छन्। सेमिफाइनलिस्ट टोलीले जनही २० हजार रुपैयाँ हात पारे।

ललितपुर लायन्स पहिलो

काठमाडौं/ प्रिमियर इन्टरनेसनल स्कुलमा आयोजनामा भएको तेस्रो नेपाल टोस्टमास्टर्स फुटसल प्रतियोगिताको उपाधि ललितपुर लायन्सले जितेको छ। प्रतियोगिताको फाइनलमा ललितपुरले ८८४९ एफससीलाई हराएको हो। डिस्ट्रिक्ट ४१ को डिभिजन 'ए'द्वारा आयोजना गरिएको फुटबलमा १२ टोलीबाट १ सय २० भन्दा बढी खेलाडी सहभागी भएका थिए। उपविजेताका अभिनव श्रेष्ठ सर्वोत्कृष्ट खेलाडी भए। बिभिएस नाइट्सकी सोनी चौरसियाले उत्कृष्ट महिला खेलाडीको उपाधि जितेकी थिइन्।

महिला एकलमा शिवाली च्याम्पियन

कास्की/ शिवाली गुरुङले २२औं माछापुच्छ्रे पोखरा ओपन टेनिस प्रतियोगिताको महिला एकल उपाधि जितेकी छिन्। प्रतियोगिताको मंगलबार भएको फाइनलमा नेपालकी शीर्ष वरीयता खेलाडी सुनिरा थापालाई ६-३ र ६-२ को सेटमा हराउँदै शिवालीले उपाधि जितेकी हुन्। उनले ८० हजार र उपविजेता सुनिराले ४० हजार रुपैयाँ पाए। पुरुष एकलको उपाधिका लागि आयुष्मानहुजुर घले र भारतबाट आएका नेपाली खेलाडी करनबहादुर थापाबिच हुनेछ। पुरुष एकलको सेमिफाइनलमा आयुष्मानले नेपालका एक नम्बर खेलाडी प्रदीप खड्कालाई २-१ को सेटमा पाखा लगाउँदै अन्तिम दुईमा स्थान बनाएका हुन्। अर्को सेमिफाइनलमा खेलमा करणले राजवीर प्रधानमाथि ६-३ ६-२ को सोझो सेटमा निराश बनाए। ५५ वर्षमाथि पुरुष एकलतर्फको उपाधि चन्द्र शाहीले जिते। उनले फाइनलमा जीवन घिमिरेलाई ६-० र ६-४ को सेटमा पराजित गरेका थिए। ४५ वर्षमाथि पुरुष एकलको फाइनलमा कमल भण्डारीले देव क्षेत्रीलाई हराए। ३५ वर्षमाथि पुरुष एकल उपाधिका लागि पूर्वनेपाल एक खेलाडी जितेन्द्र परियार र सन्तोष खत्रीबिच हुने आयोजकले जनाएको छ।

स्पोर्टस् अवार्डलाई म्याजेस्टिक लेक फ्रन्टको साथ

नयाँ पत्रिका

नेपाल खेलकुद पत्रकार मञ्चको आयोजनामा २३ पुसमा हुने २२औं एनएसजेएफ पल्सर स्पोर्टस् अवार्डमा पोखराको म्याजेस्टिक लेक फ्रन्ट अफिसियल होटेल रहने भएको छ। काठमाडौंबाहिर पहिलोपटक गर्न लागिएको अवार्डमा उपस्थिति हुने खेलाडी, खेलकुद पदाधिकारी र अरू अतिथिको आवासको प्रबन्ध गर्न म्याजेस्टिक लेक फ्रन्ट होटेल एन्ड सुइट्सले गर्नेछ। आयोजक खेलकुद पत्रकार मञ्चले होटेलसँग मंगलबार सम्झौता गरेको छ। मञ्चका अध्यक्ष निरञ्जन अधिकारी र फ्रन्टका अध्यक्ष सुनीलबहादुर भट्टराईले सम्झौतापत्रमा हस्ताक्षर गरेका छन्।

अवार्डको मुख्य सचिवालय सोही होटेलमा रहनेछ। अवार्डमा पोखराबाहिरबाट उपस्थित हुने पाहुनाको आवासीय प्रबन्ध सोही होटेलमा गरिने सम्झौतापत्रमा उल्लेख छ। फ्रन्टका अध्यक्ष भट्टराईले नेपाली खेलकुदकै प्रतिष्ठित अवार्ड कार्यक्रमसँग सहकार्य गर्न पाउँदा खुसी व्यक्त गरे। 'राजधानीबाहिर पहिलोपटक हुने अवार्डमा आफ्नो होटेल जोडिन पाउनु गर्वको विषय हो,' उनले भने।

खेलाडीले अघिल्लो वर्षभरि गरेको प्रदर्शनका आधारमा अवार्ड प्रदान गरिँदै आएको छ। यस वर्ष पनि २०८१ भरि उत्कृष्ट प्रदर्शन गर्ने खेलाडी र उनीहरूलाई सफलतासम्म डोऱ्याउने प्रशिक्षकको सफलताका आधारमा अवार्ड प्रदान गरिनेछ। अवार्डको मुख्य प्रायोजकमा गोल्छा ग्रुपले निरन्तरता दिएको छ। अवार्ड विगतमा जस्तै १० विधामा प्रदान गरिनेछ। त्यसमा वर्ष खेलाडी पुरुष, वर्ष खेलाडी महिला, युवा वर्ष खेलाडी, वर्ष प्रशिक्षक, पिपल्स च्वाइस अवार्ड, पारा एथलिट सम्मान, स्पेसल अवार्ड, लाइफटाइम अचिभमेन्ट अवार्ड, टिम अफ दी इयर र एसियन स्पोर्टस् जर्नालिस्ट अवार्ड रहेका छन्।

माग बढ्दा विश्वकपको टिकट महँगियो

एजेन्सी

सन् २०२६ मा अमेरिका, मेक्सिको र क्यानडाले संयुक्त रूपमा फिफा विश्वकप फुटबल प्रतियोगिता आयोजना गर्दै छ। तीन राष्ट्रले पहिलोपटक संयुक्त रूपमा आयोजना गर्ने विश्वकपका टिकट माग बढेपछि मूल्य बढाइएको फिफाका अध्यक्ष गिआनी इन्फान्टिनोले बताएका छन्। दुबईमा फिफाकै एक कार्यक्रममा सहभागी हुँदै अध्यक्ष इन्फान्टिनोले तुलनात्मक रूपमा टिकट बढ्दा त्यसको असर समर्थकलाई पर्ने बताए। 'टिकटको माग हामी थेग्नै नसक्ने गरी बढेको छ। प्राविधिक रूपमा हामीले टिकट मूल्य बढाएका हौं,' उनले भने, 'यसको असर आमसमर्थकमाथि पर्न गएको छ।'

चार वर्षअघि कतारले आयोजना गरेको विश्वकपको तुलनामा आगामी वर्ष हुने प्रतियोगिताको टिकट अन्तर तीन गुणा फरक रहेको छ। सन् १९९४ पछि विश्वकप आयोजना गर्न अवसर पाएको अमेरिकाले आम्दानी बढाउन नै टिकट मूल्य बढाएको आरोप छ। फुटबल समर्थकहरूको एक संस्था (एफएसए)ले अमेरिकाले मात्र नभएर क्यानडा र मेक्सिकोमा हुने फुटबल खेलको टिकट पनि बढेको जनाएका छन्।



जर्सीमा हुने फाइनलको सामान्य प्यारापिट टिकट तीन हजार एक सय १९ पाउन्ड राखिएको छ। जुन सन् २०२२ मा कतार संस्करणको भन्दा तीन गुणा बढी हो।

फाइनल हेर्न तीन हजार पाउन्ड पर्ने

अमेरिकाको न्यु जर्सीमा विश्वकप फाइनल हुनेछ। फाइनल हेर्नका निम्ति कम्तीमा तीन हजार एक सय १९ पाउन्ड खर्चनुपर्छ। चार वर्षअघि भएको विश्वकप फुटबल फाइनलको सामान्य प्यारापिटका टिकट एक हजार अमेरिकी डलरभन्दा माथि थियो। योपटक तीन गुणा बढी मूल्य राखेर प्रारम्भिक टिकट बिक्री भएको एफएसएले जनाएको छ। तर, फिफा अध्यक्ष इन्फान्टिनोले आवश्यकताअनुसार मूल्य बढ्न गएको दाबी गरे। 'कतिपय अवस्थामा मूल्य बढ्ने र घट्ने हुन्छ। फाइनल टिकट किन्न अहिलेदेखि नै चाप बढी रहेको छ। यसकारण पनि हामी यसको मूल्य बढाउन बाध्य भयौं,' उनले भने, 'अहिले नै ६ देखि ७ मिलियन टिकट बिक्रीमा छ।' फिफा अध्यक्ष इन्फान्टिनोका अनुसार पछिल्लो १५ दिनभित्र विश्वकप हेर्न १५० मिलियन टिकट माग छ। 'यो दुई सातामा हामीले नसोचेको टिकट माग बढेको पाएका छौं,' उनले भने, '१० लाख टिकट अनलाइनबाट किन्न पहिलो दिनमै आवेदन परेको थियो।'

सबैभन्दा सस्तो टिकट ४५ पाउन्ड

सन् २०२६ को विश्वकपका लागि आयोजकले सबैभन्दा सस्तो टिकट मूल्य ४५ पाउन्ड राखिएको छ। अमेरिका, क्यानडा र मेक्सिकोले समग्रमा १०४ खेल आयोजना गर्नेछन्। यी तीनवटै देशले सबैभन्दा सस्तो टिकट मूल्य निर्धारण गरेका हुन्। तर, यो टिकट पाउन निकै मुस्किल पर्छ।

फिफा अध्यक्ष इन्फान्टिनोले इतिहासमै पहिलोपटक विश्वकप हेर्नेको संख्या बढ्न सक्ने बताए। 'यसपटक दर्शकको उपस्थितिले रेकर्ड बनाउनेछ, हामीलाई अनलाइनमा आजसम्म नसोचेको संख्याले टिकट पाउन आवेदन दिएका छन्,' इन्फान्टिनोले भने, 'अहिलेसम्म फिफाले ४४ मिलियन टिकट बिक्री गरेको छ।'